दायित्व

(साहित्यिक मासिक)

वर्ष १४ | पौष २०५७ | पूर्णाङ्क-३९

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन. ४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन. ४८६४२७

सम्पादन सल्लाहकार
ठाकुरप्रसाद शर्मा
फोन. ४८३४२६

प्रतिनिधि
केशवराज पन्त
ऋषिराम डाँगी

सहयोग मण्डली
विष्णु ज्ञवाली
कमल ज्ञवाली
यादव भट्टराई
मुकुन्द शर्मा

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान

आवरण: सोम सानु

कार्यालय
घ २-३०२ चावहिल-७ काठमाडौं
फोन नं. ४७४९८३
पो.ब.नं ६७६६, काठमाडौं

सहयोग
संस्थागत: रु. ५०/-
व्यक्तिगत: रु. १५/-

विशेष सल्लाहकार
डा. तुलसी भट्टराई

विषय-क्रम

अन्तर्वार्ता:

अलिपिबद्ध अभिव्यक्ति भाषा हो भने लिपिबद्ध अभिव्यक्ति साहित्य हो — १ — वसन्तकुमार शर्म्मा नेपाल

लेख/निबन्ध

नब्बेसालको भुईंचालो र म — ९ — फणिन्द्रराज खेताला

कथा/लघुकथा

नियति — २८ — उत्तमकृष्ण मजगैयाँ

आमा जेलमा के हुन्छ ! — ४६ — खिमानन्द आचार्य

उ रित्तै फर्क्यो तीन खुट्टा टेकेर — ६० — कृष्णबहादुर कुंवर

कालेकी आमा — ६४ — छितिज पाण्डे

समीक्षा/समालोचना

'दोषी चस्मा' कथाको विवेचना — १५ — महादेव अवस्थी

'अन्यथा' कथासङ्ग्रहमाथि सूक्ष्म दृष्टि — ४० — डा. दामोदर ढकाल

तीन कृतिमाथि अवलोकन — ४९ — भागवत ढकाल

विभिन्न तीन कृतिमाथि विचरण गर्दा — ५५ — रामप्रसाद पन्त

यात्रा-संस्मरण

राराको किनार पुग्ने हतार — २४ — कृष्णप्रसाद वस्याल

मेरो तेस्रो युद्ध अधुरो रह्यो — ३३ — रामप्रसाद पन्त

आँखाभरिको धुलिखेल — ४३ — शारदा अधिकारी (ढकाल)

लोक-संस्कृति

कुथुर्कोको अचार — ८ — हरिकला पन्त

हास्यव्यङ्ग्य/विविध

लाटोकेसेरो पुराण — ५२ — नारायण 'गोदारे'

साहित्यकार उज्ज्वल जी.सी.सँग एकछिन — ५४ — अरुणबाबु खत्री 'नदी'

कविता/गीत/गजल/मुक्तक

अर्जुन विरक्ति-१३/रामहरि ढुङ्गाना-१४ वालकृष्ण भट्टराई-२३/कोमलदत्त तिवारी- २३/ शङ्करराज नहर्की 'विवश'-४२/रुद्र शर्मा 'दु:खी'-४५/नरेन्द घिमिरे-४७/ हरिहरप्रदीप घिमिरे-४८/कैलाशसिंह ठकुरी 'आँसु'-५१/ सृजना शर्मा-५१/ मित्रप्रसाद गौतम-५१/महादेव पन्थ-५९/रासा-५९/ऋषिराम डाँगी-५९/ माया 'मितु' न्यौपाने-५९/कार्तिकेय घिमिरे-६३/काशीराम 'विरस'-६३/ श्री बाबु 'उदास'-६३/चहल सयपत्री-६३/यदुपन्थ-६५

कम्प्युटर:पि. एण्ड बी. कम्प्युटर, चावहील ४८६४३३ (घर)

मुद्रक: अल प्रिन्टिङ्ग प्रेश, लगनखेल चोक - ५२६५१३/५४०५१३

सम्पादकीय

- साहित्य, संस्कृति र कलालाई संरक्षण गर्ने जिम्मा सबै सचेत नेपाली नागरिकको हो – यसो भन्दा स्व. विजय मल्ललाई हामी किन सम्झन्छौ भनें उहाँले दायित्व जस्तो साहित्यिक पत्रिकालाई स्थायित्व वा जीवन्तता दिनको लागि के गर्नुपर्ला भन्ने जिज्ञासा राख्दा उहाँले बडो सहज ढङ्गबाट भन्नु भएको थियो – 'दायित्व' अर्थात् साहित्यको संरक्षण गर्ने सबैको दायित्व हो, खाली दायित्व परिवाको मात्र होइन ।

- यद्यपि साहित्यको संरक्षण एवं प्रवर्द्धन गर्ने काममा सरकारीस्तरबाट पनि सचेतता देखाउनु पर्ने हो, राष्ट्रियस्तरबाट नै साहित्यले संरक्षण पायो भने समाजमा त्यसले निश्चित गति लिन सक्छ, क्रमबद्ध ढङ्गले साहित्यको विकास अगाडि बढ्न सक्छ, तापनि साहित्यिक विषयवस्तुसँग कसैको आत्मीय भावनाले काम गर्न सकेन भने जतिसुकै आरक्षण पाएपनि सही गतिलिन सक्तैन । अर्थात् साहित्यको मानवीय भावना र संवेदनाले काम गरेको हुन्छ ।

- दायित्वले कहिल्यै पनि सरकारी संरक्षणको आश पनि गरेन, गर्ला भन्ने विश्वासमा पनि छैन, किनभने दायित्व परिवारमा प्रारम्भिक सञ्चालक परिवारले त्यो आशा लिएर पत्रिकाको शुरुआत गरेको होइन, नितान्त सेवा भावनाले उत्प्रेरित भएर थालनी गरेको हो । केही सदस्यको फेरबदल हुनुलाई सामुहिक भावनाको संयोजन भन्न मिल्दैन ।

- दायित्व पत्रिकाको थालनीमा सेवाको अतिरिक्त केही नाम कमाउने रहर पनि नभएको पक्कै होइन तर आज यहाँसम्म आइपुग्दा, अब हामीलाई नामको रहर होइन पत्रिका बचाउने पीरले पिरोल्दै लगेको छ, अर्थात् दायित्व माथिको पूर्ण दायित्वबोधले 'दायित्व' एउटा अम्मलमा परिणत भइसकेको छ ।

- साहित्यिक पत्रिका चलाएर जीवन निर्वाह गर्ने वा साहित्य लेखेर परिवार पाल्ने संस्कारको विकास त अझै नेपालमा हुन सकेको छैन । यस्ता केही एकाध अपवाद नहोला भन्न सकिंदैन तथापि समग्रमा भन्नुपर्दा साहित्यिक पत्रिकाको प्रकाशन सेवा भावनाकै उपज हो र साहित्य लेखन केही नाम र केही आत्मसन्तुष्टिको परिणति हो ।

- साहित्यिक पत्रकार यसका मैनबत्ती हुन्– उनीहरूले आफू बलेर अरूलाई प्रकाश दिन्छन् । यस्तो जलाई कति दिनसम्मको लागि त ? परिवारका आवश्यकता र चाहना पनि त हेर्नुपर्‍यो, उनीहरूको इच्छा विपरीत साहित्यिक नशामा डुबेर सांसारिक जीवनलाई अस्तव्यस्त बनाउनु पनि त किमार्थ उचित नहोला । यी सबै समस्यालाई देखेर बुझेर मीठामीठा आश्वासन दिनेहरूले पनि कमसेकम यतिसम्म विवेक प्रयोग गर्नुपर्ने हो, जे जति सुविधा अन्य समाचार मूलक पत्रिकालाई दिइन्छ त्यसको केही अंश त साहित्यमा लगाइयोस् ।

- साहित्यिक पत्रिकाका यस्ता कठिनाइहरू हुँदाहुँदै पनि शारदादेखि नै साहित्यिक पत्रिकाहरूले भोग्दै आएका पीडाहरूलाई अवगत गर्दागर्दै पनि नयाँनयाँ साहित्यिक पत्रिकाले जन्म लिंदैछन् । यसले के स्पष्ट गर्दछ भने - नेपाली साहित्यमाथि कुनै संयन्त्रले असहयोगको भावना राख्दैमा वा साहित्यलाई अनुत्पादक भन्ने कुनै अत्याधुनिक शुष्क समाजले वहिस्कृत गर्दैमा साहित्यको विकासमा ह्रास आउँदैन ।

- अन्त्यमा: श्री ५ महाराजाधिराज सरकारको ५६ औं शुभजन्मोत्सवको यस पुनीत घडिमा दायित्व परिवार मौसुफका गाथमा सुस्वास्थ र समृद्धिको कामना गर्दछ ।

अन्तर्वार्ता:

अलिपिबद्ध अभिव्यक्ति भाषा हो भने – लिपिबद्ध अभिव्यक्ति साहित्य हो

❑ वसन्तकुमार शर्म्मा नेपाल

नेपाली साहित्य र संस्कृत साहित्यका मर्मज्ञ तथा शिक्षा र समाजसेवाको रूपमा पनि लामो समयदेखि योगदान पुऱ्याउँदै आउनुभएका तर आफ्नो विद्वत्तालाई प्रोपोगाण्डा गर्न नचाहने स्वाभिमानी संस्कार भएका वसन्तकुमार शर्म्मा नेपाललाई नेपाली साहित्यिक पत्रिकाका पानाहरूमा कमै पढ्न पाइन्छ । जसले पैत्रिक सम्पत्तिको आड नलिएर आफ्नै पौरख र वर्कतको आधारमा बाँच्ने प्रयास गर्छ, जसले कसैको लोभ लालच वा इसाराको पछि लागेर आफ्नो स्वाभिमानमाथि प्रश्नचिन्ह लगाउने ठाउँ दिदैन, जसले नाम र दाममाथि विश्वास नगरेर कर्ममा विश्वास गर्छ र जसले निजी स्वार्थलाई त्यागेर वृहत् नेपाल र नेपालीको स्वार्थमा समय खर्च गर्दछ त्यस्ता व्यक्तिहरू नेपालका विभूति हुन् र ती विभूतिहरूको पहिचान हुन समय लाग्दछ ।

यी क्रियाकलापका अतिरिक्त २०२७ सालपछि सङ्कलन गर्न सुरुगरी हाल प्रकाशनको तयारीमा रहेको करिव १ लाख २८ हजार शब्द भएको नेपाली शब्दसागर हेरेपछि सायद नेपाली समाजले बुझ्ला कि ! यस्ता तपस्वी र हिम्मती व्यक्तिहरू पनि छन् नेपालमा ? के एकजनाको मेहनत र एउटा लेखकको बजेटले यति ठूलो काम सम्भव हुनसक्छ ?

धर्ममा भन्दा कर्ममा वढी विश्वास गर्ने ७४ वर्षीय श्री शर्म्मालाई हामीले कुनै मन्दिर वा भजन-कीर्तन मण्डलीमा भेट्न सक्दैनौं, न त सक्छौं घरको पूजाकोठामा । उहाँलाई कि त अध्ययन र लेखनकक्षमा नै भेट्छौं कि त चावहिलको चियापसलमा साहित्यिक मित्रमण्डलीसँग छलफल गरिरहेको भेट्टाउँछौं ।

जीवनमा सयौं संस्थासँग सम्बद्ध हुनुभएका श्री शर्म्मा नेपाली भाषा प्रकाशिनी समिति र भाषानुवाद परिषद्मा रही वृहत् नेपाली कोशको सम्पादन पनि गर्नुभयो भने ने.रा.प्र.प्र. गद्य साहित्य विभाग तथा विदेशी साहित्यकार सम्पर्क समितिका सचिव र चित्रकला विभागका सहायक सचिव भएर पनि काम गर्नुभयो । यसैगरी रत्नराज्य लक्ष्मी क्याम्पसका संस्थापक सचिव र प्राध्यापक, पशुपति क्याम्पस चावहिल र नुवाकोट आदर्श क्याम्पसका संस्थापक, सदस्य सचिव र क्याम्पस प्रमुख, कन्या क्याम्पस डिल्लीबजारका संस्थापक प्राध्यापक, पद्मोदय मा.वि.का संस्थापक सदस्य, नन्दीरात्री मा.वि.का शिक्षक र अमर आदर्श विद्यालयका संस्थापक शिक्षक भई काम गर्नुभएको थियो ।

शिक्षामा– साहित्य-धर्मशास्त्र-शास्त्री, राजशास्त्राचार्य, साहित्यभूषण, एम.ए.वि.एड. र होमियो डाक्टरको उपाधि समेत हासिल गर्नुभएका श्री शर्म्मा अंग्रेजी, हिन्दी, बंगाली, मैथिली, उर्दू आदि भाषाका विज्ञ पनि हुनुहुन्छ । उहाँले थुप्रै विदेशी भाषाका साहित्यहरूको अनुवाद गर्नुभएको छ भने नेपाली र संस्कृतलगायत विभिन्न भाषाका डेढदर्जन जति कृति प्रकाशित गर्नुभएको छ । संस्कृत साहित्यका मात्र १०४ वटा कृतिहरूको (नेपाली अनुवाद) प्रकाशन कहिले हुने हो र हामीले हेर्ने सौभाग्य कहिले पाउने हो प्रतीक्षा गर्नुपर्ने भएको छ ।

अन्तर्राष्ट्रिय वृद्ध वर्ष १९९९ को सन्दर्भमा ७० वर्ष माथिका विशिष्ट साहित्यकारहरूलाई सम्मान गर्ने क्रममा 'दायित्व परिवार'बाट सम्मानित हुनुभएका श्री शर्म्मा गुणराज पुरस्कार २०५६, पशुपति मित्र मा.वि. चावहिलबाट र नुवाकोट बहुमुखी क्याम्पस नुवाकोट लगायत विभिन्न संघ-संस्थाहरूबाट सम्मानित एवम् अभिनन्दित हुनुभएको छ ।

प्रस्तुत छ– 'दायित्व परिवार'का सदस्यहरू रामप्रसाद फन्त र ठाकुर शर्माद्वारा राखिएका जिज्ञासाहरूमाथि श्री वसन्तकुमार शर्म्मा नेपालको अभिव्यक्ति:–

☞ वर्तमान नेपाली साहित्यको विकासमा यहाँको ठूलो योगदान रहेको देखिन्छ, यसरी साहित्यमा लाग्ने प्रेरणास्रोत केही थियो कि ?

☞ प्रिय सम्पादकद्वय ! भाषा साहित्यको उत्थानको सन्दर्भमा त पछि विवेचना हुन्छ नै । प्रेरणाको प्रश्नमा 'दायित्व'ले विशिष्ट साहित्यकार अङ्कमा मेरो अक्षरारम्भको चर्चा गरिसकेकै छ ।

प्रिय सम्पादकद्वय ! प्रेरणाको स्रोत कोटयाउँदा म केही अगाडि जानुपर्ने देख्दछु । मेरी हजूरआमा सातवटी देव्रानी जेठानीमा पढ्ने लेख्ने र परी आए चिठीपत्र पनि गर्नुहुन्थ्यो र नेपाली भाषाका भानुभक्तीय रामायणका श्लोक नुखाग्रै भनिदिनुहुन्थ्यो, प्रसङ्गमा महाभारतको उदाहरण पनि सुन्न पाइन्थ्यो । म प्राय: वहाँले सरसरती पढेझैं पढ्न चाहन्थें, भाइ-बहिनीहरूलाई पढाउन कोही न कोही पण्डित (गुरू) राखिन्थे । सन्यासीलाई दान दिइएको नपढ्न परे - उपद्रव गर्ने उफ्रन पाए खुसी र सन्यासी गुरूमहाराज त्वानोज्यूको निर्देशन अनुसार पालिएको नासो अर्थात् साँढे-मान्छे थिएँ । हजूर आमा र आमाको वचन पूरा गरी छाड्ने वानी थियो । हरेक दिन रामायण सुनाउँदै एकेक शब्द पढ्न लगाउने हजूर आमाको बानी थियो । मैले धूलौटाको धूलो छोए-पुछेकै होइन, सिलोट-पिन्सिन-खरी वा हाल्डर-कलम (पढ्न लेख्न भनेर होइन, भाँच्न भनेर) भाइबहिनीहरूको लिएँ हुँला र बिगारी नै दिएँ होला, तापनि अरूका लेखा न बदमाशी मात्र गर्ने हुँ, सबथोक जान्दछु भन्ने देखाउन चाहँदा रहेछु क्या रे ! खास त हजूर आमाले आफूले पढेझैं श्लोकबद्ध र लयमय रामायण लयमय पार्न लगाइसक्नु भएको रहेछ । त्यसबेला बिहेमा प्राय: जन्तीपट्टि र वेहुलीपट्टिबाट श्लोक भन्ने (प्रतिस्पर्धा गराउने) चलन रहेछ ।

वूढानीलकण्ठमा हजूरआमाको आमाजूकहाँ वहाँका भानिज नातिनी (मेरी भान्जी दिदी)को बिहामा मलाई पनि लानु भएथ्यो । एक दुई महीना अघिदेखि वहाँले मलाई चुट्किला, व्यङ्ग्य र घोचपेज एवम् गालीगलोजका पचास साठी श्लोक पनि घोकाउनु भएको थियो । त्यस बाहेक आफूले हराउनै मन गरे पढिदिन भनी संस्कृतका यमक-अलङ्कारका बाह्र-पन्ध्र श्लोक पनि कण्ठस्थ गराउन लगाउनु भएथ्यो । त्यस दिन दिउँसैदेखि आइमाईहरू खासखुस त गर्दै थिए, मलाई उभ्याएर गाउँलेहरूले जन्ती श्लोकेलाई हराउने तर्जुमा रहेछ । राततिर जन्ती आयो, विधिविधानपछि खानपान गरिसकेर जन्तीपट्टिबाट श्लोक भन्न थालियो । मलाई हजूरआमाले फुर्क्याउँदै भन्नुभो – हेर नाति, यो जुँगे काँठेहरूले छन्द न बन्धका श्लोक सुनाउँदै हामी दुलहीपट्टिकालाई मूर्ख बनाउन थाले, तँलाई आठै काण्ड रामायण आउँछ, महाभारत-कृष्णचरित्र र थुप्रै श्लोकहरू अनि गालीसाली पनि आउँछ, हामीतिर पनि वहाँ भण्डारी बाबु श्लोक भन्नुहुन्छ, वहाँ अब सुरु गर्न जाने रे, एक छिनपछि वहाँलाई सगाउन तँ पनि केही सुनाइदे ! ती काँठेहरू वहाँलाई हेलाँ गर्न लागेछन् भने उनीहरूले अडाएका अक्षर वा शब्दबाट आफूले एउटा भनिदिने अनि त्यसैबाट उनीहरू थाल्छन् । थाल्न सकेन भने त्यसले हार्छ, मलाई थाहा छ, तँ हार्दैनस्, कसो हो त आँट गर्छस् बाबु ? हाम्रो मात्र होइन, भानिजबाहरूको इज्जत राख्ने कुरा हो !'

अब म किन पछि हट्थें, हजूर आमाको पुट पाएको राइबाधा 'हुन्छ' भनि दिएँ । मलाई के थियो र त, के इज्जत – के बेइज्जत ? म रोकिएँ भने झ्यालभित्रबाट वहाँले खुसुक्क सम्झाइदिने भएपछि छाती फर्काएर कसिएँ । त्यसरात रमाइलै भो, मैले नामी श्लोकेलाई स्याँ स्याँ पारेंछु र म जगरसेठ कविवर मानिइहालें । त्यसपछि मात्र वहाँले 'आफैं पढ्न जान्नुपर्छ' भन्दै अक्षरारम्भ वा लेखनारम्भ गराउन थाल्नुभो । त्यस बिहेबाट फर्केपछि आमाले सिलोट-पिन्सिल-ठूलो वर्णमाला-बाँसको कलम-काँचो कागतका ढेब

- दुर्गाकवच र वीरसिक्काका अनि मधुमालतीकथाका थुप्रै लगाइदिएर भन्नुभो 'मेरो छोराले यी सबै कागतमा सफा कुरा लेखेर पढेर जुन सिध्याउँछ, त्यस दिन सबैलाई जम्मा पारेर म भोज खुवाउँछु बजै ?' । अब मलाई कर परिगो, अब आयो इज्जतको प्रश्न ! आमाले बिहेमा छोराको चमत्कार देख्न नपाएकोले ती सामग्रीहरूमा लेखेको हेर्ने भन्नु भएपछि मातृभक्त छोरो के पछि पर्थ्यो र त ? अघिपछिको भाँडा, बिथालाहा, उपन्नाहा त लगातार तीन महीनासम्म लगातार लेख्न पढ्न र समस्या लिएर हजूरआमाकहाँ कराउन पुग्नु बाहेक अरू थोक छैन । भोज पनि खुवाउनै पर्ने पाऱ्यो आमालाई ।

त्यसपछि पढ्ने-लेख्ने नै - नयाँ नयाँ किताबहरू खोजेर पढ्नु नै त्यस नड्दाहा केटाको नित्यकर्म हुन गो । अब भाषा वा साहित्यको उत्थान के हो त्यसबेला पनि म बताउन जान्दिन थें, भनूँ भने एक रूपियाँको दुई पाटामा कुनको उत्थान र कुन चाहिंका पतन ? साम्प्रतीक विशृङ्खलित अस्तव्यस्तताले ग्रस्त यस थरी पिंढीले पाउने जस्तो त होइन त्यसथरीको प्रेरणा भने मलाई तिनै अपढा अधबैंसा र युवतीहरूबाट पढ्ने लेख्ने साधन एवम् स्रोत र उत्साहना पाएँ कि भन्ने अचेल सोच्दछु म । किनभने त्यो युग 'प्रेरणा' जति जान्दथ्यो आज्ञा, निर्देशन र वचनप्रति श्रद्धानत रहने र कर्तव्यतिर लाग्ने धारणाको थियो भन्ने म सोच्छु । खास कुरा त 'मैले गर्नुपर्छ' भन्ने भावोदय भएको नै म अनुभव गर्दिनँ तत्काल, बरु 'आमा कि हजूर आमालाई प्रसन्न पार्नु' कर्तव्य मान्दथें ।

☞ यहाँको नेपाली साहित्यमा कुन विधाबाट प्रवेश भयो ? संस्मरण भए प्रथम रचना कुन थियो, बताइदिनुहुन्छ कि ?

☞ यहाँको यस प्रश्नलाई म के भन्दछु भने 'प्रवेश गर्नुपर्छ वा प्रवेश गर्छु' नै भन्ने धारणा त बसेको अनुभवै छैन । ठुलदिदी (जेठी फुपू)ले आमालाई पढ्न भनी कवि मोतीराम भट्टको 'प्रियदर्शिका', कवि लक्ष्मीप्रसादको 'मुनामदन', पं. दुर्गाप्रसाद शर्माको 'प्रलापमाला', पं. रामचन्द्र अधिकारीको 'प्रसिद्ध आठ महापुरुष', कवि भवदेव पन्तको 'वनबाला' नेपाली कविहरूको शृङ्गाररसीय कविता सङ्ग्रह 'सुक्तिसिन्धु' र अरू सबै त स्मृतिमा आएनन्, दश स्थान किताब ल्याइदिनु भएको रहेछ, ती पनि मेरै खजाना बक्सामा हजूरआमाले जिम्मा दिनुभो । त्यसरी अनजान बालकको टाउकोमा नाग्लो बनेर वा भोजनसामग्री बनेर आइपुगे । पढ्नु, सुनाउनु, सार्नु देखाउनु मात्र कर्तव्यले अवकाश नपाउने एकप्रकारले डिंगो अथवा लिंडो बनिसकेपछि तोकिएका काम नपायो कि मनपर्दी कोरकार गर्दा छन्द न छाँटका कविता, संवाद, विवाद, कथाका हाँसो लाग्दा विषय र अनुहार देखापर्न थाले । यस्तै क्रममा प्रगति वा प्रगति भई यदाकदा भारती, प्रतिभा, नेपालशिक्षा, जागृति आदिले कथा, कविता, निबन्ध वा प्रबन्ध, समीक्षा प्रकाशित गरिदिए आमा र हजूरआमाको 'सेन्सरबोर्ड'ले पास गरे अनुसार अनि क्रमिक पढाइ-परीक्षा-दौडधूप सबथोक वहाँहरूकै सियो र मियोमा लागेको हो, नमानी भएन ।

२००८ मा भक्तबहादुर प्रकाशकले 'युगको वारिस' १३ एकाङ्की सङ्ग्रह र २००९ मा 'दुई मित्रको राजनैतिक सम्वाद' पुस्तकाकार रूपमा भारतमै बिक्री वितरण गराएर प्रायः सकिदिए । उनले रेशमको एकजोर कुर्ता सुरुवाल, एकजोर कमिच सुरुवाल र एक एक सय रूपियाँसँग दुईदुई थान किताब दिएका थिए । ती दुई पुस्तक पनि २००५ को संस्थापित 'विश्वबन्धु पुस्तकालय' (हाल कान्ति क्लब) र राष्ट्रिय पुस्तकालय नक्सालमा समर्पित भए । २०१० मा 'विधवा विवाह' प्रकाशित भो । कुन विधाबाट 'साहित्यमा प्रवेश' भनूँ र मित्रवर ?

☞ 'साहित्यका विभिन्न विधामध्ये यहाँलाई सबभन्दा बढी मनपर्ने विधा हुन हो, कारण सहित प्रष्ट पारिदिनु हुन्छ कि ?

☞ आफ्नो दृष्टिकोण अनुसार न हो ? मान्नुहवस् ! एउटा

नदीलाई लिएर हेरौं: उद्गमस्थल राष्ट्र र जनता हो, त्यसको जलस्रोत भाव हो, स्फुराइ (स्फुरण) भाषा हो, तरङ्ग वा चञ्चलता अभिव्यञ्जना वा अभिव्यक्ति हो, माला वा वीची विधा-उपविधाहरू हुन् । सूत्ररूप अभिव्यक्ति 'मनुष्यको 'साहित्य भाव- साहित्य' हो । अलिपिबद्ध अभिव्यक्ति भाषा हो भने लिपिबद्ध अभिव्यक्ति साहित्य हो । सब भाषाकै अङ्ग उपाङ्ग हुन् भने गद्य र पक्ष प्रमुख अङ्ग भए । कविता, काव्य, खण्डकाव्य चम्पू, महाकाव्य भनिदै एउटा भङ्गालो र संवाद, विवाद नाटक, पत्र, कथा, उपन्यास महाकाव्य जस्ता साधन लिएर अर्को भङ्गालो लस्कियो, आखिर कर्णाली नै हो त त्यसलाई घाघरा भन्नोस् वा सरयू भन्नोस्, तपाई स्वतन्त्र हुनुहुन्छ । अब रह्यो 'कुन सबभन्दा रुचिकर ?' भन्ने प्रश्नको उत्तर, त्यो त प्रयोग र उपयोगको विषय भएन र ? - यस बाहेक प्राय: सबै विधालाई उपयोग गरेको छु, प्रयोग पनि । अनि अरुचिकर कुन हो त, यही प्रश्न आएर उभिन्छ ।

☞ 'वर्तमान साहित्यलाई कुन अवस्थामा रहेको ठान्नुहुन्छ र यसलाई विश्वसाहित्यसँग तुलना गर्न सकिन्छ कि सकिँदैन ?

☜ यस प्रश्नमा विवेचना वा मन्थन गर्ने मेरो अधिकारै छैन भैं लाग्दैछ । किनभने विश्वकै जननी भाषा संस्कृतका प्राकृत र देवभाषा वैदिक रहेछ त तपाई पनि आज पनि स्वीकार्दै हुनुहुन्छ भने फेरि पच्कार्दै भैं किन कुचाघाई गर्नु र ? आदि संस्कृत कै देश-काल परिस्थितिका क्रमले पूर्वीय र पश्चिमेली प्रमुख शाखामा सिङ्गो विश्वका बहुरूपा भाषाको उत्पत्ति-विकास उपयोग र प्रयोग पनि प्रचार तथा प्रसार हुँदै बढ्दा आ-आफ्ना गति अनुरूप आजको विश्वमा ग्रीक, ल्याटिन खुट्किलाबाट फड्कँदै बाँडिएर आधुनिक यूरोपभित्रै अनगिन्ती भाषा उपभाषा भाषिकाहरू प्रचलनमा छन् । अमेरीकी दक्षिण-उत्तरकै भाषा-भाषिकाको समस्या उनीहरूमै विकटान्न बनिरहेछ । एसियाको भूमिपति रूसकै प्रति राज्यका अलग भाषाका रूपले प्रतियुग समस्या उम्रँदै छन् । अफ्रिकाका भाषाको विकरालताले उसैलाई खरिखँगार पार्दैछ । यसरी ववर्ण विश्वको साहित्यहरूमा 'यही विश्वसाहित्य हो' भनी कोही तोकेरै दिनसक्छ भाषागत साम्राज्यवादी आँखाले हेरेर भने अनि हामी पनि चर्चा विचर्चा गर्न थालौं त कसो होला, सम्पादकज्यू ? नत्र भने एउटा तोक्न मिल्ने विश्व साहित्य कुन छ त भनी प्रतिप्रश्नबाट मै पनि, अरू पनि ज्ञान गर्न उत्सुक बनौं न ?

☞ पूर्वीय काव्य सिद्धान्त र पाश्चात्य काव्य सिद्धान्तलाई हेर्दा यहाँले अहिलेको साहित्यलाई अलमलिने अवस्थामा त देख्नुभएको छैन, यहाँको विचार ?

☜ अघिल्ला कवि र काव्यको त कुरै छोडिदिऔं यहाँ । पछिल्ला भास-कालीदास, भट्टी-दण्डी आदिलाई पनि छुनु व्यर्थ छ । रोमर, इलीयट, शेली, कीट्स, वर्नाडशा आदि, विद्यापति, रवीन्द्रनाथ ठाकुर; भानुभक्त, मोतीराम, शम्भुप्रसाद, लक्ष्मीप्रसाद आदि जुनसुकै पूर्वीय वा पश्चिमी रचनाकारलाई काव्यसिद्धान्तले कतै अलमलिएका त हामी स्वीकार्न सक्तैनौं । कुनै रचना पनि रचनाकारको स्वतन्त्र वस्तु' भन्ने सिद्धान्त त तपाई पनि मान्नुहुन्छ । नवीनभन्दा नवीन, नूतन भन्दा अति नूतन रीतिको रचना जब प्रकाशमा आउँछ, एउटा नयाँ सिद्धान्त प्रतिपादित हुन्छ । तब मात्र त्यो अनुकरण गर्नेहरू त्यसै नीतितिर पाइला सार्छन्, त्यस्तो अनुकरण अपराध होइन, अरूलाई 'त्यस्तै हुनुपर्छ' भनी थोपर्न खोज्नु दोष पनि हो, खोट पनि हो । खास त 'सिद्धान्त' भनिने कुरो 'नीतिगत बुँदालाई शृङ्खलाबद्ध तुल्याई कानुन' भन्न बल गरिएको विषय हो । उपादेय वा अनुपादेय बुझेर उपयोग गर्नोस् वा अनुपयोग ठानी छुट्याइदिनोस् ! अनि यसरी अलमलिनै पर्दैन । कुनै पनि चीजको वस्तुतथ्य, उद्देश्यगत दृष्टिकोण, सामाजिक-सांस्कृतिक आधार बिन्दु नबुझीकन अनुकरण गर्न कुद्नाले र विषयतत्त्व आत्मसात् गर्न नसकी हो होमा लाग्ने नै अलमलिन्छन् । वर्तमानलाई

'अहिले' भन्न खोजिएको हो भने मैले बुझेसम्म सच्चा पत्रिकाहरू आज्जुमै पुगिरहेका देखिन्छन् । 'रचना' भनिने चीज त सर्वथा स्वतन्त्र अभिव्यञ्जनाको प्रतीक हो, अलमल होइन; तपः साधनाको प्रतिबिम्ब हो, गडबड होइन । म यस्तै ठान्दछु ।

☞ 'नेपाली शब्दसागर' प्रकाशित गर्दै हुनुहुन्छ भन्ने सुनिन्छ । त्यसको स्वरूप र औचित्य बारे केही बताइदिनुहुन्छ कि ?

☞ ठीक प्रश्न गर्नु भो तपाईंले अब । पूर्ववर्णित चर्चा वा उत्तर नियम (कानुन) मा बाँधिनुपर्छ भन्ने तपाईंको प्रश्नको अन्तर्गूढ विषय थियो र स्वतन्त्रताको अभिव्यक्ति टक्चाएँ, रचनाकार स्वतन्त्र अभिव्यक्तिको प्रतीक हो भन्ने मानें । यस प्रश्नले 'नियम पनि नियमित हुनुपर्छ' भन्ने दुहाई दिन्छ । भाषा साहित्य आदिको प्रसार तथा विकास भएपछि बोल्न, लेख्न, रच्न स्वतन्त्रताको उपयोग भइदिन्छ र निरर्थक, अनर्थक, अत्यर्थक, विपरीतार्थक, भ्रामक, द्विविधार्थक शब्दहरूको मारामारी प्रयोग र अर्थ न वर्थका नक्कलले उतारिएका तत्त्वहरू अर्का अर्थमा वर्तमानमा प्रचार प्रसार का क्षेत्रमा मञ्चनायकहरूले प्रयोग गर्न थालिएका नितान्त बुद्धिमत्ताका नमूनाका अत्यधिक, आधिकारिक, दुरावस्था, इमान्दारिता, नामाकरण, जस्ता कतिपय प्रयोग गर्दै आफूलाई जान्ने बुझ्ने भनाउन इच्छुकहरूबाट भाषा साहित्यमा विशृङ्खलता उब्बन्छ, हुँदै जाँदा त्यसैलाई 'चल्ती वा प्रचलित' भन्ने दुङ्गी हाकिन्छ । त्यस्तो नहवस् । र शुद्ध उपज प्रयोग गर्ने सुबुद्धिको जाया हवस्, अन्धो अनुकरण नहवस्; भनेरै व्याकरण (विधान) र कोश (शब्दको समुचित व्याख्या) को आवश्यकता हुन्छ, जसले भ्रष्टतालाई नियन्त्रण गराउँछ, चोखो शिल्पविधान (कारीगरी) को ज्ञान दिलाउँछ, होइन त ? यही भाषागत भ्रष्टाचरण, अशृंखलित शब्दविन्यास सुधन्छ भन्ने मूलभूत उद्देश्य राखेर कोश सम्पादन गरिन्छ वा कोश पढिन्छ, यसको औचित्य अनन्त फलदायक हो ।

म चाहिं पनि एक प्रकारले कोश-सम्पादक भइखान थालेकाले यस बारे बढी व्याख्या गरिरहन चाहन्नँ पनि । अब नेपाली शब्दसागर अनावृत हुन वा लोकार्पण हुनै आँटेको छ, सके 'दायित्व' को यही ३९ अङ्कसँगै हस्तगत भइसक्ला । यसमा नेपाली भाषा प्रकाशिनी समितिको सर्वमान्य नियमहरू नै अवलम्बित छन् ।

आजसम्म प्रकाशित शब्दकोशमा श्री बालचन्द्रको 'नेपाली शब्दकोश' मा भन्दा ५७,२५० र ने.रा.प्र.प्र.को प्रकाशनमा ४८ शब्द कम छन् । 'नेपाली शब्दसागर' सवालाखभन्दा बढी शब्दको परिचयका साथ १,१०,००० बढी प्रविष्टि लिएर पूर्ण पारिएको छ । कोश भनिने शब्दले ठीक र सर्वमान्य अर्थ, उचित प्रविष्ट, यथार्थ उपपत्ति, समुचित व्याख्या, सत्य स्रोत, हरेक व्याख्याको उपयुक्त पर्याय, विपरीतार्थक शब्दको स्पष्ट सङ्केत, स्पष्ट गराउने दृष्टान्त र उदाहरण, वाक्यांश र वाक्यपद्धतिको साङ्केतिक अर्थ, नवीनतम शब्दको आवश्यक व्यवस्था आदि आदि र प्रचलित वैधानिक व्याकरणको अनुगमन समेतको ज्ञान गराउँछ; भाषा-साहित्यगत हरेक क्षेत्रको प्रयोग र ऐतिहासिक सामाजिक आदिको अनि शास्त्रीय चिनारी गराउँछ । यी सबको सीमामा विकासपूर्ण निरन्तरताको काम दिने हुनाले चिरसमयावधी लगाई एक टुङ्गोमा पुगिने यस काममा मैले अग्रसरता ल्याउनु नै औचित्य देखें । वास्तवमा मेरो जीवनका कतिपय वर्ष यसै काममा उपयोग भइसकेकाले कहिल्यै परिपूर्ण भन्न नहुने कोषीय क्षेत्रलाई निरन्तरता दिलाउन अग्रज सम्पादकहरूले पाइला नसार्नु भएको सोचेर नै मैले साहस गरेकोहुँ । यसै 'नेपाली शब्दसागर' मुद्रणमा बइसकेपछि पनि आजसम्म छुट्न पुगेका (प्रविष्टिमा नपरेका) शब्दहरू सय लगभग मेरो पञ्जिकामा जम्मा भैसकेका छन् । यसैले यस शब्दसागरको औचित्य मैले आँकिने विषयै होइन ।

☞ 'दायित्व' जस्ता साहित्यिक पत्रिकाको लागि निरन्तरता दिन के कस्ता कदमहरू चाल्नु आवश्यक ठान्नुहुन्छ ?

भौतिक आवश्यकता एउटा सानो कामचलाउ प्रेस बाहेक बौद्धिक-आध्यात्मिक आवश्कतामा: यत्तिकै धीरता, कर्मशीलता, संलग्नता र खाइ राख्नु पर्ला भन्ने ठान्दछु, किन कि तप: साधना त हो यस्तो काम !

आफ्नो जीवनका अविस्मरणीय सुखद् क्षण वा दु:खद क्षण केही भए बताइदिनुहन्छ कि ?

बन्धु वियोग कडै हुँदो रहेछ, तिनले रुवाइहाल्न सकेनन् अनि सङ्ग्रह, सम्मेल पनि ठूलै हुँदा रहेछन् मित्रमिलनबाहेक ती पनि स्वाभाविकै हुन्, हँसाइरहन सक्ने रहेनन् । विगतका क्षणहरूभन्दा आगत भइदिने क्षणमा अन्तरै के होला र ? ती पनि स्वाभाविक अनि प्राकृतिकै रहलान् ।

'नेपाली भाषा-साहित्यको सुधार एवं सम्बर्द्धन गर्ने सम्बन्धमा यहाँको के कस्तो प्रयास रह्यो ?

जीवनका लगभग आठ दशक अथवा पन्धपञ्चकमध्ये छ दशक अथवा एघार-बाह्रपञ्चक यसै क्षेत्रको दौडमा भाग लिने प्रयास गरिरहेकै छु, स्तुत्य वा क्षेप्य के कसा भए, भावी पिंढीलाई मूल्याङ्कन गर्न दिऊँ त के होला र ?

यहाँले आफ्नो जीवनमा कुन कुन संस्थासँग संलग्न रही भाषा-साहित्यको सेवा गर्नुभयो ?

शिक्षण सेवा त २००३ देखि नै थालियो, जो लगभग शृङ्खलाबद्ध झैं रह्यो । लेखन सम्पादन २००४-५ देखि सुरु भो, त्यो पनि शृङ्खलित नै छ । प्रशासनिक र साङ्गठनिक सेवामा पनि निक्कै वर्ष दिइए, त्यो पनि असन्तोषप्रद रहेनन् । प्राय: सदाजीवी संस्था त हुँदै नहुने रहेछन्, चिरञ्जीवी संस्था पनि मूलत: परिवर्तित देखिए । नीति र उद्यममा परिवर्तन नगरेरै पनि त म आफू नै प्रकारान्तरमा पुगिसकें, पिताजीले किन लठ्ठी लिन थाल्नु भएको ? भनी माताजीसित सोध्नपुग्ने उत्सुक मान्छे मैसँगै त्यसैगरी 'बाबा गइँगो भए लठ्ठी म समाति दिऊँ ?' भन्ने पनाति-पनातिनी सामुन्ने उभिएर सेवा-सहयोगलाई समुत्सुक भइसके भने अब फेरि ती संस्थाहरूको श्राद्ध गर्न किन लागिरहुँ र सम्पादकज्यू ? थुप्रै पिण्ड बटार्नुपर्दा कहीं तपाईंहरूलाई झिज्याहट नलागोस् !

'यहाँले धेरै संस्कृत तथा अन्य भाषाका कृतिहरूको अनुवाद गर्नुभएको छ – त्यस सम्बन्धमा केही बताउनुहुन्छ कि ?

व्यक्तिगत उत्तर मात्र है सम्पादकज्यू ! म भाषा साहित्यकै सेवी हुँ, निश्चयपूर्वक भन्दैछु: कसैले पनि आफ्नो वा सामूहिक अभावको चर्चा गर्दै आफ्नो अक्षमता व्यक्त गरी आग्रह जताउँदा शक्ति-सीमा आफू पर्ने प्रभाव अनुभूति भो भने कि त म त्यस कामको भार उठाउने वचनबद्धता दिइहाल्छु । यही मेरो लिंडेपनकै फलस्वरूप भाषान्तरण वा अनुवादन वा अनुवादको चिन्ह हो । भाषान्तरण गरिसकेर एकपल्ट त्यस व्यक्तिलाई पढ्न दिनु वा सुनाइसक्नु मेरो वचनको सन्तुष्टि हो । स्वप्रकाशन चाहिं उत्पीडन हो । सदुपयोगी इच्छुक प्रकाशक भेट्टाउन नसक्नु त्यस रचनाको जीवन्तता हो अथवा मेरै विमन एकता हो, कि त आफ्नै अर्थाभाव हो । अँ, भाषान्तरित कृति ग्रन्थहरूको चर्चा त छुटफुट भए पनि नेपाली शब्दसागरको परिशिष्ठमा दिन प्रयास गरेका छन् भाषाका प्रकाशकले । अब'मौलिक कृति किन पर सारिएका ?' भन्नुहोला, ती पनि थुपारे डङ्गुरै होलान्, ती रचना हुन्, कृति हुन् र तिनको नामकरण फेरिन सक्दछन्, छोरी बुहारी बने झैं; कतै कन्यादानै गर्नुपर्ला, कतै कुनै पतिम्बरा भएर गइदेली, कुनै कतै अपहृत हुन सक्छे, के ठेकान र ! कृतघ्न, विश्वासघाती, अपहर्ताहरूको पनि यहाँ कमी रहेनछ त ! जे सुकै सोच्नोस्, घाममा ओझेल पर्दैन, बज्रस्वाँठहरू कि त बकबकेहरू घामबाट ओझेलमा आफैं पुगेको होशै पाउन्न र पो त ! अपशब्द प्रयोग गर्दा आफैं अपलापित भइन्छ नि ! भैगो यो विषय यहीं छोडिदिउँ ।

☞ यहाँले विभिन्न कृतिको अनुवाद एवं मौलिक कृतिहरू दिनुभएको छ– नेपाल र नेपालीलाई । यसमा पारिवारिक समस्याको साथै सहयोग पनि भयो होला, यस सम्बन्धमा केही बताइदिनुहुन्छ कि ?

☞ यति बुझिदिनोस् मित्र सम्पादकज्यू । म आदर्श गुण कर्मको पक्षपाती हुँ, आजको अर्थको आदर्शवादी पनि होइन, महत्त्वाभिलाषी पनि होइन, अन्य वञ्चनाको सत्यवादी होइन, स्वच्छ यथार्थवादी हुँ; दुधमुख छुटेदेखि मलाई दुवै खुट्टा अघिल्तिर पारी काँधमा बोकी बोकी फुर्सत पायो कि त 'माटाको डल्ला पानी परे गल्ला !' को लयदार गीत सिकाउँदै गाउँदै नाच्ने मेरा परमप्यारा, सर्वप्रथम-दार्शनिक गुरू 'माटे दाइ' (तत्कालसम्म अग्रलेखे बाँधा, मोचित दासहरूसँगै भिच्छाखोरी नभासिएर हाम्रै परिवारमा आलम्बित थिए) को जीवनदर्शन जतिजति पछि भो उति सजीव र ज्वलन्त रूपको आभासले हुनसक्छ, मेरा परिवारमा कुराकानीमा खुसी प्रकट गर्दै पिताजीले हाँसेर दुई चारेकपटक भन्नुभएको 'यस गृहस्थ सन्यासीकै कुरा मान्नुपर्छ' - मलाई हुनसक्छ, मेरा पछिल्ला संलग्न सदस्यले पनि मनमा नमिल्दा कुरा स्पष्टै भनिदिने गरे, अनि लुकाइएका कुरामा उनीहरूले नै अनुताप भोग्नुपर्‍यो पनि होला, मैले अनुकूल बन्न जाने हुँला: वास्तवमा त्यस्तो कुनै समस्या मेरा मस्तिष्कले अहिले पनि चर्चा चलाउन स्मरण भएन ।

अथवा स्पष्टास्पष्टी गरी गराई अगाडि सर्ने आदर्श दोष हो र ? गुण होइन ? अनि 'आदर्श' भनेकै 'ऐना' हो नि सम्पादकज्यू ? सारांशमा छिद्रान्वेषी र उरालाहरूको कुचोद्याइँ स्पष्ट बुझ्ने र बुझाइहाल्ने गर्दा परिवारमा कदाचितै त्यस्ता समस्या आएर अप्ठेरा पार्छन्, हो ? त्यस्तो अबोधलाई बोध गर्नोस् र गराउनोस् । समाधान भइहाल्छ । अब'सहयोग' को प्रश्नमा 'एउटा जाबो मकै पड्केर हाँडीलाई फोर्दैन र !' एक प्रकारले यसरी म त सुखी छु, सद्भावित छु, सम्पन्न छु, ऐक्यले भरिपूर्ण रहन्छु । मेरा उत्तरहरूमा अबोध्य वा दुर्बोध्य कतै पनि छ भने पुन: स्पष्ट तुल्याउन तत्पर छु । यत्तिमै नै कृतज्ञता व्यक्त किन नगरुँ होइन त ?

✧✧✧

श्री ५ महाराजाधिराज सरकारको
५६ औं शुभ-जन्मोत्सवको
शुभ-अवसरमा मौसुफको गाथमा
सुस्वास्थको कामना गर्दै हाम्रा
समस्त ग्राहक, शेयर धनी तथा
शुभचिन्तक महानुभावहरूमा
शुभकामना व्यक्त गर्दछौं ।

नेपाल अरब बैंक लिमिटेड
Nabil Bank
Nepal Arab Bank Limited
वीरगञ्ज शाखा, पर्सा

श्री ५ महाराजाधिराज सरकारको
५६ औं शुभ-जन्मोत्सवको सुखद्
उपलक्ष्यमा मौसुफप्रति हार्दिक
कृतज्ञता ज्ञापन गर्दै हाम्रा
समस्त ग्राहक, शेयर धनी तथा
शुभचिन्तक महानुभावहरूमा
शुभकामना व्यक्त गर्दछौं

नेपाल बङ्गलादेश बैंक लि.
केन्द्रीय कार्यालय/मुख्य शाखा
पो.व.नं. ९०६२, बिजुलीबजार, नयाँ बानेश्वर
फोन नं. ४९०१९५, ४९०६९८, ४९०६६७, ४९०७७०

(नेपाली लोकसंस्कृतिलाई संरक्षण एवं सम्वर्द्धन गर्दै जानुपर्ने हाम्रो मान्यता अनुरूप गुल्मी निवासी ७९ वर्षिया हरि कला पन्तको जिब्रोमा झुण्डिएको एउटा लोकगाथा गताङ्कमा जस्तै यस अङ्कमा पनि प्रस्तुत गरिएको छ -सं.)

कुथुर्कोको अचार

⇨ हरिकला पन्त

रन वन कुथुर्को पलाई हाल्यो ताहाँ
सबै लगे कुथुर्को हाम्री छोरी काहाँ
एकमुठी कुथुर्को साँदी देउन केटी
न र मछिम् नून जीरो न र मछिम् मेथी
भित्र थिई बाहिर आई पींढीमा बसी
कुर्थुको साँध्न भनी माइत उठी हिंडी
बाह्रवर्ष सँगै बसी घरिवार खाइम्
कुथुर्को साँध्न भनी माइत उठी आइम्
वाह्र तेह्र वर्षसम्म घरिवार खायौ
आज हाम्री चेली के कामले आयौ
नून र जीरा किन्न पठाउनू
अमिलो र वेसार माग्न पठाउनू
तव हुन्छ छोरिया कुथुर्कोको रटना
रटना भएपछि हुन्छ बाए ! चटना
जाउ बाए ! छोरिया राम्रै गरी घर
त्यसै त जान्न बाबा जान्न आमा घर
कैले[1] पाल्चन् बोका त कैले पाल्चन् घोडा
तेरा माइत केही छैन लैजा छोरी ठोका
खेत र बेची बेची खरिया खन्चन्
तेरा माइत गइतिस् नि के के ल्याइस् भन्चन्
ठाउँ ठाउँ मैदान लाई हालिम् वर
हेर न स्वामी कुथुर्कोको अर[2]
नून भएच विलिनो अमिलो भएच तीखो
पऱ्यागी[3] पऱ्यागी हाम्रा स्वामी खोटा
मंसिर पुष चीसो पानी पिम्ला
मुख लाग्ने राँडलाई लात्तले दिम्ला
चैत र वैसाख खट्टे खाजा खाम्ला
लात्तले दिएपार माइत उठी जाम्ला
भात र भतियार चुहुने डाडू
मुख लाग्ने राँडलाई गाडेर छाडू ।

१. कसैले २. अचार ३. धन्य

२०५७ पौष २६ गते
नेपाल आयल निगमको ३१ औं वार्षिकोत्सवको उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभकामना !

लेख/निबन्ध

नब्बे सालको भुइँचालो र म

❑ फणिन्द्रराज खेताला

कुरा कहाँबाट सुरु गरुँ, १९९० साल माघ २ गते २ बजेर २ या ५ मिनेट जाँदाको भुइँचालोबाट या भुइँचालो बारेको आफ्नो अनभिज्ञताबाट ? किनभने भुइँचालो के हो, कहाँबाट आउँछ र कहाँ जान्छ, किन (?) यो मेरो निजी प्रश्न हो । त्यो बेलाको मेरो यो प्रश्नको उत्तर अनुत्तरित नै रह्यो किनभने 'भुइँचालो जान्छ, तर कहाँबाट आउँछ, कहाँ जान्छ र किन (?) यो त्यो बेलासम्म सायद सोझा साझामा मात्र होइन पाका बूढा पुरानाहरूमा पनि जिज्ञासा कै कुरा थियो । म त के र, बडे बडे पण्डित पनि यसै हो भन्न सक्तैनथे । उनीहरू यसको मुख्य कारण 'पाप धेरै बढेर थाम्न नसकी पृथ्वी हल्लियो वा पृथ्वी बोकेको शेषनागले काँध फेर्दा पो पृथ्वी हल्लियो भन्नेमा विश्वास राख्थे । म त त्यो बेला भर्खर एघार वर्ष पार गरेको किशोर वयको अनभिज्ञ केटो थिएँ । के थाहा किन पृथ्वी हल्लियो र 'रुवावासी, हाहाकार मच्चियो र भागाभाग भयो, खाने बस्ने र सुत्ने ठेगान भएन' यी मेरा आफैँसँगको प्रश्न थियो जो अनुत्तरित रह्यो । त्यसैले आजसम्म पनि त्यो बेलाका मेरो उक्त प्रश्नको उत्तर म आफैँभित्र खोज्दैछु । कुनै दिन त अवश्य नै फेला पर्ला ।

वनारसमा बसेर पढ्दापढ्दै म किन फर्काइएँ त्यो थाहा छैन । म वनारसमै छँदा १९८९ साल भदौ १७ गते भीम शम्सेरको मृत्यु भयो र जुद्ध शम्सेर सत्र भाइ मध्येका कान्छा (सायद) र पाँचौं (जङ्गबहादुर देखि सातौं) प्रधान मन्त्री र श्री ३ महाराज बनेका थिए । त्यसै वर्षको जाडोमा म वीरगञ्ज ल्याइएँ र फागुन महिनामा महोत्तरीको सदरमुकाम जलेश्वर पुराइएँ । यसरी फेरि मेरो शिक्षामा व्यवधान आयो । तर पनि त्यहाँ मेरी कान्छी आमाको माइती भएकोले उहाँकै माहिला बाबुका छोरा वटुकृष्ण तिमल्सिनासँग मेरो पढ्ने व्यवस्था मिलाइयो । जलेश्वरमा हामी सडकै छेउको एउटा घरमा बसेका थियौं । सडक पारी पूर्वतिर ठूलो पोखरी थियो । उत्तरतिर जलेश्वर महादेवको मन्दिर थियो । दक्षिणतिर बजार थियो भने बजारको पूर्वमा सानो पोखरी र राजदेवी भगवतीको मन्दिर थियो (छ) । यो मेरो त्यस ठाउँको भौगोलिक विवरण धेरै नै अघिको सम्झनाबाट कोरिएको छ । एकान्नब्बे सालको सुरुतिर त्यहाँबाट फर्किए पछि एकपटक नौ सालमा र अर्को पटक तेह्र सालमा पुगेको छु । आज त त्यहाँ धेरै नै परिवर्तन आइसकेको होला, धूले बालुवा उड्ने सडक आज पीच भयो होला । सायद पोखरी र महादेव मन्दिरको पनि काया पलट भयो होला । किनभने पछिल्लो पटक तेह्र सालमा जाँदा नै केही परिवर्तन भैसकेको थियो । त्यहाँ पैलो पटक म झण्डै सोह्र महिना जति बसेको छु । त्यति बेला जनकपुर, धनुषा, भमरपुरा, मटिहानी आदि आसपासका ठाउँ धेरै घुमेको छु । रामनवमी र विवाहपञ्चमी मेला हेरेको छु । गङ्गासागरमा सूर्य ग्रहण नुहाएको छु । हरेक वर्ष हुने परिक्रमा यात्राको झझल्को छ । भुइँचालो जाने केही दिन अघि अर्थात् पाँच/छ दिन अघि म जनकपुरमा थिएँ । मैसँग गएका मेरी जेठी बज्यैपट्टिका काकाका छोरा धनप्रसाद (मभन्दा चार महिना जेठा) पनि साथै थिए । माघे सङ्क्रान्तिको दिन घरमा नारायणको पूजा थियो । त्यसैले बिहान सबेरै नुहाइ-धुवाइ सकेर अलि अँध्यारै छँदा जलेश्वर प्रस्थान गर्यौं । त्यो बेला हाम्रो घरमा एउटा भोटे घोडा थियो । त्यही घोडा र बयलगाडाबाट हामी अन्दाजी दशबजेतिर घर पुग्यौं । त्यो दिन घरकै पूजा-आजा आदिको रमझममा बित्यो ।

माघ दुई गते, सोमवारेऔंसी, सकेसम्म 'नवोली काग नकराउँदै नुहाए धर्म हुने' भन्ने धारणा अनुसार बिहानै आमाले घच्घच्याएर उठाउनु भयो र सान गरेर 'नुहाउन जान हिंड्' भन्नु भयो । आमा, कान्छी आमा र घरका केही वयस्कहरूको साथ पोखरीघाटमा गएर नुहायौं र महादेवको

दर्शन गरी फर्कियौं । जलेश्वर महादेव मन्दिरको गर्भगृहको तल सिंढी ओर्लिएर जानुपर्छ । केवल ढोकाको क्षीण प्रकाशले तलको दृश्य देख्न सकिन्छ । हरहमेसा तलबाट पानी उम्रेर आइरहने वर्खा महिना (मास) मा जलमग्न भैरहने शिवलिङ्गको दर्शन कुनैकुनै बेला मात्र पाइन्छ । तर ती महादेवको महिमा निकै ठूलो मानिन्छ । भारततिरबाट पनि दर्शन-पूजा गर्न मानिस आउँछन् । हामीले पनि महादेवको दर्शन गऱ्यौं र घर फर्कियौं । माघे सङ्क्रान्तिको दिन पूजा भएको र भोलिपल्ट औंसी परेकोले सङ्क्रान्ति मान्न ल्याएको खसी भोलिपल्टको लागि राखिएको थियो, तर दुई गते सोमवार नै त्यस्तो घटना होला भन्ने कसैको मनचित्तमा थिएन । बिहानको खाना खाई सबै वयस्क सुते भने लोग्ने मानिस काममा निस्के । हामी नयाँ ल्याएको घोडा र भोलि काटिने खसीको चाकरीमा व्यस्त थियौं । भोलिदेखि पालैपालो घोडा चढ्न पाइने रमाइलो मानी हामी दुई दाजु भाइले सल्लाह गरी घाँस काट्न (खुर्पीले चौरको घाँस छिल्न) गएकी सुखिया दुसाधनीलाई खोज्दै घरदेखि अलि पर मालको हाकिम बस्ने घर पछाडिको चौरमा पुगेर घाम ताप्दै उसलाई छिटो गर्न भन्दै थियौं । समय कति बज्यो हामीलाई थाहा थिएन । केवल दक्षिणतिरबाट पश्चिमतिर बरालो झर्दै गएका सूर्यको न्यानो राप हाम्रो पिठ्यूँमा थियो । अकस्मात् गुटुटुटु आवाज साथै पृथ्वी काम्न थालिन् । हामी झोलुङ्गोमा राखिएका बालक जस्तै हल्लिन थाल्यौं । एकपटक त म भुइँमा उत्तानो परें । नजिकैका अग्ला सिसौका रुखले भुइँ छोए । कतिबेर यस्तो भयो त्यो त कल्पनामा पनि छैन । आत्तिदै र रुँदै दगुरेर घर पुग्दा त घरको आँगनमा धाजा फाटेर पानी निस्किएको । पोखरी बढेर सडकमा पानी आएको । सबैमा अन्योल छाएको । सबै मानिस घर छोडेर बाहिर सडकमा । अब फेरि के हुने हो कसैलाई थाहा छैन रातभरि समयसमयमा सानासाना र एकपटक अलि ठूलै कम्प भयो । सुत्न सकिएन ।

माघ दुई गते सोमवारे औंसी परेको र सात ग्रह जोरिने पनि हुनाले कुनै न कुनै किसिमको अनिष्ट हुने सङ्केत ज्योतिषीहरूले दिएको कुरा घरमा आमा, कान्छाबा, कान्छी आमाहरू गर्नुहुन्थ्यो तर हामीलाई भने चासो थिएन । हामी आफ्नै दुनियाँमा मस्त थियौं । पिताजी काठमाडौं मैं हुनुहुन्थ्यो । भुइँचालो गएको दिन त अर्कै प्रकारको अन्योल थियो । तर जब भुइँचालोको असरले भत्के बिग्रेका खबर हल्लाको रूपमा आउन थाल्यो र त्यहाँ वर-परका विनाशको जो लीला आफ्नो किशोर आँखाले देख्यो त्यसले गर्दा मनमा एकप्रकारको त्रास पैदा हुन्थ्यो । धेरै जसो त फुसका घर थिए । हामी बसेको घर पनि फुसकै थियो । बजार तिरका केही पक्की घर, मालको हाकिम बस्ने घर केही अरू घर भत्किएका थिए । ठाउँठाउँमा जमीन फाटेर लेदो सहितको पानी निस्किएको थियो । भुइँचालो गएको दिन राति केही खान पाइने ढाँचा थिएन । किनभने पानी हिलै हिलो, भात पकाउने भान्सामा समेत पानी फुटेको, त्यसैले केही पकाउने कुरै भएन । बल्लबल्ल रघुवीर (काम गर्ने कुर्मी) ले साँझपख कताबाट कुन्नि च्यूरा र सख्खर किनेर ल्यायो, त्यही खाएर चित्त बुझायौं । तेस्रो दिनदेखि बल्लबल्ल फाटफुट खबर आउन थाल्यो । तर केही उडन्ता खबर थिए भने केही साँचा खबर पनि थिए । मेरा पिताजी काम विशेषले काठमाडौंमै बस्नु भएको थियो । झण्डै सात दिनसम्म केही खबर आएन, हाम्रो पकनाजोलको पुर्ख्यौली घर धेरै पुरानो थियो । म जन्मिएको ठमेल सल्लाघारीको पिताजीहरूले आर्जन गरी किनेको चार तल्ले ठूलो घर (पिताजीहरू ६ भाइको सगोलको घर केही राजनैतिक कारण र ठेक्कामा सरकारी बाँकी समेतको निहुँ झिकी भीम शम्सेर प्रधानमन्त्री भएका बेला सर्लाहीको जमिन्दारी सहित सबै सर्वस्व हरणमा परेकोले सरकारको अधीनमा थियो) सातौं दिनको दिन उहाँको एक संक्षिप्त (आराम विराम र काठमाडौंमा भुइँचालोले ल्याएको विनाश लीलाको केही वर्णन सहितको) पत्र हुलाकबाट आयो । त्यो भन्दा अघि – काठमाडौं सबै ध्वस्त (धरहरा, घण्टाघर, वसन्तपुर हनुमान ढोका सहित शहर, पाटन र भक्तपुर समेत) छ । चन्द्रागिरिको डाँडो (थानकोटको डाँडो) भास्सिएर काठमाडौं उपत्यकाको (त्यति बेला चार भञ्ज्याङभित्र, 'नेपाल' भनिने) प्रवेश मार्ग नै अवरुद्ध छ – आदि उडन्ता खबर आएका थिए । मेरा पिताजीको त्यस चिठीले धेरै सनसनी ल्यायो कारण के भने काठमाडौं (नेपाल) बाट

जलेश्वर आइपुगेको त्यो पैलो चिठी थियो । सरकारी स्तरबाट वडा हाकिमलाई वा अरू सरकारी कर्मचारीलाई आउनुपर्ने पत्रभन्दा पैले हामी कहाँ त्यो पत्र कसरी आइपुग्यो भन्न सकिन्न । पत्र हाम्रो हातमा बिहान दशबजेतिर परेको थियो, बेलुकी करिब ६ बजेतिर वडा हाकिम (सायद त्यति बेला गङ्गाबहादुर बस्न्यात् वा अरू कोही वडा हाकिम थिए अैले त्यति सम्झना भएन) कहाँबाट काकालाई 'पत्र लिएर आउनु' भनी खबर आयो र उहाँ जानु भयो र राती आठ बजेतिर फर्केर आउनु भयो ।

त्यो चिठीमा के थियो त ? हाम्रो पुर्ख्यौली घर र अर्को ठमेलको घर भत्किएको र मरमत गर्नुपर्ने । घण्टाघर पुरै भत्किएको, धरहरा आधा भत्किएको, शहरका धेरै जसो घर भत्किएका, काठमाडौं बासी धेरै टुँडीखेलमा पाल र छाप्रो हालेर बसेका, बारी हुनेहरू आफ्नै बारीमा छाप्रो हालेर बसेका । टुँडीखेलमा जमीन चिरा परेको, राणाहरूको केही दर्वार पूरा धरासायी भएका आदि कुराहरू थिए भने, मानिसहरू मरेका र घाइते भएका खबर थिए । आफू र आफ्ना नातागोताको आराम विरामको खबर थियो । त्यो चिठी आउनु अघिको घरको वातावरण बडो तनावपूर्ण थियो । आमा रुनु हुन्थ्यो, साथै हामी (सबभन्दा जेठो छोरा म) अलिअलि बुझ्ने भएकाले पनि त्यो रुवाइमा बेलाबेला सामेल हुन्थ्यौं । घरका अरु परिवार कान्छा बा, कान्छी आमाहरू पनि अन्योलमा थिए । तर जब त्यो पिताजीको हस्ताक्षरको पत्र आयो एकप्रकारको खुशीको वातावरण छायो ।

अबत वरपर यताउतिबाट भुइँचालोको विनाश लीलाको खबर सुनिन थाल्यो । त्यो बेला हाम्रो नेपालको तराई वा काठमाडौंभन्दा पर पूर्व र पश्चिमका पहाडी भागतिर जान काठमाडौंबाट निस्किएर भारतको भूमि नटेकी सुखै थिएन । भुइँचालोले नेपालको काठमाडौं उपत्यका र पूर्वी पहाडीका केही भाग र तराईका भागको साथै विहारको पूर्वोत्तर भागमा धेरै नै नोक्सानी गरेको थियो । ठाउँ ठाउँका पुलहरू भत्किएका थिए र कतै कतै त सडक पनि भास्सिएको थिए । त्यसैले काठमाडौंसँगको आवागमन एकप्रकारले झण्डै पन्द्र/बीस दिन अवरुद्ध नै भएको थियो । त्यति बेला टेलिफोन थिएन । आवागमन वन्द, यस्तै थियो तापनि अब भने चिठी चाहिं आउँदै गर्थ्यो । माघै महिना थियो वा फागुन लागिसकेको थियो, अहिले भन्न सक्दिनँ । महात्मा गान्धी विहार भ्रमणको सिलसिलमा जलेश्वरको नजिकै पर्ने भारतको सीमावर्ती सानो बस्ती (सायद अहिले त्यो शहर बनिसक्यो होला) सुरसण्ड, जहाँ भूकम्पले नोक्सान पुऱ्याएको थियो त्यहाँ आउने हल्ला चलेको थियो । म उनीहरूलाई हेर्न चाहन्थें । आफ्ना केही दौंतरे साथीसँग पैदलै त्यहाँसम्म हामी पुग्यौं । अरुले त के गरेका थिए, तर मैले भने घरमा सोधेको थिइनँ । केवल आमासँग रोई कराई गरेर एउटा दुवन्नी (आठपैसे सिक्का जुन त्यति बेला हाम्रो तराई भागमा चल्ने गर्थ्यो) लिएर गएकोले खाजा खान अड्किएन । हामी सुरसण्ड पुगेको केही बेर पछि गान्धी आए । भीड ज्यादै थियो तापनि जसो तसो गरेर, केटाकेटी नै भएकोले पनि भीडको अगाडि परेर उनीलाई निकै नजिकबाट देखें । मैले महात्मा गान्धीलाई प्रत्यक्ष देखेको त्यो दोस्रो पटक थियो । पहिलो पटक इलाहाबादमा टाढाबाट झण्डै एक वर्ष अघि देखेको थिएँ ।

त्यति बेला मास्टर बाबु मटुक बिहारी आफ्नी पत्नी राधा र दुई छोराहरू मोहन र रमेश सहित आफ्नो नोकरीबाट अवकाश पाएपछि हामीकहाँ नै बसेका थिए । उनको बारेमा मैले – तिरुपति वा तिरपित, म मन्त्र जप्न लागें र मास्टर बाबु (यो मेरो संस्मरण कुनै स्मारिका वा पत्रिकामा छापिएको छ) मा उल्लेख गरेको छु । उनी, भुइँचालो गएको झण्डै पन्द्र दिनपछि आफ्नो घर गयाजी (त्यहाँ पनि भुइँचालोको निकै नराम्रो असर परेको छ भन्ने हल्ला सुनेकोले) जाने तरखरमा लागेर सायद माघ बीस गतेतिर उनी परिवार सहित हिंडे पनि । मेरी कान्छी फुपू पैलो पाला जन्मिएकी छोरी लिएर त्यहीं बस्न आउनु भएको थियो । उहाँ पनि काठमाडौं आउनु पर्ने थियो तर भुइँचालोको कारणले रोकिनु भएको थियो । फागुन लागेपछि हाम्रो पनि काठमाडौं फर्कने तरखर हुन लागेको थियो, तर कहिले (?) ठेगान भने भएको थिएन । कारण के थियो भने मेरो पिताजी भर्खरै काठमाडौंबाट फर्कनु भएको थियो तर यहाँ हाम्रो बस्ने ठेगान थिएन । आफ्नो घर भताभुङ्ग थियो ।

शतासी सालको हामी माथिको काण्डले परिवार लथालिङ्ग थियो । कहाँ बस्ने र कसरी ? यो प्रश्न खडा थियो अनि जलेश्वरको काम पनि समाप्त प्राय अवस्थामा थियो । फेरि एकपटक हाम्रो ठूलो परिवार अझै टुक्रने अवस्थामा आइपुग्यो ।

पिताजी काठमाडौंबाट आइपुग्नु भयो । हामी परिवारका केही सदस्य, फुपू सहित एक बिहान गोरुगाडा चढी नेपाल (काठमाडौं) का लागि प्रस्थान गर्यौं । बयरगनियाँसम्म पिताजी पनि हामीलाई पुऱ्याउन आउनु भएको थियो । मलाई अलिअलि सम्झना छ, हामीले ठूलो दुङ्गामाथि गोरुगाडा राखेर वाग्मती तरेका थियौं । किनकि वाग्मतीको पुल बीचबीचमा लट्ठा बिग्रिएको हुनाले ढेङ वा रिंगादेखि बयरगनियाँसम्म रेलबाट आयौं, पिताजी त्यहींबाट फर्कनु भयो किनकि आमाहरू र कान्छाबा कान्छीआमा त्यहीं जलेश्वरमा हुनुहुन्थ्यो । हामी वीरगञ्जमा एकरात बसेर अमलेख गञ्ज भीमफेदी हुँदै चिसापानी गढीमा एक रात अनि चितलाङ्मा अर्को रात बास बसी काठमाडौं भित्रियौं । अन्त कहीं बस्ने ठेगान नभएकोले कालधारा जेठी फुपूको घरमा गएर बस्यौं ।

भोलिपल्टदेखि पो काठमाडौंका भत्किएका घर आदिको अवस्था देख्न पाइयो । घण्टाघर तलैसम्म भत्किएको थियो । धरहरा तीन या चार तला बाँकी रहेर भत्किएको थियो भने टुँडीखेलमा छाप्रो र पाल हालेर बसेका मानिसहरूको घुइँचो थियो यसो हेर्दा कुनै मेला लागे जस्तो । अझै भत्किएका घरहरू खोस्रिएर पुरिएका लाश झिक्ने काम जारी नै थियो भने हुने खानेले र सरकारबाट ऋण सहयोग पाएकाहरूले घर मरमत वा जगैदेखि बनाउने काम पनि थालेका देखिन्थे । सरकारले भूकम्प पीडितोद्धारक संघ मार्फत सहयोग (ऋणको रूपमा तर जुन पछि माफी भयो) दिदै आएको थियो भने उत्साही शिक्षित युवकहरूले स्वयंसेवी संस्था मार्फत पनि सहयोग पुऱ्याएका थिए । भत्किएका पक्की र कच्ची घर, मरेका व्यक्ति र घाइतेहरूको आँकडा निकालिने काम पनि सुरु भएको थियो । तर पनि यसले निकै लामो समय लियो । यसको खास कारण यातायात र सञ्चारको असुविधाको थियो । तापनि मोटा-मोटी आँकडा निस्क्यो वा निकालियो– आँकडा यस प्रकार छ – नेपाल अधिराज्यभरका भत्किएका घरको संख्या – ३,३७,८०६ (कच्ची पक्की छाप्रो आदि र मठ मन्दिर एवं स्मारकहरू)
ज्यान गएको – १६,८७५ घाइते भएका ३,२९९ माथिको आँकडामा काठमाडौं उपत्यका, पहाडी क्षेत्र र तराइका सबै भाग परेका छन् ।

भुइँचालोले एकातिर विनाश लीला ल्यायो भने अर्कोतिर युवाशक्ति एकत्रित हुँदा राजनैतिक चेतना जागृत भयो भने विचारको आदान-प्रदानको कारण भविष्यको लागि नयाँ मार्ग खुल्यो । अनि शहरले पनि क्रमशः नयाँ कलेवर लिन थाल्यो । नयाँ नयाँ ढाँचाका घर बने । नयाँ सडक र जुद्ध सडक बने । यो त भयो प्राकृतिक भुइँचालो र त्यसले पारेको असर ।

त्यसै वर्षको चैत्र महिनाको १२ गते अर्थात् २५ मार्च १९३४ मा एक अर्को भुइँचालो गयो । यो भुइँचालो प्राकृतिक नभएर राजनैतिक थियो अर्थात् 'ग' वर्ग ('C' Class) का प्रधानमन्त्री रोल क्रममा परेका राणाहरूको बन्दुकको मोहोरीमा पारेर निस्काशन गरिए । वि.सं १९३८, १९४२, १९५८ सालको राणा-काण्ड १९९० साल चैत्र महिनामा दोहोरियो । जुद्ध शम्सेरले क, ख, ग, (A, B, C) वर्गका सबै रोलमा परेका राणाहरूलाई बन्दुकको मोहोरी तेर्स्याएर रोलबाट बर्खास्त गरी काठमाडौं बाहिर धपाए । रोलमा परेका रुद्र शम्सेर, तेज शम्सेर, राम शम्सेर, हिरण्य शम्सेर, प्रताप शम्सेर, महावीर शम्सेर (यसमा खास गरी वीर शम्सेर र भीम शम्सेरका छोरा नाति सपरिवार) आदि परेका थिए । धनकुटा, पाल्पा आदि ठाउँमा बडा हाकिमको रूपमा रही काम गर्ने गरी पठाइएका थिए । यो नब्बे सालको पूर्णाहुति २००७ सालमा भयो अर्थात् विभिन्न पर्वबाट जर्जर बनेको राणा शासन मक्किएको रुख वा जीर्ण भवन लडे जस्तै गरी धरासायी भयो ।

अब म भुइँचालोको आफ्नो व्यक्तिगत अनुभव बारे केही कुरा लेखी यसलाई टुङ्गो लगाउँछु । म दश वर्ष पार गरी एघारमा प्रवेश गरेको किशोर वा केटो थिएँ । त्यति बेलासम्म मेरो खास अध्ययन वा पठन पाठनको

समुचित व्यवस्था भएको थिएन । यसको कारण वि.सं. १९८७ सालको अन्त्यदेखि सुरु भएको हाम्रो संयुक्त परिवारको विच्छृङ्खलता र यायावरी जीवन नै मुख्य थियो । कैले कता कैले कता ठेगानको बसाइ थिएन । नब्बे सालको भुईंचालोले जे जसरी भए पनि काठमाडौंमा नै बस्नुपर्ने ठेगान लागेजस्तो भयो । भुईंचालो किन र कसरी जान्छ त्यसको भू-वैज्ञानिक कारण के छ त्यसको ज्ञान थिएन त्यति बेला । रुढीवादी परम्परा, धार्मिक आस्था विश्वास र 'रे' को भरमा बाँधिएका (म समेत) 'पृथ्वीमा पापको वृद्धि भएकोले थाम्न नसकेर पृथ्वी कम्पायमान भइन् वा शेष नागले काँध फेरे' जस्ता किंवदन्ती सुनियो भने 'सात ग्रह एकै ठाउँमा भेला भएकोले त्यसको असर पृथ्वीमा परेर सन्तुलन बिग्रन जाँदा भूमिकम्प भएको हो' भन्ने धारणा पनि सुनिएको थियो – घरका अविभावक वर्गले आपसमा कुरा गरेको पनि सुनिएको थियो । प्रकृतिको विनाश लीला जमीन फाटेर पानी निस्किएको, रुख र घर लडेका, मानिस र घरमा बाँधिएका चौपाया आदि मरेका हृदय विदारक दृश्य देख्दा मेरो किशोर मस्तिष्कमा निकै गहिरो असर परेको थियो । पछि पनि जबजब भुईंचालो जान्थ्यो मेरो मन त्रशित हुन्थ्यो, जबकि 'भुईंचालो किन जान्छ र कसरी ?' भन्ने बारेमा केही ज्ञान भैसकेको थियो । अझ विगत २०४५ साल भाद्र ५ गते बिहान गएको भुईंचालो ले त झन् १९९० सालको भुईंचालो कै पुनरावृत्ति हो कि (?) भन्न पनि लागेको थियो ।

श्री ५ महाराजाधिराज सरकारको ५६ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसुफको गाथमा सुस्वास्थ, समृद्धि तथा दीर्घायूको कामना गर्दछौं ।

मेरिनोल नेपाल "आशादीप"

(मानसिक बिरामीहरूको पुन:स्थापना केन्द्र)

नयाँपाटी, काठमाडौं

गीत

गोर्खाली वीर एकतातिर के जङ्गी निशान छैन र ?

⇨ अर्जुन विरक्ति

मुकुट टोपी पटुकी चोली रीति र स्थिति छैन र हजुर– २
तराई मेरो गाउँ क्ली भञ्ज्याङ् के म त हिमाली हैन र !
विश्वमा शान नेपाली मान इतिहास मेरो छैन र !!

चन्द्र र सूर्य प्राचीन ध्वजा के जङ्गी निशान छैन र हजुर – २
नेपाली वीरको गोर्खाली शिरको सगरमाथा हैन र !
अनन्त माथा योद्धाका कथा पूर्खाले साँच्चा छैन र ? !!

चौबन्दी चोली पटुकी कछाड के मौनको सारी छैन र हजुर – २,
ऊर्वरा फाँट नेपाली बाँट के मेरो बागडोर हैन र !
सनाइ र ट्याम्को, सारङ्गी, दमा, खैंबेडी मेरो छैन र ? !!

गोर्खाली डम्डम् फिर लाउँने हामी शङ्खको ध्वनी हैन र हजुर – २
बाजेले किल्ला जितेको मेरो वीरको डोब छैन र !
कर्नाल र तुङ्ग, नरिंङ्गे, श्याम्टा यो जङ्गी निशान हैन र ? !!

वंशावली नातो वीरको बाटो के ऐले मगा छैन र हजुर – २
पूर्खाको बस्तित्व बाबेन हजुर सन्तान हामी हैनौं र !
विश्वको उँचो हिमचुली चम्लो के मेरो शीर हैन र ? !!

इतिहास मेरो सृष्टिको क्लो वैदिक प्राचीन छैन र हजुर – २
मेची र काली ढक्तीभरी बाबाका सपुत हैनौं र !
देशको निर्मित नेपाली वर्ग एकता हामी छैनौं र ?
हामी सब नेपाली हैनौं र ? !!

– चावहिल

कविता

सबै थोक छ तर छैन

⇨ रामहरि ढुङ्गाना

प्रजातन्त्रको पुनर्वहाली पछि
जनता राज्यशक्तिको स्रोत बनेका छन्
सार्वभौमसत्तासम्पन्न भएका छन्
भलै अहिलेसम्म जनता नि:सहाय नै किन नहुन्
संविधानत: जनता सर्वोपरी छन् ।

जनताले वाक्स्वतन्त्रता पाएका छन्
आ-आफ्नो ब्रह्मले देख्या लेख्न,
बोल्न, छाप्न र छपाउन पाएका छन्
चित्त नबुझेमा विरोध, हड्ताल, नारा
जुलुस गर्न पाएका छन्
हो, साँच्चै जनताले प्रजातन्त्र पाएका छन् ।

दश वर्षको दौरानमा जनताले थप पाएको
दरिद्रता, अशिक्षा, बेरोजगारी
असुरक्षा, हिंसा, हत्या र आतङ्क मात्र न हो
त्यसपछिको अर्को उपहार
गगनचुम्बी महङ्गी न हो
तर जनस्तरबाट कुनै विरोध छैन
सबैले धैर्य नै गरेका छन् ।

महङ्गी बढेकोमा प्रतिपक्षी नेता कराउँछन्
जुलुस गर्छन्, हड्ताल गर्छन्
कार्यकर्ताले साथ दिन्छन्
कहिले उपत्यका बन्द कहिले नेपाल बन्द
बन्दै बन्दको क्रममा
नेताहरू सरकारसँग सम्झौता गर्छन् ।
बढेको भाउमा सरकार दुई/चार रुपैयाँ घटाइ दिन्छ
जनता सामु हड्ताली नेताको नाउँ उँचो हुन्छ
यहाँ यस्तै यस्तै नाटक हुन्छ
खै के भन्नु जनता रनभुल्लमा छन्
स्टेरिङ्गनै नसमातिकन चालकको इजाजत पाएका
सरकार हाँक्ने चालक पनि अन्योलमा छन्
ब्रेक भनेर थिच्यो क्लजमा पाउ
क्लज भनेर थिच्यो ब्रेकमा पाउ
अनि त गाडी कसरी गुड्ने ?
सधै दुर्घटनाको त्रास ।

छन त सबै थोक छ
योजना छ, कार्यक्रम छ
कर्मचारीतन्त्र, सेना र प्रहरी छ
दुरुस्त छ अन्यत्र भै
तर भएको अनुभूति छदै छैन
शून्य छ, शून्यनै छ
यो कहाली लाग्दो स्थिति
कहिलेसम्म भोग्न पर्ने हो
भगवान् पशुपतिनाथनै जानुन् ।

कोटेश्वर, काठमाडौं

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको ५६ औं शुभजन्मोत्सवको
सुखद् उपलक्ष्यमा मौसूफप्रति हार्दिक शुभकामना चढाउँदै मौसूफको सुस्वास्थ्य,
समृद्धि तथा सुकीर्तिका लागि श्री परमेश्वरसँग प्रार्थना गर्दछौं ।

नेपाल राष्ट्र बैंक, परिवार

समालोचना

'दोषी चस्मा' कथाको विवेचना

❑ महादेव अवस्थी

१. उठान

'दोषी चस्मा' नेपाली साहित्यको एक प्रसिद्ध कथाकृतिका साथै एक प्रसिद्ध कथासङ्ग्रहको नाम पनि हो । यस कथाका लेखक नेपाली साहित्यका जेठा मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइराला (जीवनकाल: वि.सं. १९७१ - २०३९) हुन् । आधुनिक नेपाली कथाका क्षेत्रमा मनोवैज्ञानिक धाराको प्रवर्तन गर्ने कथाकारका रूपमा कोइरालाको ऐतिहासिक गरिमामय स्थान छ । उनको आफ्नै र नेपाली कथाक्षेत्रको पनि त्यो पहिलो मनोवैज्ञानिक कथा हो – 'चन्द्रवदन' (शारदा : वि.सं. १९९२) उनका दुई कथासङ्ग्रह प्रकाशित छन् र ती हुन् – 'दोषी चस्मा' (वि.सं. २००६) र 'श्वेतभैरवी' (वि.सं. २०३९) । कोइरालाले नेपाली भाषामा निश्चय नै कविता, निबन्ध र आत्मकथा रच्ने सृजनात्मक क्रियाशीलता देखाएका छन् तापनि उनी खास गरी एक उत्कृष्ट आख्यानकारकै (कथाकार र उपन्यासकारकै) रूपमा विशेष प्रसिद्ध रहेका छन् । उनका कथामा चाहिं खास गरी नरनारीका यौनमनोविज्ञानको सूक्ष्म र रोचक चित्रण गरिएको भेटिन्छ र त्यहाँ परिधीय रूपमा चाहिँ २००७ सालपूर्वको राणाशासनकालीन नेपालको सामन्ती सामाजिक परिवेशको पनि प्रभावकारी र जीवन्त चित्र खिंचिएको पाइन्छ जुन सामाजिक परिस्थिति, नैतिक मान्यता, आर्थिक ढाँचा र साँस्कृतिक पक्षले मानिसका व्यक्तिगत 'कामवृत्ति' ('इद्') र 'अहं' (इगो) को दमन गरेका हुन्छन् । तिनको अभिन्न चित्रण उनका मनोवैज्ञानिक (मानवको अवचेतन मनका सूक्ष्म भावनाको चित्रण गरेका) कथाहरूमा भेटिन्छन् । उनका कथामा व्यक्ति मनोविज्ञान र सामाजिक परिवेशका बीच चल्ने अन्तर्द्वन्द्वको रोचक विश्लेषण पाइन्छ र त्यसैले गर्दा उनका मनोवैज्ञानिक कथाहरूमा सामाजिक यथार्थको अङ्कन पनि पर्याप्त मात्रामा भएको देखिन्छ । २००७ सालपूर्वको सामन्तयुगीन नेपालका उच्च वर्गीय राणाशासनका रोब रबाफ, मनोवैज्ञानिक उच्चताबोध र चाकडीप्रियताका जस्ता मनोवैज्ञानिक-सामाजिक पक्षका साथै दमित-शोषित नेपाली मनका हीनताबोध, भय, विवशता र कुण्ठाजस्ता मनोवैज्ञानिक पक्षको पनि सशक्त चित्रण कोइरालाका कतिपय कथाहरूमा भेटिन्छ र उनका त्यस्तै कथामध्येको एक कथा हो – 'दोषी चस्मा' कथा । यसै 'दोषी चस्मा' कथाको विवेचना गर्ने उद्देश्य लिई यो कलम चलिरहेको छ र अब यो लेखनी त्यसै उद्देश्यप्राप्तिको दिशातर्फ मोडिन्छ ।

२. कृतिगत सन्दर्भ

'दोषी चस्मा' कथाको कृतिगत सन्दर्भतर्फ दृष्टि दिंदा यो कथा २००५ साल वा सोभन्दा अगि रचिई २००५ सालमा भारतको बनारसबाट निस्केको 'युगवाणी' पत्रिकामा पहिलो पटक प्रकाशित भएको देखिन्छ । यस कथामा २००७ सालपूर्वको सामन्ती निरङ्कुश जहानियाँ राणाशासनका समयमा नेपालमा प्रचलित चाकरीप्रथालाई मुख्य विषय बनाइएको हुँदा र २००५ सालको 'युगवाणी' पत्रिकामा यो कथा प्रकाशित भइसकेको हुँदा यसको रचनाकालगत समय-सन्दर्भ २००५ साल वा सोभन्दा अगिकै समय हो भन्ने कुरो प्रस्टै छ । २००६ सालमा यसै 'दोषी चस्मा' शीर्षकमा विश्वेश्वरप्रसाद कोइरालाका सोह्रवटा कथाहरूको सँगालो पनि प्रकाशित भएको देखिन्छ र सो सङ्ग्रहको पहिला कथाका रूपमा यही 'दोषी चस्मा' कथा रहेको छ । आफ्नो कथासङ्ग्रहको नामकरण गर्दा देखिएबाट उनका निम्ति यो कथा विशेष प्रिय र सन्तुष्टिदायक रहेको कुरो पनि छर्लङ्ग हुन आउँछ । यस कथामा राणाशासनकालीन नेपालमा प्रचलित रहेको सामन्ती चाकरीप्रथा जस्तो सामाजिक पक्ष

र त्यतिबेलाकै सामन्ती थिचोमिचोमा परेका र स्वाभिमान ध्वस्त पारिएका साधारण कर्मचारी एवं जनताका हीनताबोध मनोभावनासँग सम्बन्धित मनोवैज्ञानिक पक्षको पनि जुन गहिराइका साथ चित्रण गरिएको छ त्यसले गर्दा यो कथा निकै उत्कृष्ट बन्न पुगेको छ। यस कथामा प्रथमत: २००७ सालपूर्व नेपालको राजधानी काठमाडौंमा प्रचलित रहेको सामन्ती शासन र त्यस शासनसित सम्बन्धित उच्च शासकका परिप्रेक्ष्यमा यहाँ त्यस सामन्ती युगमा आफ्नो रोजीरोटीका निम्ति चाकरीमा धाउन विवश बनेका कर्मचारीवर्ग र अरू दमित वर्गका मानिसको मनका हीनताबोध, भय, छटपटी र पीडाको चित्रण गरी त्यस्ता असहाय दीनहीनप्रति सहानुभूति पनि देखाइएको भेटिन्छ। यस कथाका उपर्युक्त कतिपय पक्षहरू रसियाली कथाकार अन्तोन चेखबको 'बहिदारको मृत्यु' (डेथ अफ् क्लर्क) कथासँग पनि तुलनीय देखिने हुँदा यस 'दोषी चस्मा' कथाको रचनाका पनि तुलनीय देखिने हुँदा यस 'दोषी चस्मा' कथाको रचनाका निम्ति कथाकार कोइरालाले पूर्वोक्त रसियाली कथाबाट केही उत्प्रेरणा प्राप्त गरेको पनि देखिन आउँछ। २००५-२००६ सालतिर नेपालको निरङ्कुश राणाशासनको विरोधमा चलिरहेको प्रजातान्त्रिक राजनैतिक सङ्घर्षको नेतृत्व पनि सम्हालिरहेका कोइरालाले यस कथामा राजनीति निरपेक्ष रही जुन ढङ्गले सामन्तयुगीन चाकरीप्रथा र दमित मनुष्यका हीनताबोधी मनोवृत्तिको उद्घाटन गरेका छन् त्यो निकै आकर्षक देखापर्छ र त्यसैले गर्दा यो कथा निकै मार्मिक पनि बन्न पुगेको पाइन्छ।

३. विषयवस्तु

'दोषी चस्मा' कथाको मुख्य विषयवस्तु सामन्तयुगीन चाकरीप्रथा हो। सामन्ती युगमा उच्चवर्गीय सत्तासीन सामन्तहरूले आफूभन्दा सानो दर्जाका र कमजोर वित्तीय स्थिति भएका जनताबाट दिनदिनै जी-हजुरीको अपेक्षा गर्ने अनि त्यस्तै हजुरियाहरूसँग ती सामन्त प्रसन्न रहने जुन प्रवृत्ति प्रचलित देखा पर्छ त्यसैलाई चाकरी-प्रथा भन्ने गरिन्छ। त्यसै गरी सामन्ती युगमा आफ्नो स्वार्थसिद्धि र रोजीरोटीका निम्ति तल्लो वर्गका व्यक्तिहरूले आफूभन्दा माथिल्लो स्थानमा रहेको शक्तिशाली व्यक्तिलाई प्रसन्न पार्न दिनदिनै दौडधुप गरीगरी जुन चाकरी चाप्लुसी र आफ्नो सेवक-मनोवृत्ति देखाउँछन्। त्यो पनि चाकरीप्रथाकै अर्को उल्लेख्य पक्ष हो। यस 'दोषी चस्मा' कथामा २००७ सालपूर्वको सामन्तीयुगमा निरङ्कुश राणाशासनका जर साहेबजस्ता उच्च शासनाधिकारीलाई प्रसन्न राख्ने र आफ्नो दैनिक रोजीरोटीको व्यवस्था गर्ने जुन प्रवृत्ति नेपालको राजधानी काठमाडौंमा चाकरियाहरूमा विद्यमान थियो त्यसैको मार्मिक अभिव्यक्ति गरिएको छ। त्यतिबेलाको नेपालको राजधानी काठमाडौंका कतिपय अल्छे र दीनहीन व्यक्तिका साथै मनोबल दबाइएका र रोजगारी नभएका व्यक्तिहरूसमेत सामन्ती राणाशासनका जरसाहेबजस्ता खासखास उच्चाधिकारीका शरणमा गई जी हजुरी चढाई चाकरी चाप्लुसी पुऱ्याई आफ्नो गुजारा गर्न विवश थिए भन्ने कुरो नै यस कथाका विषयवस्तुको मुख्य पक्ष रहेको छ। यसबाट सामन्ती युगमा उच्च वर्गका पदाधिकारीका जीहजुरीमै सर्वसाधारणको समय बित्ने र उच्च वर्गीय सामन्तहरू पनि रोजगारी एवं आर्थिक उपार्जनका अन्य उत्पादनशील कार्यमा सबैलाई जुटाउनुका सट्टा आफ्नै चाकडीमा धाउनेसँग प्रसन्न रहने सामन्ती परिप्रेक्ष्य पनि यस कथामा अभिव्यञ्जित हुन पुगको छ। त्यस्तै सामन्ती युगका मनोबल दबाइएका दीनहीन चाकरियाहरू आफ्नो अन्नदाता ठानिएको सामन्तको चाकरी पुऱ्याउँदा अज्ञानतावश नै हुन गएको सानोतिनो भुलबाट पनि मानसिक रूपमा कति व्यथित हुन्थे भन्ने कुराको चित्रणद्वारा यस कथामा मानवय मनका हीनताबोध, भय, पीडा र छटपटीजस्ता मनोवैज्ञानिक पक्षलाई पनि विषयवस्तुका रूपमा प्रतिपादन गरिएको छ। यसरी विषयवस्तुका रूपमा चाकरी प्रथाजस्तो सामन्ती सामाजिक पक्ष र हीनताबोध जस्तो मानवीय मनोवैज्ञानिक पक्षको समानान्तर अभिव्यक्ति यथार्थ किसिमले गरिएको हुँदा यो कथा यथार्थवादी सामाजिक–मनोवैज्ञानिक कथा बन्न पुगेको कुरो स्पष्ट हुन्छ आउँछ।

४. कथावस्तु–योजना

'दोषी चस्मा' कथा सामाजिक–मनोवैज्ञानिक कथा

भएको हुँदा यसको कथावस्तुयोजना पनि पुष्ट किसिमको नै देखिन्छ । यसमा २००७ सालपूर्वको नेपाली सामन्ती राणाशासनकालीन चाकरीप्रथासँग सम्बन्धित विषयवस्तुलाई मनोवैज्ञानिक आयाम दिई प्रस्तुत गर्दा जुन कथावस्तुयोजना मिलाइएको छ त्यो निकै मसिना-मसिना घटनाहरूका संयोजनबाट पुष्ट बन्न पुगको पाइन्छ । यस कथाको कथावस्तु जरसाहेबको चाकरीमा गएको केशवराजले जरसाहेबको दर्शन गर्न नपाई फर्कनु परेको 'प्रारम्भ भाग' र बाटामा फर्कंदा विपरीत दिशाबाट मोटरमा चढी आएको जरसाहेबलाई दोषपूर्ण चस्माका कारणले ठम्याउन नसकी स्वस्ति टक्र्याउन नसकेको पीरले गर्दा केशवराज छटपटिएको र केशवराजकी बाहुनीले केशवराजलाई जरसाहेबसँग माफी माग्न पठाएको 'विकासभाग' हुँदै अगि बढेको छ । त्यस्तै यो कथावस्तु केशवराज जरसाहेबकहाँ माफी माग्न गएको, जरसाहेबले अरू कसै (सइस) प्रति देखाएको क्रोध केशवराजले आफैसँग देखाएको ठानी जरसाहेबका सामु पर्न नसकेको, भोलिपल्ट केशवराज फेरि माफी माग्न गएको र केशवराजले जरसाहेबसँग माफी मागेको 'चरमोत्कर्ष भाग' एवं हतारमा रहेका जरसाहेबले कुरो नबुझी 'केको माफी' भनेको र जरसाहेबको सो प्रत्युत्तरबाट जरसाहेब साहै रिसानी भएको रहेछ भन्ने भ्रममा परी केशवराज फेरि पीडित बन्न पुगेको 'प्रतिचरमोत्कर्ष भाग' हुँदै अर्को दिन केशवराजले जरसाहेबका सामु सारा नालीबेली लगाई माफी मागेको र केशवराजको कुरो सुनी जरसाहेबले यस्तो जाबो कुरामा पनि के पीर गरेको भनेपछि केशवराज ढुक्क भई घर फर्केको अनि केशवराजले आफ्नै व्यक्तिगत र पारिवारिक जीवनका बारेमा सोच्न थाली ग्लानिबोध गर्न पुगेको 'उपसंहार भाग' मा पुगी विश्रान्त बनेको छ । यस कथाका कथावस्तुको निर्माण गर्ने मुख्य मुख्य घटना उपर्युक्त घटनाहरू नै हुन् र कथावस्तुलाई पाँच भाग (प्रारम्भ, विकास, चरमोत्कर्ष, प्रतिचरमोत्कर्ष र उपसंहार भाग) मा विकसित भई पूर्ण भएको देखाइने कथावस्तुगत सैद्धान्तिक कोणबाट यस कथाको कथावस्तुलाई हेर्दा देखा पर्ने स्थितिको मोटामोटी रूप रेखा माथि कोरिसकिएको छ । यस कथाको उपर्युक्त कथावस्तु 'केशवराजको चस्मा दोषी थियो' भन्ने कथनद्वारा आकस्मिक रूपमा थालिएको छ र त्यसपछि क्रमिक रूपमा स्वाभाविक ढङ्गले विकसित हुँदै आइ '...केशवराजलाई ग्लानि भयो' भन्ने खास टुङ्गामा पुगी विश्रान्त बनेको छ । यस कथावस्तुका सम्पूर्ण घटनाहरूका बीच कारणकार्यको श्रृङ्खला मिलेको छ र प्रत्येक अगिल्लो घटना कारण भई प्रत्येक पछिल्लो घटना सोही कारणको कार्यका रूपमा देखा परी यो कथावस्तु योजना साहै सुहाँउदो बन्न पुगेको देखिन्छ । यस कथावस्तुमा सुरुदेखि नै कुतूहलतत्त्वले प्रवेश पाएको छ र त्यो कूतूहलतत्त्व उत्तरोत्तर बढ्दै गई अन्त्यमा पुग्दा शान्त पनि भएको छ । यसका घटनाहरू सम्भाव्य किसिमकै देखिन्छन् र ती घटनाहरू समग्रमा सामन्तहरूका सामु मनोबल गिरी ग्लानिबोध गर्नुपर्ने स्थितिमा पुगेका चाकरियाहरूका मनोवृत्तिको उद्घाटन गर्ने एक कार्यतर्फ नै उन्मुख छन् । यस कथावस्तुले वर्णन गरेको मुख्य पात्र केशवराजका भ्रम, छटपटी, पीडा र ग्लानिले पाठकीय मनका तत्तद् भावहरूसँग सामञ्जस्य राखी साधारणीकृत भई सहानुभूति र करुणाको भाव जगाउने सामार्थ्य राखेको हुँदा यस कथाको कथावस्तु पर्याप्त रसमय बन्न पुगेको देखिन्छ । उच्चवर्गीय सामन्ती राणा जरसाहेबको सवारी र उच्चताबोधप्रतिको मसिनो व्यङ्ग्य र दमित चाकरिया वर्गका पीडाप्रतिको सहानुभूति यस कथामा जसरी प्रभावकारी भई व्यक्त भएको छ त्यो यसको सशक्त कथावस्तु–योजनाकै महत्त्वपूर्ण प्राप्ति हो ।

५. चरित्र–योजना

'दोषी चस्मा' कथालाई चरित्रचित्रणका दृष्टिले हेर्दा यसमा उपस्थित/मञ्चीय पात्रको संख्या जम्मा तीन देखा पर्छ र ती तीन पात्र हुन्– जरसाहेब, केशवराज र केशवराजकी पत्नी । यस कथामा अरू चाकरीबाज, सइस आदि केही सूचित/नेपथ्य पात्रहरू छन् तापनि यहाँ तिनको गौण र मुक्त किसिमको भूमिका मात्र देखा पर्छ । यस कथामा उल्लेख्य भूमिका भएको प्रमुख पात्रचाहिं पूर्वोक्त उपस्थित पात्रहरूमध्येको केशवराज नै हो र बाँकी दुई पात्र (जरसाहेब र केशवराजकी पत्नी) यसका सहायक पात्र हुन् । यिनै तीन पात्रका चरित्रचित्रणबाटै यस कथाको

आख्यानात्मक संरचना परिपुष्ट र प्रभावकारी बनेको पाइन्छ ।

केशवराज 'दोषी चस्मा' कथाको प्रमुख पुरुष पात्र हो र उसकै चरित्रचित्रण यस कथाको मुख्य केन्द्र बनेको छ । उमेरका दृष्टिले हेर्दा ऊ पावरदार चस्मा लगाउनुपर्ने अवस्थामा पुगिसकेको र त्यस किसिमको चस्मा लगाइरहेको अनि त्यस पावरदार चस्माको पावर पनि कम भई चस्मा फेर्नुपर्ने भइसकेको त्यस्तो पात्रका रूपमा देखा पर्छ जो बढी चिन्ता परेको बेला पचास वर्षको जस्तो देखिन्छ । यसबाट ऊ अर्द्ध बैंसका उमेरमा चाहिं प्रवेश गरिसकेको पात्र जस्तो लाग्दछ । जातका दृष्टिले हेर्दा उसको 'केशवराज' भन्ने नामका आधारमा र उसले छेत्री/ठकुरी जातका जरसाहेबलाई 'स्वस्ति' द्वारा अभिवादन गर्नुपर्ने सूचनाका आधारमा ऊ ब्राह्मणजातको व्यक्ति नै ठहर्छ । पेसाका दृष्टिले हेर्दा ऊ सामन्त युगीन रोजगारविहीन त्यस्तो पात्रका रूपमा देखिन्छ जो सामन्त युगीन विकृत प्रथाका रूपमा रहेको चाकरीप्रथालाई अँगाली समय खेर फाली दिन बिताइरहेको हुन्छ । वास्तवमा नेपालको २००७ साल पूर्वको राणाशासनकालीन सामन्ती युगमा काठमाडौं उपत्यकामा व्यापकरूपमा चलेको चाकरीप्रथाको बाहक पात्रका रूपमा उसको उपस्थिति यस कथामा भएको देखिन्छ र ऊ त्यस युगका त्यस्तै किसिमका सबै चाकरियाहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्रका रूपमा पनि यस कथामा खडा भएको छ । त्यसैगरी त्यस युगमा सामन्ती शासकहरूद्वारा दबाइएका र थिचिएका–हेपिएका चाकरीबाजहरूमा जुन हीनताबोधी मानसिकता हुन्थ्यो त्यसको प्रतिनिधित्व पनि केशवराजका भयाक्रान्त हीनताबोधी मानसिकताले गरेकै देखिन्छ । एक दिन अज्ञानतावश आफ्नो अन्नदाता ठानिएको जरसाहेबलाई 'स्वस्ति' गर्न नपाएपछि (जरसाहेबले त्यसको मतलबै नराखेको भए पनि) केशवराजका मनमा आफूले ठूलै भुल गरेको ठहरिने जुन अपराधबोधी भावना उठ्न पुगेको छ त्यसले केशवराजका मनमा आफूलाई तुच्छ/हीन ठान्ने हीनातबोधी भावना थियो भन्ने सङ्केत मिल्छ र यो हीनताबोध पनि सामन्त युगीन चाकरियाहरूको सार्वभौम मनोभाव नै हो । यसै हीनताबोधेका कारण केशवराजले आफ्ना मनमा निकै बेचैनी, छटपटी र पीडा बोक्नु परेको छ र त्यसैको फलस्वरूप शारीरिक रूपमा नाताकत भई ऊ निकै निर्धो/कमजोर भई आफू बूढोजस्तै बनेको अनुभव पनि गर्न पुगको छ । मनमा हीनताबोध लिई आफूले गरेको सानो गल्तीलाई पनि ठूलै अपराध भए सरह लिने, मानसिक रूपमा अनेक किसिमका भ्रान्तिमा परी भयावह बन्ने र एकपछि अर्को भुल गर्दै गई छटपटिई रहने पात्रका रूपमा केशवराज खडा भएको देखिन्छ । उसको यसै मनोविज्ञानको चित्रण नै 'दोषी चस्मा' कथाको मुख्य केन्द्र रहेको पाइने हुँदा ऊ यस कथाको प्रमुख/नायक पात्र ठहरिएको हो । उसका मनमा देखापरेका छटपटी र उथलपुथलले गर्दा ऊ गतिशील किसिमको पात्रका रूपमा देखा पर्छ एवं त्यसै गतिशीलताले गर्दा ऊ प्रशस्त गोलाइ पूर्ण पात्र पनि बन्न पुगेको छ । उपर्युक्त सबै किसिमका चारित्रिक अभिलक्षणले युक्त केशवराज यस कथाको बद्ध पात्र हो भन्ने कुरो पनि स्वत: स्पष्ट हुन्छ । कहिलेकाहीं सामन्त जरसाहेबप्रति विद्रोह जनाउने भाव उसका मनमा जागे पनि अन्तत: जरसाहेबकै डरले ननिदाई, नखाई छटपटाइरहने अनि कहिले चिन्तित, कहिले शान्त र कहिले रिसालुजस्तो देखिए पनि अन्तत: आफूलाई हीन/तुच्छ सम्झने हीनताबोधी चाकरका रूपमा नै उसको चरित्रचित्रण यस कथामा मुख्य रूपमा गरिएको देखिन्छ । यस परिप्रेक्ष्यमा चाकरियाहरूका यसै मनोवैज्ञानिक हीनताबोधको उद्घाटन गर्नाका निम्ति नै कोइरालाले यस कथाको रचना गरेका हुन् भन्ने ठहर गर्न सकिन्छ र कोइरालाका सो उद्देश्यको पूर्ति यस कथामा केशवराजका चरित्रचित्रणद्वारा नै हुन गएको छ । केशवराजमा आफ्नै धर्मपत्नीप्रतिको नैतिक कामवृत्ति ('इद्') पनि केही मात्रामा देखिन्छ । एक दमित-पीडित पात्रका रूपमा उसले यस कथामा खेलेको भूमिका नैतिक दृष्टिले सत्पक्षी नै रहेको हुँदा ऊ सत्पात्र पनि हुँदै हो ।

'दोषी चस्मा' कथामा खडा गरिएको जरसाहेब सो कथाको सहायक पात्र हो । उमेरका दृष्टिले ऊ अधवैंसे हुनुपर्छ भन्ने अन्दाज मात्र गर्न सकिन्छ र जातका दृष्टिले ऊ आफूलाई ठकुरी मानी ब्राह्मणबाट 'स्वस्ति' को अपेक्षा

गर्ने छेत्री नै हो । यस कथामा उसको उपस्थिति २००७ सालपूर्वको राणाशासनकालीन नेपालको सामन्ती जरसाहेबकै रूपमा भएको छ र उसका चरित्रले त्यस युगका अभिजातवर्गीय चरित्रको प्रतिनिधित्व गरेको छ । यस कथामा जरसाहेबलाई इज्जतदार, अहङ्कारी र स्वाभिमानी पात्रका रूपमा सङ्केत गरिएको छ र ऊ सामन्ती राणाशासनकालीन सैनिकशक्तिसम्पन्न पात्र भए पनि दयालु स्वभावको देखिन्छ । निश्चय नै जरसाहेबमा तीव्र क्रोधभाव रहेको सङ्केत पनि उसले सइसलाई हप्काएको नेपथ्यघटनाबाट मिल्छ; तर यस कथाको मुख्य पात्र केशवराजप्रति जरसाहेबले दया नै दर्साएको हुँदा जरसाहेब (निष्ठुर, अहङ्कारी, क्रोधी सामन्त भए पनि) यहाँ सत्पात्रै रूपमा रहेको देखिन्छ । ऊ यस कथामा एकसाथ शान्त, क्रोधी र दयालु पात्रका रूपमा खडा भएको हुँदा उसका चरित्रमा मनोवैज्ञानिक गतिशीलता र जटिलताको मात्रा प्रशस्तै रहेको सङ्केत प्राप्त हुन्छ र ऊ यस कथाको अपरिहार्य बद्ध पात्र पनि हुँदै हो ।

केशवराजकी धर्मपत्नी 'दोषी चस्मा' कथाकी एक मात्र सहायक नारीपात्र हो । ऊ केशवराज झैं ब्राह्मण जातकी अधबैंसे नारी हो । राणाशासनकालीन नेपालको राजधानी काठमाडौंका चाकरीमा दिन बिताउने बेकामे ब्राह्मणपतिको घर सम्हाल्ने ब्राह्मणीको अवस्था कस्तो थियो भन्ने कुराको मार्मिक सङ्केत यस कथामा केशवराजकी पत्नीका माध्यमबाट दिइएको छ । त्यतिबेलाको अर्द्धसहर काठमाडौंका दीनहीन गृहिणीका अवस्थाको प्रतिनिधित्व केशवराजकी पत्नीका चरित्रले गरेको छ । घरायसी भात-भान्साका काममा अनेकौं अभाव र अप्ठ्याराकाबीच जीवन गुजारिरहेका, गृहव्यवस्थापनमा कुशल नै रहे पनि सामन्तयुगीन व्यथा खेपिरहेका र पतिले 'जैरी' ठाने पनि बेलामौकामा उपयुक्त सल्लाह दिने सुझबुझ भएका गृहिणीको प्रतिबिम्ब केशवराजकी पत्नीमा देखिने हुँदा ऊ यस कथामा एक सत्पक्षी, बद्ध र पर्याप्त गोलाइपूर्ण सहायक नारीपात्रका रूपमा प्रभावकारी व्यक्तित्वका साथ खडा भएकी देखिन्छे । यस कथामा उसको चरित्राङ्कन उति व्यापक मात्रामा नगरिएको भए पनि उसका उपर्युक्त चारित्रिक अभिलक्षणहरूले गर्दा यहाँ उसको उपस्थिति निकै प्रभावपूर्ण रहेको कुरो स्वीकार्नै पर्छ ।

६. परिवेश–योजना

'दोषी चस्मा' कथालाई देशकालगत परिवेशको चित्रणका दृष्टिले हेर्दा यसमा २००७ सालपूर्वको नेपालको राजधानी काठमाडौंका त्यस समय र समाजको झझल्को मिल्छ जुन काठमाडौं उपत्यकामा मोटरको प्रवेश भई राणा-जरसाहेबहरू मोटरमा ओहरदोहोर गर्न थालिसकेका र सामाजिक रूपमा सर्वसाधारण मानिसहरू तिनै जरसाहेबका चाकरीमा धाउने गरेको सामन्तयुगीन परिप्रेक्ष्यकै द्योतक देखा पर्छ । यस कथाको कथावस्तुसँग सम्बन्धित घटनाहरू दुई दिन (दुई दिन–रात: ४८ घण्टा) र एक बिहानका समयावधिभित्र घटिसकेका देखिन्छन् र ती दुई दिन–एक बिहानको समयचाहिं काठमाडौं उपत्यकामा मोटरले प्रवेश गरिसकेको समयभन्दा पछिको र २००५ सालमा 'दोषी चस्मा' कथा छापिनुभन्दा अगिको सामन्ती राणायुगकै समयांश हो । यस समयांशमा घटित घटनाको चित्रणद्वारा यस कथामा राणाशासनकालीन सामाजिक चाकरीप्रथाका परिवेशांशको अभिव्यक्ति गरिएको छ । यस क्रममा उक्त कथामा एकातिर तत्कालीन सत्तासीन उच्चवर्गीय सामन्ती राणा-जरसाहेबको रोब रबाफ र दरबारिया चहलपहलका वातावरणको झझल्को दिइएको छ भने अर्कातिर तिनै सामन्तका दरबारहरूमा दिनहुँ चाकरीमा धाउने र कुनै उत्पादनशील काम नगरी व्यर्थमा समय खेर फाल्ने बेकामे चाकरीबाजहरूको जीवनको विवशता, दु:ख र चिन्तासँग सम्बन्धित सामन्ती-दमनपरक वातावरणको व्यञ्जना पनि गरिएको छ । त्यतिबेला सामन्ती राणाशासकहरू जे चाहन्थे त्यही हुन्थ्यो र आफ्नो चाकरी नपुगी उनीहरू रिसाए भने सर्वसाधारण नागरिकहरूको उठीबासै हुन्थ्यो भन्ने त्यस यथार्थ सामाजिक परिवेशतर्फ पनि यहाँ सङ्केत गरिएको छ जुन तत्कालीन सामन्ती शासनका निरङ्कुशताको सूचक पनि बनेको छ । त्यतिबेलाको काठमाडौं उपत्यकाको मध्यमवर्गीय समाजका पुरुष नागरिकहरू कुनै कमाइधमाइ हुने काममा लाग्नुको सट्टा

साँझबिहान चकरीमा धाईधाई राणाशासकहरूलाई रिझाउनमा लाग्ने गरेको वातावरणका साथै त्यस्तो वातावरणले सामान्य नागरिकका व्यक्तिगत जीवनमा अनेकौं पीर, छटपटी र चिन्ता पनि उब्जाउँथ्यो भन्ने मार्मिक पक्षको उद्घाटन पनि परिवेशका रूपमा यस कथामा गरिएको छ । आफूले जानीजानी कुनै गल्ती नगरेको भए पनि र आफूबाट भएको कुनै भुलचुकलाई सम्बन्धित अर्को पक्षले गल्तीका रूपमा लिएको छ वा छैन भन्ने कुरो समेत नबुझी आफूबाट भएको सानो चुकलाई आफैले ठूलो अपराध भएको मानी मनमा नानाथरी कुरा खेलाउने, शङ्काउपशङ्का गर्ने र हीनताबोधको भावना लिने गर्नाले व्यक्तिको आफ्नै व्यक्तिगत जीवन अशान्त हुन्छ भन्ने त्यस मनोवैज्ञानिक पक्षको उद्घाटन पनि गरिएको छ जुन उपर्युक्त किसिमको व्यक्तिको जीवनको शाश्वत परिवेशकै रूपमा रहेको हुन्छ । यस कथामा २००५ सालतिर वा सोभन्दा अगिको (र पछिको पनि) काठमाडौं उपत्यकाका मध्यमवर्गीय परिवारमा चुल्हामा दाउरा बाली भात पकाइने गरेको र त्यसका लागि जुटाइएका/किनिएका दाउरा पनि चिसा/आला किसिमका भइदिंदा गृहिणीहरूले दुःख भोग्नुपर्ने स्थिति रहेका कुराको प्रत्यक्ष चित्रणका साथै सम्पन्न व्यक्तिहरूले भान्से बाहुन/बाहुनी राख्ने गरेका सामाजिक परिवेशतर्फ पनि अप्रत्यक्ष सङ्केत गरिएको छ । घरबाट कहीं कतैतर्फ काममा जाँदा बाटामा दहीका भरीभराउ कहतारा देखिएमा साइत पर्छ भन्ने नेपाली सामाजिक मनोवैज्ञानिक विश्वास पनि यस कथामा परिवेशकै रूपमा अङ्कित भएको छ । यिनै सामाजिक र मनोवैज्ञानिक यथार्थ पक्षसँग सम्बन्धित उपर्युक्त विविध विषयलाई परिवेशका रूपमा चित्रण गरिएको हुँदा यो कथा सामाजिक मनोवैज्ञानिक यथार्थवादी कथा बन्न पुगेको छ ।

७. शीर्षक-योजना

'दोषी चस्मा' कथाको शीर्षक दुई शब्दको छ र ती दुई शब्द हुन् – 'दोषी' र 'चस्मा' । व्याकरणका दृष्टिले 'दोषी' विशेषण पद हो र 'चस्मा' विशेष्य पद हो । त्यसैले यो 'दोषी चस्मा' भन्ने शीर्षक एक विशेषण-विशेष्य पदावली हो । यसमा रहेको विशेष्य 'चस्मा' ले जातिवाचक नामशब्दका रूपमा बुझाउने 'सबै किसिमका/जातका चस्मा' भन्ने अर्थलाई त्यसैको विशेषणका रूपमा आएको 'दोषी' विशेषण पदले सीमित तुल्याइदिएको छ र यहाँ सो 'दोषी चस्मा' को अर्थ 'दोषपूर्ण चस्मा' भन्ने मात्र बुझिन्छ । यस कथाको मुख्य केन्द्रविन्दु यही 'दोषी चस्मा' रहेको छ । यस कथाको प्रमुख पात्र केशवराजकै दोषी चस्माका कारणले गर्दा यसका कथा वस्तुगत सम्पूर्ण घटनाहरू घट्न पुगेका छन् र यसको मुख्य पात्रका चारित्रिक विकास एवं परिवेशमण्डलको केन्द्रविन्दु सोही दोषी चस्मा बनेको छ । यस कथाको पहिलो वाक्यमै 'चस्मा दोषी' भन्ने पदहरू परेका छन् र तिनले यसको 'दोषी चस्मा' शीर्षकले जगाएको कुतूहलतालाई आदिभागमै बढाइदिएका छन् । साथै यो कथा पढ्दै जाँदा यसका मध्यभागतिरको पन्ध्रौं अनुच्छेदमा 'चस्माको दोष' भन्ने पदावली परेको देखिएबाट र अन्त्यभागतिरको उन्नाईसौं अनुच्छेदमा 'चस्माले दिएको धोका' भन्ने पदावली परेको देखिएबाट पनि आदिमध्यान्त्यका संरचनात्मक स्वरूपका दृष्टिले समेत यसको शीर्षकयोजना उपयुक्त एवं सार्थकतापूर्ण बनेको देखा पर्छ । यस कथाको सुरूमै जगाइएको चस्माको दोषपूर्णतासम्बन्धी जिज्ञासा समयमै चस्माको दोष हटाई उपयुक्त खालको चस्मा नलगाउँदा मानिसले कति छटपटिनुपर्छ भन्ने मध्यभागको वर्णनद्वारा तीव्र बन्दै गई अन्त्य भागमा पुग्दा दोषपूर्ण चस्माका कारण हुन गएको गल्तीका निम्ति बढी पीरचिन्ता लिई छटपटिनु हुँदैन भन्ने निष्कर्षमा पुगी विश्रान्त बनेको छ र विषयवस्तुको यस बनोटका दृष्टिले पनि प्रस्तुत कथाको 'दोषी चस्मा' शीर्षक पर्याप्त प्रभावकारी एवं सङ्गतिपूर्ण बनेको देखिन्छ ।

८. भावविचार

'दोषी चस्मा' कथामा मानिसका मनमा बारम्बार उठिरहने अनेक किसिमका मसिना भावहरूको अभिव्यक्ति भएको छ र मुख्य रूपमा करुण रसको सञ्चार गरिएको छ । यसमा व्यक्त गरिएका अनेक मसिना मनोभावहरूमध्ये आशा-निराशा, अनुमान–सन्देह, भ्रम र हास्य, भय-पीर-चिन्ता, क्रोध-आवेग, साहस-शिथिलता, करुणा-सन्तोष-

शान्ति, दुःख-ग्लानि एवं अपराधबोध र हीनताबोध विशेष उल्लेखनीय छन्। यी विविध भावहरूमध्ये पनि यस कथामा अपराधबोध र हीनताबोधले गर्दा मनमा पैदा हुने पिरलो एवं छटपटीकै विशेष अभिव्यक्ति गरी त्यस्तो कमजोर हीन मनोवृत्ति भएको निरीह पात्रप्रति पाठकका मनमा सहानुभूतिको भाव जगाई करुण रसको सञ्चार गरिएको छ र यही नै यसको भावविधानको महत्त्वपूर्ण वैशिष्ट्य हो।

यस कथामा कथाकारले व्यक्त गर्न खोजेका विचारको खास निचोड हो – कुनै काम गरिहाल्नुपर्छ भन्ने कुराको निश्चय भइसकेपछि त्यो काम तुरुन्तै गरिहाल्नुपर्छ; अन्यथा त्यसैका कारणले जीवनमा कुनै पनि बेला धोका पाई पीरचिन्ता र छटपटी बेहोर्नुपर्छ। यस कथामा परिधीय रूपमा व्यक्त भएका विचारसूत्रहरूको बोध कथाभित्रै प्रयुक्त यी वाक्यहरूबाट गर्न सकिन्छ – (१) ठूला मानिसहरू इज्जतका कुरामा बडा इखालु हुन्छन् र पछिसम्म पनि सम्झिरहन्छन् (अनुच्छेद–३), (२) ठूला मानिसहरूको अहङ्कारमा धक्का दिनु उनीहरूको सबैभन्दा कोमलस्थानमा स्पर्श गर्नु हो (अनुच्छेद–१३); (३) आफ्ना अन्नदाता अगाडि देखिनु, आफूले नटेरेर अभिवादनसम्म पनि नगर्नु, यो त निमकहरामी हो, एउटा पाप पनि हो (अनुच्छेद–५); (४) जसले चाकरीकै भरमा दुई साँझ गाँस टिप्छ, ऊ जस्ता झुत्रेले टेक राख्ने रे (अनुच्छेद–१४); (५) अन्धाले देखेन भनेर कसैले रिसाउन हुन्न (अनुच्छेद–५) र (६) एउटा भूलले अर्को भूललाई सच्याउन सक्तैन (अनुच्छेद–१४)। यी विभिन्न विचारसूत्रहरूले सामन्तहरूका उच्चताबोधी मनोविज्ञानप्रति र चाकरियाहरूका हीनताबोधी मनोविज्ञानप्रति व्यङ्ग्य गरेको कुरा पनि प्रस्तुत कथाको समष्टि प्रकरणार्थका रूपमा व्यञ्जित हुन्छ नै।

९. संरचना र कथनपद्धति

'दोषी चस्मा' कथालाई संरचनात्मक स्वरूपका दृष्टिले हेर्दा यो कथा डबल क्राउन साइजमा छापिई बाँधिएको 'दोषी चस्मा' शीर्षककै पुस्तकभित्रका सवा आठ पृष्ठमा मुद्रित भई पूर्ण बनेको देखिन्छ। ती सवा आठ पृष्ठभित्रका धेरैजसो छोटा केही मझौला किसिमका गरी जम्मा तेईस अनुच्छेदका समष्टि योगबाट यस कथाका कायाको निर्माण भएको छ। राणाशासनकालीन नेपालको राजधानी काठमाडौंमा प्रचलिच चाकरीप्रथासम्बन्धी मुख्य विषयवस्तुलाई झल्काउन प्रयोग गरिएका कथावस्तु, चरित्र र परिवेशका समष्टि योजनाका क्रमबद्ध प्रस्तुतिद्वारा परस्परमा सङ्गठित भई ती तेईस अनुच्छेदहरूले यस कथाको कायालाई परिपुष्ट पारेका छन् र त्यसैले गर्दा यसको संरचनात्मक स्वरूप सुदृढ बन्न पुगेको देखिन्छ। पठन कालका दृष्टिले दश-पन्ध्र मिनेटकै बीचमा पढिसकिने हुँदा यो तेईस अनुच्छेदात्मक कथा छोटो खालको कथा नै हो।

यस कथाको कथन तृतीय पुरुषका कोणबाट गरिएका छ। यस कथाको सो कथन पद्धतिमा यहाँ तृतीय पुरुष पात्रका रूपमा उभ्याइएका केशवराज, केशवराजकी पत्नी र जरसाहेबका सम्बन्धमा गरिएका वर्णन, यिनका बीचमा भएका फाटफुट संवाद तथा यसको मुख्य पात्र केशवराजले आफ्ना मनमनै खेलाएका विविध कुराहरूबाट निर्मित भएको मनोवादजस्ता कथनकलागत वैशिष्ट्य देखा पर्छन्। यस परिप्रेक्ष्यमा प्रस्तुत कथामा जहाँ केही मात्रामा आख्यानात्मक वर्णनको मिठास पाइन्छ त्यहीं संवाद र मनोवादका क्रमबाट देखाइने कथावस्तुगत आकस्मिक उठान, भ्रम एवं बित्याँसको सृजना र कुतूहलताको विकास, पात्रीय मानसिकताका आरोह-अवरोह र घटनागत मोड-परिवर्तन एवं कथावस्तुगत जिज्ञासाको शमन हुनेगरी गरिने स्वाभाविक बैठानजस्ता नाटकीय प्रस्तुतिबाट प्राप्त हुने रोचकता पनि भेटिन्छ। वस्तुतः यस कथाको मुख्य पात्र केशवराजले जरसाहेबको चाकरी पुऱ्याउने क्रममा यहाँ जेजति घटना घटेको कुरो देखाइएको छ तिनका प्रस्तुतिमा आकस्मिकता, भ्रम, बित्याँस, उपाय-अपाय र निश्चित स्वाभाविक समाधानका नाटकीय विधिको उपयोग बढी गरिएको छ। त्यसैले यस कथाको समष्टि संरचनाका साथै कथनपद्धतिमा पनि परिपुष्टता, रोचकता र मिठास भरिन पुगेका हुन्।

१०. भाषाशैली र अन्य कलात्मक विशेषता

'दोषी चस्मा' कथामा सरल र प्रभावकारी किसिमको भाषाशैलीको प्रयोग गरिएको छ। छोटाछोटा तत्सम र

तद्भव शब्दका साथै केही आगन्तुक स्रोतका शब्दको पनि जुन उपयोग यस कथामा गरिएको छ त्यो निकै सरल एवं आकर्षक देखिन्छ र यसमा प्रतिपादित विषयवस्तुको मार्मिकतालाई व्यक्त गर्न पनि सक्षम नै भेटिन्छ । यस कथामा प्रायः छोटाछोटा सरल वाक्यकै अधिक प्रयोग पाइन्छ र त्यसले गर्दा पनि यसको भाषाशैली सजिलो-छरितो बन्न पुगेको देखिन्छ । विभिन्न दृश्यको वर्णनका क्रममा जेजस्ता शब्द-शब्दावली र वाक्यढाँचाको उपयोग यस कथामा गरिएको छ त्यसले यसको भाषाशैलीलाई रोचक र साङ्केतिक-लाक्षणिक पाराको समेत बनाएको छ अनि यसका ती साङ्केतिकता, लाक्षणिकता प्रायः सहज बोधगम्य नै देखिने हुँदा यसका भाषाशैलीको मुख्य विशेषताचाहिं सरलता-सरसता नै हो भन्ने कुरा पनि टङ्कारै छ । यस कथाको भाषाशैलीलाई बढी सरस एवं साङ्केतिक–लाक्षणिक बनाउनुमा यसमा प्रयोग गरिएका विविध नेपाली टुक्काहरूको भूमिका रहेको छ र यसमा प्रयोग गरिएका ती टुक्काहरू हुन्– बल पर्नु, चाकरी गर्नु, सवारी हुनु, रश्मि तेर्सिरहनु, बाटो लाग्नु, डेग बढाउनु, गौर गर्नु, राज हुनु, स्वस्ति गर्नु, हतोत्साहित हुनु, आँखा जँचाउनु, चस्मा फेर्नु, चाकरी पुग्नु, मर्का पर्नु, नजर हुनु, मनमा पर्नु, बास उठ्नु, लखतरान हुनु, गाँस टिप्नु, चुलो फुक्नु, क्रोध देख्नु, छक्क पर्नु, निद्रा पर्नु, चित्त बुझाउनु, नराम्रो पर्नु , मर्जी हुनु, रिस उठ्नु, काबुमा राख्नु, सल्लाह मिल्नु, आशा हुनु, मन लाग्नु, ढिपी गर्नु, गोलबोलीमा कुरो गर्नु, कसुर हुनु, बरबाद हुनु, माफी माग्नु, तयार पर्नु, ढोका कुर्नु, निन्याउरो मुख लाउनु, बिन्ती गर्नु, चाकरी पाउनु, उत्सुक हुनु, रिसानी हुनु, चोट पर्नु, सहन सक्नु, अहङ्कारमा धक्का दिनु, स्पर्श गर्नु, मनमा कुरा खेलाउनु, एक डेग हिंड्नु, दम फुल्नु, दया लाग्नु, विचार हराउनु, टेक राख्नु, थरथर काम्नु, सातो जानु, अँध्यारो देख्नु, भर दिनु, कपाल समात्नु, थुचुक्क बस्नु, खोजीनिती गर्नु, खुट्टा छोड्नु, खुलासा गर्नु, निर्धक्क हुनु, करुणा राख्नु, निकै गाल्नु, धुँवा पार्नु, स्वाँस्वाँ गर्नु, नातागत हुनु, विचार खेल्नु, लडीबुडी खेल्नु, दुःख खेप्नु, ग्लानि हुनु आदि । त्यस्तै यस कथामा यी क्रियामुक्त पदावलीको प्रयोग पनि भएको पाइन्छ–चस्माको पावर, क्रोधको धारा, नातागतको दौडाहा, घोडाको टाप, कम्मरमा हात, दयाको सागर, चाकडीको घोडेयात्रा आदि ।

उपर्युक्त क्रियायुक्त एवं क्रियामुक्त टुक्का-पदावलीको प्रयोगले यस कथामा जहाँ राणाशासनकालीन नेपालको चाकरीप्रथाजस्तो सामन्ती सामाजिक पक्षका साथै त्यस युगमा दबाइएका सर्वसाधारण चाकरिया व्यक्तिको मनका भय, पीर, अशान्ति, हीनताबोधजस्ता मनोवैज्ञानिक पक्षको चित्रणलाई प्रभावकारी बनाएको छ त्यहीं यसको भाषाशैलीलाई रसिलो र हृदयसंवेद्य पार्नुका साथै यसको भावाभिव्यक्तिलाई पनि पर्याप्त सौन्दर्यपूर्ण, साङ्केतिक-लाक्षणिक र कलात्मक पनि तुल्याएको देखिन्छ । त्यस्तै उपर्युक्त टुक्काहरूका प्रयोगद्वारा यस कथामा सामन्ती जरसाहेबको उच्चताबोध र चाकरिया केशवप्रसादको हीनताबोधका व्यर्थता र बेढङ्गप्रति ठाउँठाउँमा व्यङ्ग्योपहास पनि गरिएकै छ । यस लेखमा माथि 'भावविचार' अन्तर्गत विचारसूत्रका रूपमा उद्धृत गरिएका जुन वाक्यहरू छन् ती प्रस्तुत 'दोषी चस्मा' कथाभित्र अत्यन्त सारगर्भित सूक्तिमय कथनका रूपमा रहेका छन् र तिनले यस कथाको भाषाशैलीलाई खँदिलो पनि पारेका छन् । साथै त्यस्ता सूक्तिमय कथनको प्रयोगले गर्दा यस कथाका विषयवस्तुको अभिव्यक्तिमा पर्याप्त कलात्मक गहिराइ थपिन पुगेको कुरो पनि स्मरणीय छँदैछ । त्यस्तै यस कथाको चौथो अनुच्छेदभित्र प्रयोग हुन गएका 'ठाँडो', 'मूर्ख; 'जैरी' र 'मोरी' जस्ता गालीगलौचका शब्दहरूले यसका पूर्वोक्त रोचक, प्रभावकारी र सौन्दर्यपूर्ण भाषाशैलीमा एक त्यस्तो विशेषता पनि थपेका छन् जसलाई शुद्ध हास्य शैली भन्न सकिन्छ र यस शैलीले पनि प्रस्तुत कथाको समष्टि भाषाशैलीलाई प्रभावकारी पार्नमा मद्दत नै पुऱ्याएको देखिन्छ ।

११. निष्कर्ष

नेपाली साहित्यका अग्रणी मनोवैज्ञानिक कथाकार विश्वेश्वरप्रसाद कोइरालाले २००५ सालतिर रचेको र सोही सालमै पहिलोपटक प्रकाशित भई अनि २००६ सालमा उनकै 'दोषी चस्मा' कथासङ्ग्रहमा सङ्कलित भई प्रकाशित

भएपछि निकै प्रसिद्ध बनेको आधुनिक नेपाली कथाक्षेत्रकै एक अमर कथारचना 'दोषी चस्मा' हो । यो २००५ सालतिरको त्यस राष्ट्रिय सामाजिक परिप्रेक्ष्यमा रचिएको कथा हो जुन परिप्रेक्ष्यमा नेपालमा सामन्ती निरङ्कुश राणाशासनको चर्को दमन रहेको र निरङ्कुशता विरुद्ध नेपाली प्रजातान्त्रिक सङ्घर्ष चर्किरहेको युगीन वातावरणसँग जोडिएको छ । तर यस कथामा तद्युगीन प्रजातान्त्रिक सङ्घर्षसँग सम्बन्धित वातावरणको सङ्केतसम्म नदिई केवल तत्कालीन सामन्ती चाकरीप्रथाको र त्यस चाकरीप्रथाका कारणले आफूलाई हीन/तुच्छ/निर्धो ठानी छटपटिई-छटपटिई मनमनै व्यथित-पीडित बनी शारीरिक रूपमा समेत कमजोर बन्न पुग्ने चाकरिया व्यक्तिका व्यक्तिगत मानसिक समस्याको मनोवैज्ञानिक चित्रण गर्ने चासो कथाकारले लिएको देखिन्छ । यस कथामा कथावस्तुगत, पात्रगत र परिवेशगत जुन योजना मिलाइएको छ त्यो पर्याप्त सुसङ्गठित छ र त्यसले सामन्त युगीन चाकरी प्रथाका सामाजिक समस्याका साथै त्यसैका कारण व्यक्ति स्वयंले बेहोर्नुपर्ने मनोवैज्ञानिक समस्यासमेतको यथार्थ एवं रोचक चित्रण गरी यस कथालाई सशक्त सामाजिक-मनोवैज्ञानिक यथार्थवादी कथाका रूपमा चिनाएको छ । यसको शीर्षक-योजना अत्यन्त आकर्षक छ र त्यो संरचनात्मक एवं विषयवस्तुगत दुबै दृष्टिले सार्थक छ । यसमा मुख्यत: व्यक्तिमनका हीनताबोधको तीव्र अभिव्यक्ति गरिएको छ र करुणरसको प्रभावकारी सञ्चारसमेत भएको छ । आफूले गर्नुपर्ने काम यथासमयमै गरिहाल्नुपर्छ भन्ने नैतिक सन्देश नै यस कथाको मुख्य सारवस्तु हो । यसको संरचनात्मक स्वरूपका साथै कथनपद्धति पनि सुसङ्गठित एवं नाट्यगुणयुक्त बनी पर्याप्त रोचक बनेका छन् । यस कथामा जुन भाषाशैलीको प्रयोग गरिएको छ त्यो केही हास्यव्यङ्ग्यचयुक्त भई प्राय: सजिलो-छरितो, प्रवाहमय, साङ्केतिक–लाक्षणिक र सौन्दर्यपूर्ण समेत छ । यिनै विभिन्न विशेषताहरूले गर्दा यो कथा अत्यन्त उत्कृष्ट बन्न पुगेको छ ।

✧✧✧

गीत

⇨ बालकृष्ण भट्टराई

निराशाका बादलले नछोप यो दु:खी मन
आशा नै हो जीवनको प्रेरणाको मीठो धन
मेरो यत्ति पुकार छ थोरै माया साँच्न देऊ
यो धर्तीमा मलाई पनि अलिकति बाँच्न देऊ ।

विरह र वेदनाले मन त्यसै कुँडिएको
देखिर'छ्यौ धेरै चोटि जीवन यो चुँडिएको
अझै किन उदासीन बनी जलन थपिदिन्छ्यौ ?
मुटुभित्र ठाउँ दिन किन यति पीर लिन्छ्यौ ?

स्वार्थ मात्र बोकी हिंड्ने फिरङ्गी पो ठान्यौ कि त ?
आडम्बरी प्रणयीको रूप जस्तै मान्यौ कि त ?
कैलेसम्म वेदनामा रोई बस्ने दु:खी मन
विरहमा रुनु मात्रै जीवन हो ? तिमी भन ।

- भैरहवा

कविता

नेपाळको वैभव

⇨ कोमलदत्त तिवारी

अग्ला पर्वत टल्किने हिमचुली रारा र फेवा जल,
हिमाली छहरा विशाल पहरा मैदानका जङ्गल ।
गैंडा हात्ति र सिंह बाघ वनका अर्ना तथा चित्तल,
चौंरी, माहुरि, कस्तुरी थरि-थरि गोही तथा घोरल ॥

मैदानी वनका मयूर हिमका मूनाल डाँफे चरी
लाखौं जीव पतङ्ग वा जडिबुटि शय्यौं हजारौं थरी ।
नाना रत्न सुवर्णका खनिजले डाँडा पखेरा सब
ढाकेको ढुकुटी सरी सब छ यो 'नेपालको वैभव' ॥

- भैरहवा

यात्रा-संस्मरण

यात्राको किनार पुग्ने हताश्मा

❑ कृष्णप्रसाद वस्याल

भोलिपल्ट सबेरै पाँच बजे हाम्रो यात्रा शुरु हुन्छ। चौथाको होटलबाट हाम्रो बाटो पूर्व उत्तर लाग्दछ । चौथाखोलाको किनारै किनार बिस्तारै चढाइ शुरु हुन्छ । फाटफुट गाउँघर, गहुँ, जौको राम्रो उब्जनी हुने ठाउँ बाटोको दायाँबायाँ देख्न पाइन्छ । तीन घण्टा कस्सिएर हिंडेपछि करीव ९ हजार फीटमाथि रहेको २–३ वटा होटल, भण्डारी क्षत्रीका ८–९ वटा घर भएको भुलभुले नामक ठाउँमा पुग्छौं । वरिपरि लेकले घेरिएको खोंच भै यहाँ अझै घाम नपरिसकेकाले प्युँसा असाध्य लाग्दो रहेछ । थिया पिउन्जेल पनि हामी प्युँसाबाट निकै पीडित हुन्छौं । घाम परेपछि भने यी प्युँसा हराउँदा रहेछन् । अत्यधिक उचाइ होला यहाँ जौं, गहुँ हरियै देखिन्छ । फापर भर्खर उम्रिएको छ । गहुँ, जौ पाक्न अझै डेढ महिना लाग्ने हुँदा वर्षको एक बाली मात्र भित्रिन्छ । यत्तिकैमा २५-३० वटा खच्चरले बाटो काट्छन् । यस भेगमा यिनै खच्चर र भेडा च्याङ्ग्रा नै ढुवानीका सरल र सस्तो साधन हुन् । यहाँ जति बढी संख्यामा खच्चर भेंडा पाल्न सक्यो उति सम्पन्न र हुने खाने मानिन्छ ।

एकछिनको शक्ति सञ्चय पछि पुनः बाटो लाग्छौं । चढाइ बिस्तारै बढ्छ । जति अघि बढ्दै गयो उति रमाइला पाटन तथा गाई, गोरु, खच्चर, भेंडा चरेका विशाल चहुर (पाटन) भेटिन्छन् । पाटनमा सेता, राता, पहेंला, कलेजी रङ्गका विभिन्न भुइँफूल फुलेको देखेर हामी प्रसन्न हुन्छौं । कुनै बेला खप्तडको पाटनमा हिंडेको सम्झना आउँछ । हेर्दै हिंड्दै गर्दा समय बितेको पत्तै हुँदैन । घडीमा १० बजेको छ । यत्तिकैमा १२,६१२ फीटमाथि रहेको यस भेकके प्रसिद्ध घुच्चीलेकको शिखरमा पुग्छौं । दुङ्गैदुङ्गाले चिनेर बनाएको देउराली देवीलाई फूल चढाउँछौं । यही लेकको शिखरले जुम्ला र मुगु जिल्लालाई छुटयाउँछ । हिउँदमा यहाँ १ फिटसम्म हिउँ पर्दछ ।

२ घण्टाको ठाडो ओरालो जङ्गलैजङ्गल ओर्लेपछि मुगु जिल्लाको पहिलो गाउँ पिना आउँछ । गाउँ नपुग्दै पँधेरा नजीक एउटी युवतीले ठूलो तामाको ताउलोमा केही पकाइरहेको दृश्य देख्छौं । सोद्धा मैला लुगा खरानीमा पकाएको र अब राम्रो पाकिसकेपछि मुङ्गाले ठटाउँदा खरानीसँगै लुगाको मैलापनि हट्न गै लुगा सुकिलो हुने कुरा सुनियो । अन्यत्र रु. ८/- पर्ने एउटा साबुनलाई यस ठाउँमा २२/२४ रुपैयाँ पर्ने र घरभरिका लुगा साबुनले धोएमा अधिक खर्चिलो भै सम्भव नहुने हुँदा यो प्रविधि अपनाइएको रहेछ ।

पिना गाउँ ६०–७० घर ठकुरी वस्ती भएको उत्तरायण फर्केको समुन्द्रतहदेखि करीब ५,००० फीट उचाइमा रहेको अलि अबल किसिमको घमाइलो ठाउँ हुँदा यतिखेर गहुँ जौ राम्रो पाकिसकेको छ । धमाधम वाली थन्क्याउने काम भइरहेको छ । ठकुरी बस्ती हुँदा यहाँ लवाइखवाइमा वरिपरि वा गाउँभन्दा सम्पन्नता देखिन्छ । आइमाईले राम्रै खालको चोलो, धोती, पटुका, गादो लाउँछन् भने पुरुषहरूले दौरा, सुरुवाल, कोट, स्वीटर, पैन्ट लगाउँछन् । खेत नभए पनि बारीमा फल्ने गहुँ, जौ, कोदो चिनो, कागुनोको राम्रो उत्पादन हुने हुँदा खान पुग्छ र बाहिरबाट खाद्यान्न बेसाउन पर्दैन । यहाँ स्याउको बोट भने देखिएन तर चुली, आरु, नास्पाती, आरुवखडा र आरुका बोट भने प्रशस्तै देख्न पाइन्छ । बारीमा गहुँ, जौ काटेर कोदो पनि ठाउँठाउँमा छरिसकेको देखिन्छ । जुम्ला मुगुतिर जाडो सकिएपछि गर्मी मौसमको अवधिभर अत्यन्त झिंगा (माँखा) लाग्छ । त्यसैले खलङ्गा र गमगढी जस्ता जिल्लाका सदरमुकाम स्थित घरका झ्याल ढोकामा जाली राख्ने चलन आइसके पनि पिना जस्तो गाउँमा त्यस्तो चलन कहिले र कसरी आइपुग्नु ? एकजना ठकुरी सज्जनकहाँ खाना तयार गर्न लगाई खान बस्छौं । तर भात पस्कनासाथ थालमाथि असंख्य झिंगाले एकैचोटी आक्रमण गर्न थाल्छन् । त्यो देखेर हतपत्त एउटा तौलिया खोजेर ल्याई पङ्खा झैं हम्किन थाल्छ त्यति भातको गाससँगै झिंगा मुखमा पस्ने आवश्यम्भावी थियो । खाना खाई गाउँको तल मूलबाटो ओर्लन्छौं ।

पिना गाउँको पुछारमा रहेको तेर्सोबाटो बालै खोलाको किनारै किनार तीन घण्टा हिंडेपछि मुगु जिल्लाको सदरमुकाम गमगढी पुग्छौं । पहिले रारा तालको नजिक रारा गाउँमा रहेको सदरमुकाम यातायातको कठिनाइ र हिउँदमा हिउँ पर्नाको कारण २०२२ साल आश्विन महिनामा यस ठाउँमा सारिएको रहेछ । समुन्द्र सतह करीब ६००० फीट उचाइमा रहेको दक्षिणबाट उत्तर ओरालो फर्केको एउटा डाँडामा दोहोरो लाइन घर भएको साँगुरो र सानो बजार हो यो । यहाँ जिल्लास्तरीय सबै कार्यालय छन् ।

यस क्षेत्रमा मल्ल वंशको शासनकालमा राजाहरूबाट आफ्नो इष्टदेवी स्वरूप स्थापना गरिएको कालिका–मालिकाको मन्दिर बजारको बीचमा अवस्थित छ । मालिका र कालिकाको जोडिएको मन्दिरको एउटै आँगनमा २ ढोका छन् । मालिका देवीलाई दूधमात्र चढाइन्छ भने कालिकाको ढोकामा बलि चढाइने भोग दिने गरिन्छ । दशैंको अष्टमीमा टाढाटाढाबाट मानिसहरू यहाँ बलि दिन आउँछन् । मल्ल राजाहरूको पालामा मुद्दा मामिलामा आउने पक्षहरूलाई साँचो झुटो बकाउने क्रममा यही मन्दिरमा ल्याइन्थ्यो भने पछि गौंडामा काम गर्ने राणा बडाहाकिमहरूले पनि यही प्रचलन दोहऱ्याएका थिए । त्यस्तो प्रशासनिक, न्यायिक काम गर्ने ठाउँलाई त्यसबेला गढी भनिने र मुगु जिल्लाका पाँच दरा मध्ये यो ठाउँ गमदरामा पर्ने हुँदा यस ठाउँको नाम नै गमगढी रहन गएको हो । श्रीनगर गाउँ विकास समितिको वार्ड नं ५ मा गमगढी सदरमुकाम अवस्थित छ । आधाभन्दा बढी कार्यालयहरू भाडामा बसेका छन् र कारागार पनि भाडामा बसेको छ । कारागारमा यतिखेर एक पनि कैदी रहेनछ । घर छाउन लायक ढुङ्गा पनि नपाइने भएर होला कतिपय घरका छाना सल्लाका फल्याकले छाइएको पनि यहीं देख्न पाइन्छ ।

गत साल मात्रै दुई लाइन सार्वजनिक टेलिफोन स्थापना गरिएकोमा महिनौं दिनदेखि बिग्रिएर रहेको छ । सोझै काठमाण्डौंसँग सम्पर्क भै त्यसपछि मात्र अन्यत्र सम्पर्क हुने जापानी प्रविधिबाट स्थापना गरिएको यस सञ्चार व्यवस्था सम्बन्धी तालिम लिन दुर्गम क्षेत्रकै कोटाबाट नेपाल दूरसञ्चार संस्थानका कर्मचारीलाई जापान पनि पठाइयो तर तालिम लिएर फर्केपछि उनीहरू यहाँ आउँदै आएनन् र काठमाण्डौं वा सुगमतिरै बसे । यता तत्सम्बन्धी दक्ष प्राविधिकको अभावमा टेलिफोन लाइन बराबर बिग्रिइरहन्छ भन्ने स्थानीय व्यक्तिको गुनासो सुन्न पाइन्छ।

गमगढी डाडाँको उत्तरी पश्चिमी पाखोमा २०४०-०४१ सालदेखि निर्माण कार्य शुरु भै अझै पूरा हुन नसकेको जिल्ला अस्पतालका ८-१० घर मध्ये हस्तान्तरण नहँदै केही घरका छाना भत्कन लागेको अचम्मको दृश्य देखिन्छ । गमगढीबाट २०० फिट जति तल खोंचमा उत्तरबाट आएर पश्चिमतर्फ बगेको मुगु कर्णालीको दृश्य बजारको पुछारमा रहेको हेलिप्याडनेरबाट हेर्दा रमाइलो देखिन्छ । गमगढी बजारको पूर्व दक्षिणतर्फ केहीमाथि मिरालोमा कार्कीबाडा भन्ने गाउँ छ । यही गाउँको थाप्लोमा ताल्चा भन्ने ठाउँमा विगत १० वर्षदेखि बन्दै गरेको र अझै पूरा नभएको विमानस्थलले हाम्रो विकास निर्माणको नमुना प्रदर्शन गरिरहेको कुरा स्थानीय बुद्धिजीवी बताउँदछन् ।

यतिबेला दिउँसोको ४ मात्रै बजेको छ । आषाढको महिना हुँदा ७ बजेसम्म उज्यालै हुन्छ र हिंड्न सकिन्छ । यहाँबाट कस्सिएर हिंड्दा ३ घण्टामा रारा पुग्न सकिन्छ र वहीं बास बस्ने हाम्रो इच्छा हुँदाहुँदै पनि जिल्ला न्यायाधीश नारायणप्रसाद श्रेष्ठको आग्रहमा हामी सो दिन गमगढी नै बास बस्ने निधो गर्छौं । रारा पुग्ने जतिसुकै हतारमा भएपनि अत्यन्त सज्जन र सहृदयी मित्र श्री श्रेष्ठजीको आतिथ्यलाई अस्वीकार गर्न सक्दैनौं ।

भोलिपल्ट गमगढीबाट बिहानै दक्षिण पश्चिमको उकालो लाग्छौं । बाटोमा पर्ने तुम गाउँ हुँदै २ घण्टा उकालो चढेपछि रारा राष्ट्रिय निकुञ्जको क्षेत्र शुरु हुन्छ र पहिलो प्रवेशद्वार झ्यारीको चेकपोष्टबाट हामी प्रवेश गर्छौं । आधा घण्टाको जङ्गल हिंडेपछि रुख बुट्यानको बीचबाटै चियाउँदा रारा तालको एक छेउको नीलो पानी देखिन्छ । हामीमा रोमाञ्च र कौतूहल पैदा हुन्छ । केहीक्षण हिंडेपछि एकदमै राराको किनारमा पुग्छौं । हाम्रो मन खुसीले हर्ष विभोर हुन्छ । एउटा ठूलो युद्ध जितेको अनुभव गर्छौं । बाटो भरिका दुःख कष्ट बिर्सन्छौं ।

तालको किनारै किनार जङ्गलको बुट्यान र हरियाली बीचबाट १ घण्टा हिंडेपछि एकछिन बाटै छेउ ठूलो रुखको आडमा बसेर आनन्दको अनुभूति ग्रहण गर्दागर्दै म निम्न श्लोक टिप्न पुग्छु ।

'मैं हुँ यात्री विकल मनको पुग्नलाई हतार
देखी छक्कै मत परिगएँ दिव्य तिम्रो मुहार
जो जे भोगें कठिन पथमा दुःख औ कष्ट सारा
बिर्सें जम्मै जब म त पुगें टेक्न तिम्रो किनारा'

केही बेर हिंडेपछि रारा राष्ट्रिय निकुञ्जको वार्डेन कार्यालय र शाही सेनाको गुल्म रहेको हुटु भन्ने ठाउँमा पुग्छौं। यहाँबाट गोलाकार रूपमा निर्मल र कञ्चन पानीको सम्पूर्ण भाग एकैचोटी देख्न पाइन्छ । यतिखेर १० बजी सकेको हुँदा पानीमा छाल उठी किनारालाई चुम्दै फर्कदै गरेको दृश्य साह्रै मनोरम देखिन्छ । वरिपरि अग्लाअग्ला हरिया लेक र जङ्गल पहाडको बीचमा समुन्द्र सतहदेखि ९९५० फीट उचाइमा रहेको यो ताल नेपालको सबै भन्दा ठूलो ताल हो । २०२० साल चैत्र महिनामा स्वर्गीय श्री ५ महेन्द्रको यस ठाउँमा सवारी भै अवलोकन भएपछि यसले प्रसिद्धि पाएको हो । त्यसैबेला यसको लम्बाइ चौडाइ र गहिराइको नाप जाँच भयो । पूर्व पश्चिम लम्बाइ ५ किलोमिटर, उत्तर दक्षिण चौडाइ ३ किलोमिटर, अधिकतम गहिराइ भएको ठाउँमा १६७ मिटर गहिरो र १०.८ वर्गकिलोमिटर क्षेत्रफल कायम भएकोले पोखराको फेवाताल भन्दा ठूलो र सौन्दर्यको दृष्टिले पनि उत्तम मानिएको हो । श्री ५ महेन्द्रलाई साह्रै मन परेको ठाउँ हुँदा यसको दक्षिण किनारको मिलिचौर भन्ने ठाउँमा मौसुफ ७ दिनसम्म राजहोइबक्सेको, कवि गोष्ठी सम्पन्न भएको, ३१ जना कविले गोष्ठीमा भाग लिएको मौसुफ स्वयंबाट पनि राराबाट मुग्ध भै रचना भएको 'राराकी अप्सरा' भन्ने कविता सुनाइबक्सेको कुरा सो कवि गोष्ठीमा भाग लिएका जुम्ला बोहरा गाउँ निवासी साहित्य प्रेमी एवं समाजसेवी महाशाङ्कर देवकोटाले कुनै बेला भनेको कुरा सम्झन्छौं । वार्डेन कार्यालयका रेन्जर केशवराज आचार्यबाट गाइडको सेवा प्राप्त हुन्छ। हामीलाई पनि उक्त ठाउँमा जान उत्सुकता भएकोले गोलाकारतालको पश्चिमी किनारा समात्छौं । कस्सिएर तालको किनारै किनार हिंडेपछि डेढ घण्टामा हुटुको ठीक पारीपट्टि दक्षिणतर्फ मिलीचौर भन्ने ठाउँमा पुग्छौं । पहिले त्यस ठाउँमा ट्वीन अटर विमान ओर्लने गरेकोमा हाल रुख पात उम्रिएर हुर्किसकेकाले चौरको क्षेत्र साँगुरिएको छ । मिलिचौरको एउटा चौतारी जस्तो ठाउँको शिलामा यस्तो लेखिएको रहेछ ।

'सुन्दरताको भण्डारसारा
राखी खन्यायौ यसै रारामा
राराकी अप्सरा
२०२०/१२/१०/२
स्व.म.वि.वि. शाह

म. वि. वि. शाहको अगाडि स्व. लेखिएकोले यो शिलालेख उसैबेला बनेको नभै राजा महेन्द्रको स्वर्गवास भैसकेपछि कसैले लेखिदिएको भन्ने बुझिन्छ ।

कला र सांस्कृतिका पारखी हिन्दू सम्राट् प्रकृति प्रेमी कवि राजा महेन्द्रको उक्त पङ्क्ति पढिसकेपछि मलाई पनि केही शब्द कोर्न मन लाग्छ र मनको भावना पछि बिर्सिएला भनेर हतपत टिप्न थाल्छु

'आए राजा कविवर स्वयं लेक बेसी घुमेर
लेखे रारा अतुल भवमा अप्सरा हौ भनेर
लेख्छौ के पो कविहरू यहाँ काव्य नै चाहिंदैन
आउ आफै नगर तुलना शब्द नै पाइँदैन'

यतिखेर आकाश सफा छ । सूर्यलाई तालले आफूमै समाहित गरेको र वरिपरिका जङ्गल र पहाडको प्रतिबिम्ब तालमा पर्नाले रमाइलो दृश्य देखिन्छ । निकुञ्जको कार्यालयमा फर्कन्छौं । कार्यालयबाट जानकारी पाए अनुसार ०३५ सालमा स्थापित यी निकुञ्जको पूरा क्षेत्र १०६ वर्गकिलोमिटरमा फैलिएको छ । कस्तो अचम्म निकुञ्ज चाहिं अधिराज्यमा सबैभन्दा सानो रे त्यसभित्र भएको ताल चाहिं सबैभन्दा ठूलो रे । २०३२ सालमा तालको उत्तरतर्फ डाडाँमा रहेको रारा र छापु भन्ने दुइवटा ठकुरी बस्ती भएका ठूलाठूला गाउँ उठाई उनीहरूलाई बर्दियाको चिसापानी र गावर भन्ने ठाउँमा सारेपछि २०३५ सालदेखि यो क्षेत्रलाई निकुञ्ज घोषणा गरिएको हो । यस निकुञ्ज भित्र डाँफे, मुनाल, कालिज, कुट भन्ने कालो जल पन्छी, हिउँ चितुवा, कस्तुरी, हिमाली कालो भालु, रतुवा, हिमाली थार, घोरल वन कुकुर, नावर व्वासो, जङ्गली बनेल पाइन्छन् । रुख वृक्षमा गोब्रे सल्ला, भोटेसल्लो, देवदार, धूपी, खोटे सल्लो, खर्सु, भोजपत्र, निगाला प्रमुख छन् ।

विदेशी पर्यटकहरू आश्विन, कार्तिक महिनामा बढी आउँछन् । उनीहरुलाई पाल टाँगेर बस्नको निमित्त वार्डेन कार्यालयको पश्चिम पट्टिको चहुरमा Camping Area छुट्याइएको छ । वार्डेन कार्यालयको एउटा कोठामा मरेका मृग, मलसाप्रो, विष नभएको सर्प, ब्वाँसो, जङ्गली कुकुर,

थार आदिको अवशेष र कस्तुरीको सिङ् खुट्टा र कुट वा कोकर भन्ने जल पन्छीको छाला सजाएर सुरक्षित राखिएकोले निकुञ्जमा हेर्न लायक र आकर्षक वस्तु यो पनि हो । जता हेरे पनि चहुरै भरि राता निला सेता पहेला भुइँमा फुल्ने फूल यत्रतत्र फुलेर शोभा दिइरहेको छन् । गुल्मको ढोकैनेर शाहीसेनाले बनाएको मन्दिर र तालको पानीनै छुन खोज्नेगरी बनाइको हेलिलप्याड पनि हेर्न लाएक छ । गुल्मको परिसर भित्र स्याउको बोट प्रशस्त मात्रामा लगाइएको छ । वार्डेन कार्यालय र गुल्मको आ–आपनै आवा सेट छन् जो सौर्य व्याट्रीबाट सञ्चालित हुन्छ । अलिकति माथि डाँडाको खोल्साबाट खानेपानी ल्याई सबैतिर पुऱ्याएको छ । वार्डेन कार्यालयको निवास नजिक भएको वर्षा तथा जल वायु नाप्ने यन्त्रले जाडोमा माइनस १४ डिग्री सम्म रेकर्ड गरेको रहेछ ।

यहाँका जङ्गली जनावर खासगरी बनेलले निकुञ्ज वरिपरि छेउछाउका गाउँ बस्तीमा पसी बालीनाली खाइदिने गर्छन् । तर गाउँलेले केही गर्न पाउँदैनन् । गाउँलेका भैंसी र गाईवस्तु भने निकुञ्ज भित्र अलिकति पनि पस्नासाथ शाही सैनिकबाट पक्रिन्छ र वार्डेन कार्यालयको कान्जी हाउसमा थुनेर राखिन्छ । वार्डेनले जरीवाना गरेपछि मात्र धनीले फिर्ता लान पाउँछन् । यो समस्या अधिराज्यका अरू निकुञ्जमा पनि पाइन्छ ।

यस सम्बन्धमा वरिपरिका गाउँ विकास समिति प्रमुख समेतलाई बेला बेलामा बोलाई बैठक राखी कानूनी व्यवस्थाको कुरा सम्झाउने बुझाउने प्रयास भैरहेको भनी वार्डेन श्री लालविहारी यादव भन्नुहुन्छ ।

रारा तालको वरिपरि किनारै किनार घुम्न लाएक चौडा बाटो (चक्रपथ) छ जो २०२० सालमा निर्माण भै वार्डेन कार्यालयले बेला बेलामा मर्मत गर्दै आएको छ । यो बाटो भएर पुरै ताल घुम्न ५–६ घण्टा जति लाग्छ । रारा तालको जलाधार उत्तर दक्षिणका लेकबाट बगेर आउने पानीका मुहान (खोल्सा) नै हुन् र तालभित्र बाटै पनि पानी उम्रिएको अनुमान गरिएको छ । हिउँदमा वरिपरि सबैतिर हिउँले ढाक्छ । ७–८ फीटसम्म हिउँ पर्नु सामान्य कुरा हो तर तालको पानीमा परेको हिउँ भने छाल उठिरहने कारण जम्न पाउँदैन र कहिल्यै घटबढ नहुने तालको पानी यथावत् रहन्छ । तालको निकास भने पश्चिमतिर मात्रै छ जो पछि गएर उत्तर दक्षिण हुँदै बग्दै आएको खत्याड खोलामा मिसिन पुग्छ ।

वार्डेन कार्यालयको गेष्ट हाउसमा सुतेका हुन्छौं । जुनेली रातमा राराको दृश्य हेर्न उत्सुकता हुन्छ । घडीमा रातको १ बजेको थियो । वर्षाको मौसम भए पनि वादल वर्षा केही नहुँदा प्रकृतिलाई धन्यवाद दिन्छौं । जुनको टहटह उज्यालो तालको पानीमा पर्दा सम्पूर्ण तालनै एउटा चाँदीको थाल झैं देखिन्छ । बिहानको ८ बजे पछि हावा चल्ने भै छाल उठ्न थाल्ने र डुङ्गा चलाउन नमिल्ने सुनेर भोलिपल्ट सबैरै उठ्छौं । ७ बजे लाइफ ज्याकेट लगाएर एकछिन नौका विहार (Boating) गरिसकेपछि हेरेर कहिल्यै मन नअघाउने र आँखा नथाक्ने यस अनुपम ठाउँलाई बाध्यतावश ८ बजेतिर छोड्छौं । राराको पश्चिमी किनार हुँदै हाम्रा पाइला अघि बढ्छन् ।

तालको एकदमै सुदुर पश्चिमको कुनामा पुगेपछि तालको क्षेत्र सकिएर तालको पानीले कुलो (सानो खोलाको मुहान जस्तो) को रूप लिन्छ । कुलोमाथि एउटा काठे पुल छ । यो पुल तरेपछि दक्षिणी किनारतिर लागिन्छ जुन पुल तरी हिजो हामी किनारै किनार हुँदै चक्रपथ भएर जङ्गलको हरियाली र तालको दृश्यावलोकन गर्दै मिलीचौरतिर लागेका थियौं । आज यो पुल तर्नु पर्दैन र पुलको उत्तरी छेउबाट सोझै पश्चिमतिर मूलबाटो लाग्छ । मूलबाटो लगिसकेपछि अब ताल देख्न नपाइने हुँदा तालको अन्तिम दर्शन गर्छौं र सम्झना स्वरूप एउटा फोटो खिन्छौं । पश्चिमतर्फको मूलबाटो समात्छौं मनमा कहिल्यै नमेटिने एउटा अमीट छाप बोकेर –

'धोको मेरो बहुत दिनको आज पूरा भए झैं
कस्तो कस्तो दिल हुन गयो आज चङ्गा बने झैं
देख्दा सारा अनुपमछटा मुग्ध को पो हुँदैन ?
लेखुँ खै के कलम मसिले भावना पोखिदैन'

जुम्ला २५-२७ आषाढ २०५४

एउटै स्वका हाँगा एउटा मूर्ति हुन्छ अर्को अचानो हुन्छ, एकै पृथ्वीका सन्तान कोही आफ्नो हुन्छ कोही बिरानो हुन्छ – भीमनिधि तिवारी
दुख: सिद्धान्तको कसी हो, यो विना मानिसले आफ्नो इमान्दारी र बेइमानी चिन्न सक्तैन – फिल्डिङ्
एउटी बुढी स्वास्नीले आफ्नो लोग्नेलाई आज्ञाकारी भएर शासन गर्छे – बि.साररश

कथा

नियति

❑ उत्तमकृष्ण मजगैयाँ

कार्यबस त्यो गोरेटो बाटो म धेरैपल्ट हिंडिसकेको थिएँ तर बाटोको बाङ्गोटिङ्गो रेखा बाहेक अरू कुनै कुरातिर मेरो ध्यान अडेको थिएन । हिंडिरहेको बेला मेरो मस्तिष्क प्रायः कुनै न कुनै विचारमा अल्झिएकै हुन्छ, त्यसैले बाटोको वरिपरि रहेका वस्तुहरू मेरा आँखा सामु आए पनि निकै प्रभावकारी वस्तु बाहेक अरू सामान्य वस्तु मेरो स्मरणमा रहँदैनन् । मेरो यही स्वभावका कारण त्यो गोरेटोको छेउकै बारीमा नीला, सेता फूलहरूले ढकमक्क भएको आरुको बोटतिर मेरो दृष्टि अडेको थिएन । मेरो मित्रले यसतर्फ न औंल्याएको भए म आज पनि यो सौन्दर्य देख्नबाट वञ्चित हुने थिएँ । त्यस आरुको बोटको छेउछाउ हाँगा भाँचिएलान् झैं फलले लादिएका मेवाका केही बोटहरू पनि थिए । कपासका दुईचार बोटहरूबाट सुकेको कपास श्वेत मुस्कान छरेर हाँसिरहेको थियो । प्रकृतिका यी मधुमय मुस्कान थिए तर निश्चय पनि यही देखाउन मात्र मेरो मित्रले मलाई रोकेको थिएन । म उसको भावुक कवि-हृदयसँग परिचित थिएँ । मैले उसका आँखा पछ्याएँ जो केही पर रहेको एउटा भत्केको घरमाथि केन्द्रित थिए । मेरालागि यो एउटा जीर्ण घर बाहेक केही थिएन जसका निवासी सम्भवतः यो ठाउँ छोडेर अन्यत्र कहीं गइसकेका थिए । उपेक्षित भएर नै यस घरको यस्तो दशा भयो होला । यो बाहेक अरू के हुन सक्छ ? तर मित्रका आँखामा छिचोल्न नसकिने दुर्बोध्य गहिराइ र अनुहारमा अतिशय गम्भीरता देख्दा मेरो पनि केही जिज्ञासा बढ्यो । मेरा मित्रका पाइला सुस्त सुस्त त्यही आधा जति भत्किसकेको जीर्ण घरतिर बढ्न थालेपछि म पनि यन्त्रचालित झैं उसको पछि-पछि लागें । केही वेरपछि नै हामी त्यस घरको आँगनसम्म गाइपुग्यौं । आँगन जङ्गली घाँसपातले ढाकिएको थियो जसको बीचबीचबाट गुलाफ र सयपत्रीका दुईचार ओटा बोटहरू स्याहार सुसार विना पनि जङ्गलका फूल झैं फुलिरहेका थिए । मित्रका आँखा पछ्याउँदै मेरा आँखा भित्ता खसेको घरतिरै केन्द्रित हुन पुगे । केही वर्ष नछाइएकोले फुसको छानो गलिसकेको थियो तथा डाँडाभाटाहरू नाङ्गै देखिन्थे । घरको भित्र पनि घाँसपात र जङ्गली काँढाका बोटहरू झाङ्गिएका थिए । एकछेउको केही सुख्खा जमिनमाथि खोइरोले खचक्क परेको एउटा बूढो कुकुर गुडुल्किएर सुतिरहेको थियो । हामी आएको चाल पाएर एकक्षणका लागि उसको ध्यान हामीतिर आकृष्ट भयो तर तत्क्षण हाम्रो उपेक्षा गर्दै ऊ पुनः आफ्नो पुरानै मुद्रामा गुडुल्कियो ।

हामी बाहिर आयौं । मित्रका आँखा त्यस घरसँगै जोडिएको बाँझो बारीको लामो फाँटमाथि दौडँदै थिए । विधवाको श्रीहीन अनुहार र उराठ मन जस्तै त्यो बाँझो फाँट पनि केही दिनसक्ने क्षमता र आकाङ्क्षालाई आफ्नो छातीभित्रै गुम्स्याएर चुपचाप पसिएको थियो । यत्तिकैमा पूर्वतिरबाट ढुक्कुरका एकजोडी उड्दै आएर त्यही आरुको एउटा पातलो हाँगामाथि बसे । उनको बसाइको बेगले केही थर्केर हाँगाबाट दुई-चारवटा फूलहरू बर्सिए । प्रसन्न भाले मीठो स्वरमा बास्न थाल्यो तथा पोथी तरङ्गमा इतरिन थाली । उनको यस प्रीत-रसबाट त्यस ठाउँको कण-कण निथ्रुक्क भिज्न थाल्यो ।

'कुनै दिन यस खण्डहरमा पनि जीवनका यस्तै सुमधुर स्वर-लहरीहरू गुञ्जिरहन्थे' – मित्रले वातावरणको मौनता भङ्ग गर्दै मसँग भन्यो । उत्सुकतावश म उसको अनुहारतिर हेर्न थालें ।

उसले ममाथि गहिरो दृष्टि फर्याँकेर भन्यो – 'हाम्रो घरमा काम गर्ने थारु केटो जग्गुलाई चिनेको त छस् ? यो उसैको घर हो ।'

मैले जग्गुलाई चिनेको थिएँ एउटा अनाथ केटोको रूपमा । तर उसको अनुहारमा सधैंभरि व्याप्त भइरहने गम्भीरता भित्र के लुकेको छ, यो बुझ्ने प्रयास भने कहिले पनि गरेको थिइन । उत्सुकतावश सोधें – ' के यो जग्गुको घर हो ?'

'हो ! .....' मित्र गम्भीर स्वरमा बोल्यो– 'आज बञ्जर देखिने यस क्षेत्रमा केही वर्ष अघिसम्म जीवनका उन्मुक्त हाँसोहरू पौडिरहन्थे । आँगनका फूलहरूले वसन्तसँग भन्ने गर्थे – तिमी यहाँ जीवन छर, हामी तिमीलाई तिम्रो नामको सार्थकता दिन्छौं । आफ्नो अदम्य उत्साह र अथक परिश्रमद्वारा बुझाउन थारुले यहाँ आफ्नो स्वर्गको सृष्टि गरेको थियो' – मेरो मित्र अति भावुक भएर कविता झैं बोल्न थाल्यो .....

..... केही श्याम वर्ष, तर हृष्टपुष्ट र सुन्दर गबरु जवान थियो बुझाउन थारु ! ऊ निकै बलियो पनि थियो । उसले मुरी–पच्चीस पाथी धान बोकेर दिनभरिको बाटो सजिलै कुदाउन सक्थ्यो । वनको दाउरा, खर-बाबियोको भारी अरूको भन्दा उसकै जब्बर हुन्थे । निकै जीवन्त थियो त्यो थारु !

बुझाउनकी स्वास्नी लब्री पनि उसकै जोठकी थिई । बुझाउनले आफ्नो बल-पौरखले सुन्दर संसारको सिर्जना गरेको थियो भने लब्रीले पनि आफ्नो हातको स्पर्श, स्वरको मृदुलता र गृह-कुशलताले त्यसमाथि अमृत छर्केकी थिई । झण्डै पाँचवर्ष पहिले बुझाउनले पुरै पाँचसय तिरेर लब्रीलाई उसको बाबुसँग हात थापी ल्याएको थियो । घरको एक्लो तर हिम्मती र पौरखी देखेर बाबुले आफ्नी छोरीको भार बुझाउनका सबल बाँधमाथि खुसीखुसी हालिदियो । तर यो भार बुझाउनलाई फूलभन्दा गह्रुङ्गो लागेन । यस पाँचवर्ष कै अवधिमा यिनीहरू तीनवटा छोराको बाबु-आमा बनिसकेका थिए ।

सुस्तसुस्त दिनहरू व्यतित हुन थाले । अर्काको घरमा श्रम गरेर खानु पर्ने बाध्यता थियो, तर मन यो दासतालाई स्वीकार गर्दैनथ्यो । पशुले झैं काम गर्दा पनि पुरस्कारको साटो उल्टो गाली र बेइज्जती सहनु पर्दा कहिलेकाहीं उनको मनमा विद्रोह पनि जाग्ने गर्थ्यो । सोच्थें – ' धरतीमाताका सन्तान किसान हामी, तर हामीसँग आफ्नो भन्नु एक टुक्रा जमिन पनि छैन । मालिकको कृपाले मात्रै हाम्रो दाना-पानी जुर्छ । त्यो दिन कस्तो होला जुन दिन हाम्रो पनि आफ्नो खेत वारी होला ! के आउला त्यस्तो दिन ?'

दुबै लोग्ने स्वास्नीले बाबुलाल घर्तीको घरमा काम गर्थे बुझाउन जस्तो कमैया पाएर घर्ती अत्यन्त प्रसन्न थियो भने लब्रीजस्ती कम्लहरीसँग घर्तीको घरका आइमाईहरू पनि मुग्ध थिए । घर्तीको व्यवहार निकै रुखो भएकोले उसको घर छोडेर अब उनीहरूले रामबहादुर सुब्बाको घरमा काम गर्न थाले तर सुब्बा अझ कठोर र दुष्ट रहेछन् । आफ्नो गालामा उनको थप्पड पर्दा पनि बुझाउन केही बोलेको थिएन तर सुब्बेनीले लब्रीको सानो गल्तीमा पनिउसलाई तथानाम गाली गरेको सुनेर बुझाउनलाई सहिनसक्नु भयो । दुइटा साना बालकलाई छाप्रोमा एक्लै छाडेर तथा काखको लाई पिठ्यूँमा बोकेर-दस-बाह्र घण्टा जति काम गर्दा पनि यत्रो बेइज्जती ? यस्तो गाली गलौज ? बुझाउनले मुख फोऱ्यो' गरीब भनेर मुखमा जे आयो त्यै मनपरि नबोल है ! रण्डी, बोक्सी किन भन्या लब्रीलाई ?

'नोकर भएर मुख लाग्छस् ?' सुब्बेनी गर्जिन् ।

'बडो मालिक ठहरिएका !' – बुझाउनले मनको घृणा वाक्यो ।

'के त ? खर्च भरेर नोकर राख्या हैन ?' – सुब्बेनीले आफ्नै रुआफमा भनिन् ।

'पसिना काढेका छौं – पसिना ! के सित्तै घा' छौ ? – बुझाउन पनि रन्क्यो ।

दुबैको उच्च स्वर सुनेर सुब्बा त्यहीं आइपुगे तर उनले पनि विवेक देखाएनन् । बुझाउनको गालमा एक चडकन हान्दै चिच्याएर – 'आइमाईसित मुख लाग्ने पाजी ! तुरुन्त निस्किहाल् ! अलिअलि बोसो लाग्न थालेछ र मात्न थाल्यो ।'

आफ्नो अपमानले बुझाउनका लोग्ने स्वास्नी दुबै क्षुब्ध भए । बुझाउनले लब्रीको पाखुरा समोतर भन्यो – 'जाऊँ हिंड् । अब यहाँ एकछिन पनि बसिन्न । दस नङ्ग्रा खियाएपछि दाना-पानी जहाँ पनि पाइन्छ ।'

सुब्बाले सधैं शान्त रहने बुझाउनको यस रूपको कल्पना गरेकै थिएनन् । यो जाँगरिलो जोडीलाई पन्छ्याएर कामको कति दुःख होला भन्ने कुरा झट्ट सम्झँदासाथ सुब्बा आफ्नो व्यर्थको आवेशले कुरा विग्रन थालेको देखेर फतक्क गल्दै कुरा सपार्ने गर्न थाले तर स्वाभिमानी बुझाउनले दृढता साथ उत्तर दियो – 'भो, बरु भोकै मरौंला तर

आजदेखि तिम्रो आँगन कुर्ने छैनौं ।' सुब्बाले उसलाई फकाउन धेरै बेरसम्म मनोविज्ञानको खिचडी पकाए तर सफल भएनन् ।

बुझाउन र लब्री आफ्नो छाप्रोभित्र पसे । दुबैको अनुहारमा गहन चिन्ता व्याप्त थियो । बुझाउन छेउको खातमा पल्ट्यो र एउटा दीर्घ निश्वास छोड्यो । लब्री पनि त्यही खाटकै एक छेउमा बसेर काखको छोरालाई दूध चुसाउन थाली ।

'अब के गर्ने ?' लब्रीले बुझाउनसित भनी ।

'.....' – बुझाउनले लब्रीको अनुहारतिर पुलुक्क हेर्‍यो, तर केही बोलेन ।

'मलाई गाली गरे पनि म चुप लागेकी थिएँ, तिमी बीचैमा नबोल्या भए नि हुन्थ्यो । तातो पानीले घर जल्दैन, गालीले मरिन्न' – लब्रीले सुस्तरी भनी ।

'क्के रे ?' – बुझाउन एकाएक चिच्यायो र जुरुक्क उठिबस्दै भन्यो – ' के विराम थियो तेरो ?माटोको जाबो एउटा घैटा फुटायो भन्दैमा पूर्खा समेतलाई सत्तोसराप गर्न पाइन्छ ? त्यति भएर पनि तँ चुप लाग्न भन्छेस् ? जीउ–ज्यान दिएर काम गरेको यिनले देखेनन् ? यिनीहरू त राक्षस हुन् राक्षस ।' बुझाउनले मनको गाँठो फुकाउन खोज्यो ।

लब्रीले मनका पीठा महसूस गरी । सुस्तरी भनी – 'जे हुनु भैगो । अब के गर्ने नि ?' – उसको स्पष्ट सङ्केत काम र अन्न आर्जन तिर थियो ।

बुझाउन आफै स्पष्ट थिएन, तर 'हात-पाखुरा छँदै भोकै मरिने छैन । मिहिनेत नगरी कसले पो खान द्या' छ र ? म छँदै तँ किन पीर गर्छेस् ?' – भनेर स्वास्नीलाई सान्त्वना थियो । आफ्नो लोग्नेप्रति पूर्ण विश्वास भएकोले लब्री फेरि केही बोलिन ।

सदरमुकामको यस सानो बजारको क्रमशः विस्तार हुँदै गएकोले श्रमजीवीहरूलाई कामको अभाव थिएन । माल-सामान ओसार्ने, ट्रक-ट्र्याक्टरमा सामान बोरा लाद्ने र झार्ने तथा छत ढलाइ गर्ने जस्ता काम बुझाउनले पनि पाइरहेको थियो । आय अनिश्चित तथा थोरै भए तापनि बुझाउनले पेट काटेर एक-एक पैसा जोर्दै थियो । पछि एउटा ट्रकमा क्लिनर भएपछि उसको आम्दानी बढ्न गयो । दुईचार महिनाभित्रै उसले पनि गाडी चलाउन सिक्यो र लाइसेन्स लियो । क्लिनरबाट ड्राइभर बनेर अब उसले पनि मालिकको अर्को ट्रक चलाउन थाल्यो ।

हातमा केही पैसा आएपछि बुझाउनको पुरानो इच्छा फेरि जागेर आयो । आफ्नो छाप्रोसँगै जोडिएको एउटा बारीका टुक्रा मुख्खे बाजेसित अनुनय गरेर किन्न माग्यो । सोचेको भन्दा बढी मोल दिन तम्सेको देखेर मुख्खेबाजेले पनि तत्काल पैसा बुझी कागत गरिदिए । बुझाउनको परिवारका लागि यो एउटा युगान्तकारी घटना थियो । सम्पूर्ण । सम्पूर्ण परिवार हर्ष विभोर भयो ।

ससुरासित हल-गोरु मागेर बुझाउनले पहिलोपल्ट आफ्नो बारी जोतेको दिन उसका छिमेकीहरूको मनमा समेत ईर्ष्या जागेको थियो । बुझाउन बारी जोत्दै थियो तथा लब्री जोतेको सियोमा बीऊ खसाल्दै थिई । – आहा, कति माधुर्य थियो त्यहाँ ! दुबै लोग्ने–स्वास्नी मनको गहिराइदेखि नै यस आनन्दको अनुभूति गर्दै थिए ।

दुई वर्षभित्रै उसले अर्को टुक्रा बारी पनि थप्यो । अब उनीहरू कसैका नोकर थिएनन् – आफ्नो जमिनका स्वतन्त्र मालिक थिए, यही जमिनमा आफ्नो पौरख छरेर खान्थे । उसको पानी लाग्ने बारी सागपात र तरकारीले सधैं हरियो रहन्थ्यो । बजारको जनसंख्या बढ्दै गरेकोले तरकारीको खपत पनि बढ्दै थियो । तरकारी विक्रिबाट बुझाउनको निकै राम्रो कमाइ भइरहेको थियो । अथक परिश्रमले गर्दा शरीरमा केही शीथिलता आए पनि प्राप्तिको खुशीले उनको अनुहार उज्यालिएको थियो । आफ्ना छोराहरूको भविष्यका लागि उनले आफ्ना सम्पूर्ण दुःखहरू बिर्सेका थिए । छोराछोरीहरूलाई कसैका कमैया-कम्लहरी बन्न नदिने अठोट थियो उनको । मिहिनेत र सफलताले उनको आत्मविश्वास जगाएको थियो तथा उनले त्यस घडीलाई धन्य ठानेको थिए जसबेला सुब्बाको घरमा उनको तीब्र अपमान भएपछि उनीहरू त्यो घर त्यागेर हिंडेका थिए ।

असारको महिना थियो, तर एक झर पनि पानी परेको थिएन । चारैतिर सुख्खा र उराठलाग्दो वातावरण पसिएको थियो । किसानहरू आकाशतिर हेर्दै बादलको टुक्रा खोज्थे । पानीका लागि पूजा-भाकल हुन्थे तर किसानका

देवता सन्तुष्ट थिएनन् । बरु कोप बर्सेको थियो – नयाँ नयाँ रोगले गाउँका गाईवस्तुहरू मर्दै थिए । रोग पशुहरूमा मान सीमित नरही मान्छेहरूमा पनि देखा पर्न थाल्यो । झाडावान्ताले मान्छेहरू पटापट मर्न थाले । अस्ति भरखरै सुब्बेनी घण्टाभरिमै हिरिक्क भइन् । उनकै घर छेउको पतिराम थारुलाई पनि हैजाले टिपेर लग्यो । वरपरका गाउँमा पनि हैजाले मान्छे मरेको खबर सुनिदै थियो । सरकारी सहायता पुऱ्याउने प्रयास गरिएको भए पनि त्यो पर्याप्त थिएन । रोगले कसबेला कसको मिति पुऱ्याउने हो भनेर मान्छेहरू निकै भयभीत थिए ।

सदाको भन्दा केही समय अघि नै बुझाउनले आफ्ना गाईगोरु ल्याएर गोठमा हुल्यो । उसले भित्रभित्र केही असजिलो अनुभव गरिहेको थियो । लब्री धारामा लुगा धुन गएकी थिई । प्यास लागेकोले बुझाउनले घैंटाबाट सारेर एक लोटा पानी खायो । धीत नमरेकोले थोरै अरु खायो, तर एक्कासी उसको पेट करक्क काटेकोले त्यही लोटामा पानी लिएर ऊ हतार-हतार बारीको कान्लातिर दगुऱ्यो । त्यसपछि लगातार उसको पखाला चल्न सुरु भयो, साथ साथै उसलाई बान्ता पनि हुन थाल्यो ।

लब्री धोएका लुगा लिएर घर आइपुगी । लुगा सुकाउन थाल्दा आँगनमा सोऱ्यान्न सुतेर छटपटाइरहेको बुझाउनमाथि उसका आँखा परे । ऊ हातका चिसा लुगा त्यसै फालेर चिच्याउँदै आफ्नो लोग्ने छेउ आइपुगी । बुझाउनको छटपटी देखेर उसको मुटु छियाछिया भयो । बुझाउनका आँखा भित्र पसेका थिए तथा ऊ बोल्न समेत सकिरहेको थिएन । यो हैजा हो भनेर चिन्न लब्रीलाई कत्ति गाह्रो भएन । एकछिन त ऊ किंकर्तव्यविमूढ भई तर तत्काल रुँदै क्याम्पतिर दगुरी ।

झण्डै आधा घण्टापछि केही व्यक्तिहरूको साथ लब्री आफ्नो आँगनसम्म आइपुगी तर बुझाउनको निष्प्राण शरीरले उसको स्वागत गऱ्यो । लब्री एकाएक थरथर काम्दै संज्ञाशून्य भएर त्यहीं लडी । त्यहाँ उपस्थित मान्छेहरूको केही बेरको प्रयत्नले लब्री होसमा आइ र हृदयविदारक स्वरले रुन थाली । मान्छेहरूले सान्त्वनाका केही शब्द छरेर आफ्नो बाटो लागे ।

बुझाउनको लाशतिर हेर्दै लब्री आँसु बगाउन थाली । भखरै स्कुलबाट फर्केका छोराहरू कङ्गलास्वरले रुन थाले । गाउँलेहरू पनि क्रमशः जम्मा हुन थाले । त्यसै दिन बुझाउनलाई थारुको रीति अनुसार माटो दिइयो तथा सात दिनका दिन सबै इष्ट मित्र, भाइगोतियारलाई भात ख्वाएर छूत मेटाइयो ।

लब्री पत्थरकी प्रतिमा सावित भई । बुझाउनको वियोगका आँसु उसले कर्त्तव्यको भावनाले पुछी । दुई छोरा प्राथमिक कक्षामा पढ्दै थिए । निःशुल्क शिक्षा भएकोले उसलाई त्यति आर्थिक बोझ परेन । उसले ज्याला दिएर आफ्नो वारी जोताउन थाली । सागपात, तरकारी पुनः पहिलेको जस्तै उब्जिन थाल्यो । बुझाउनको अभाव बाहेक त्यस घरमा अन्य कुनै अभाव देखिएन ।

एक बिहान गाईगोरु बाहिर सार्न गोठमा पसेको बेला लब्रीले दुइटै गोरु सोऱ्यान्न सुतेको देखी । ऊ सम्भावित आशङ्काले थर्कमान भई । हतार गरेर गोरु छेउ जाँदा उसको शङ्का सत्य सावित भयो । लब्री बिलौना गरेर रुन थाली । गाउँलेले वनको कुनै विषालु घाँस-पात खाएर मरेका वा कुनै विषधरले टोकेको हुनसक्ने सम्भावना व्यक्त गरे । कसैले सुटुक्क केही ख्वायो कि भनेर एक दुई जनाले खुसुर पुसुर गरेको पनि सुनियो । तर हल-गोरुको मृत्युमा लब्री आफैं मरे जस्तै भई । सबैले विधावप्रति सहानुभूति प्रकट गरेर गए तर उसको दुःख चाहिं रत्तिभर कम भएन ।

लब्री हताश भएर भगवान्सँग दुःख पुकारा गर्दै सोंच्न थाली – 'नियति ममाथि किन यति क्रूर बनेको छ ? कसका आँखा लागे मेरो सुखी घर-संसार माथि ? कसको सरापले मेरो सबै सुखचैन एकएकगरि नष्ट हुँदैछ ? अब हलगोरु कसरी किन्ने ? गोरु नभएर कसरी जोतिन्छ बारीको लामो फाँट ? दानापनी कसरी जुर्छ अब ?' यी प्रश्नहरूले लब्रीको मस्तिष्कका पूर्जापूर्जा खलबलाइ दिन थाले । नैराश्य र आन्तरिक दुःखले गर्दा अब ऊ दिन प्रतिदिन कमजोर हुँदै जान थाली । चालीस ननाघेकी लब्री एकाएक बूढी झैं देखिन थाली । आजभोलि उसको छाती बराबर दुःखिरहन्थ्यो तथा उठ्दा-बस्दा रिंगटा लाग्थ्यो । डाक्टरहरूले उसको मुटु निकै कमजोर भएको बताए तर उसको मुटु मात्र होइन मन पनि पूरै कमजोर भइसकेको थियो । लोग्नेको मृत्युको प्रचण्ड आँधी सहेकी लब्रीलाई यो

सानो बतासले पनि पुरै हल्लाइदियो । उसले आफूलाई हुरीको एक्लो गौंथली झैं, मझधारमा त्यसै बगिरहेको माझी विनाको डुङ्गा झैं, अथवा ठडोरी चुँडिएको चङ्गा झैं ठान्न थाली । उसको मनमा बुझाउनका अभाव अझ तीब्र खड्किन थाल्यो । कसरी कसरी उसको मनभित्र जीवनप्रतिको घोर निराशा सुटुक्क पस्न गयो । अब ऊ झन् पछि झन् गल्न थाली । उसको बाबुले अर्को घरजम गर्ने सल्लाह पनि दिएको हो, तर लब्रीले आफ्ना खण्डित सपनाहरूलाई पुन: जोर्ने प्रयास गरिन । उसको मनमा आफ्नो छोराहरूको सम्भाव्य दुर्गतिको चिन्ता अवश्य थियो, तर यस विषयमा सोच्नासाथ उसको मनमस्तिष्कमा पूरै अन्धकार भरिन्थ्यो । उसले अब सबै कुरा नियतिकै हातमा सुम्पिने अठोट गरिसकेकी थिई । जीवनप्रतिको यही नैराश्यताले गर्दा एक बिहान ऊ छक्कालसम्म सुतिरही । जेठो छोरा जग्गुले उसलाई जगाउन खोज्यो, तर चिर निद्रामा सुतिसकेकी लब्री फेरि उठिन । जग्गु रुँदै गाउँमा खबर गर्न थयो । काखको सानो छोराले भने आमाको दूधको लाम्टा अझै चुसिरहेको थियो ।

त्यसपछि सुरु भयो भाइ-गोतियार, नातेदारहरूद्वारा मसानका गिद्ध-कुकुरले झैं उनको सम्पत्तिको लुछाचुँडी । भाँडा बर्तन, हाँडा-चिन्ना, यहाँसम्म कि घरका ढोका-पल्ला समेत यत्रतत्र लगे । लब्रीको बूढो बाबुले पनि उनको सम्पत्तिको सुरक्षा गरिदिन सकेन ।

'कुनै दिन वहार नाच्ने ठाउँ आज यसरी मसानघाट जस्तै भएको छ ' – मेरो मित्रले मलाई भन्यो । म झस्कें । कथाको घटनाचक्रमा चुर्लुम्म डुबेको बेला मित्रले मालाई वास्तविक जगत्मा ल्याएर पछारिदियो । म नियतिको क्रूर चक्रप्रति गम्भीर भएर सोंच्दै -गम्दै थिएँ, मनमा एकाएक एउटा प्रश्न उठेकोले मित्रसँग सोधें – 'अब यो बारीको फाँट बाँझो किन राखेको त ?'

मित्रले उत्तर दियो – 'आफ्नो बाबु जस्तै जग्गु पनि स्वाभिमानी छ । उसका केही आफन्तीले यो घरबास समेत हात पार्ने तिकडम रचेका थिए तर सफल भएनन् । 'मैले घरको अरू माल सामान बचाउन त सकिन तर यो घरबारीलाई भने कसैको पञ्जामा पर्न दिन्न । मेरो बारी म आफैं जोत्छु र बाबु आमाको सपना पुऱ्याउँछु' – जग्गु भन्ने गर्छ । साँच्चीकै जग्गु बुझाउन जत्तिकै आँटिलो र मिहिनेती पनि छ । उसका दुबै भाइ मामा घरमा बसेर पढ्दै छन् । ऊ चाहिं हाम्रो घरमा काम गर्छ । हामीले उसलाई केही सहयोग गर्न खोज्यौं, तर ऊ कसैसित ऋण लिन मान्दैन, कसैको दया र कृपा लिन मान्दैन । उसलाई त्यो दिनको प्रतीक्षा छ जुन दिन उसको आफ्नै कमाइबाट ऊसँग हलगोरु किन्न र घर-छाप्रो बनाउनका लागि पर्याप्त धन हुनेछ ।'

गहुङ्गो पाइला चाल्दै हामी बाटोतिर फर्क्यौं । मैले एकपल्ट पुन: त्यो भत्केको घर र बाँझो बारीको लामो फाँटतिर हेरें । समय परिवर्तनशील छ तथा नियति सधैं एकनास रहन्न । मेरा आँखाअगाडि स्वाभिमानी जग्गुको दृढ अनुहार नाच्न थाल्यो साथै मस्तिष्कमा भत्केको घर र त्यसको सेरोफेरोमा पुन: जीवनका चिन्हहरू मूर्तमान भएको कल्पना जाग्न थाल्यो ।

नेपाल सहकारी वित्तीय संस्था लिमिटेड महांकालस्थान फोन: २४५६५, २५०३८८
(श्री ५ को सरकार तथा नेपाल राष्ट्र बैङ्कबाट सिमित बैङ्कीङ कारोबार गर्न इजाजत प्राप्त) फ्याक्स: २४००७०
छिटो छरितो स्तिरीय तथा कम्प्यूटराइज्ड सेवाकोलागि यस संस्थाको माहांकालस्थान
(साझा भवन तथा नयाँ बानेश्वर बैङ्कीङ कार्यालय (यस स्टप अगाडि) पाल्नु हुन हार्दिक अनुरोध गर्दछौं ।

आकर्षक ब्याजदर तथा सुविधायुक्त निक्षेप

६ महिने मुद्दति	११%	विशेष बचत खाता	२%
१ वर्ष मुद्दति	१२%	घरेलु बचत खाता	८%
२ वर्ष मुद्दति	१३%	सहकारी बचत खाता	८%
३ वर्ष मुद्दति	१३.५%	सञ्चयकोष खाता	१४%

४० महिनासम्म मासिक रुपना जम्मा गर्दै गएमा ४१ औं महिनामा ५० महिना बराबरको रकम फिर्ता रू. ५ लाख भन्दा माथिको कारोबारमा टेलि बैङ्कीङ सुविधा प्रदान ।

छिटो छरितो कार्य सेवा

व्यापार	२०%	हा.प.	२०%
उद्योग	२०%	निर्माण	२०%
ठेक्का पट्टा	२०%	सेवा	२०%
बचत	१६%	कृषि	२०%
रोयर	२०%	मुद्दति	३% बन्दाबन्दै
अन्य	२०%		

मासिक ब्याज बुझाएना ब्याज रकममा १०% छुटको व्यवस्था ।

निक्षेपकर्ताकोलागि अधिकतम रू. ४,००,००० सम्मको दुर्घटना बीमा ।

यात्रा-संस्मरण

मेरो तेस्रो युद्ध अधुरो रह्यो

❑ रामप्रसाद पन्त

(युद्धभूमिमा पुग्नु पहिलो युद्ध, युद्धमा विजय हासिल गर्नु दोस्रो युद्ध र सकुशल फर्कनु तेस्रो युद्ध ठान्ने लेखक युद्धभूमिमा पुग्दासम्मको वर्णन अघिल्लो अङ्कमा प्रस्तुत गरिसकिएको छ । अब हेरौं दोस्रो युद्ध कसरी भयो र तेस्रो युद्ध कसरी अधुरो रह्यो । - *सम्पादक*)

सेन्ट्री ! सेन्ट्री !! कहाँ मऱ्यो सेन्ट्री ?

चारैतिर डाँडा बीचमा खोंच परेको ठाउँ । खानीखोला, रामपुर खोला र सिमले खोलाको सङ्गम स्थल – त्रिवेणी । त्यसै किनारमा गुजुक्क परेका दश/बाह्रवटा घर, पसल भएको बस्ती । एउटा हाईस्कुल, एउटा इलाका प्रहरी चौकी, एउटा अतिरिक्त हुलाक, एउटा साइनबोर्ड मात्र झुण्डिएको पुस्तकालय, एउटा शिव मन्दिर यत्ति हो त्यहाँको शान्तेश्वरी गाविस अन्तर्गत पर्ने रामपुर बजारको चित्रण । यस बाहेक उ..माथिको डाँडामा एउटा झुप्रो, पल्लो डाँडामा एक/दुईवटा घर वाहेक बस्ती कतै देखिँदैन । अलिकति माथि गएपछि बाँयातिरको डाँडो ९ नं. वडा पर्छ रे ! त्यस वडामा घर पनि ९ वटै छन् रे !

व्यापारिक प्रवृत्ति भएका नेवार समुदायहरूले तामाडै तामाङ भएको त्यस्तो बस्तीमा पनि प्रभुत्व जमाउन पुगेका रहेछन् । बाबुको पालामा काभ्रेको पनौतीबाट त्यहाँ बसाइ सर्न पुगेका तीन/चार घर नेवारहरू आफ्नो भाषा पनि बोल्न जान्दैनन् । कोही कपडा पसल, कोही किराना पसल र कोही होटेल गरी बस्छन् ।

बेलुकादेखि त्यहाँ बस्दासम्म प्रतिछाक २० रुपैयाँको दरले खाना खुवाउन एउटा होटलवाला सहमत भए । मेरा सहायक मतदान अधिकृत लगायत अन्य प्रशासनिक कर्मचारीहरूको सुत्ने व्यवस्था पनि त्यहीं हुने भयो । प्रहरीभाइहरूलाई शान्तेश्वरी हाईस्कुलमा सुत्ने व्यवस्था मिलाइयो । इलाका प्रहरी कार्यालयको पहिलो तल्लाको एउटा कुनामा गुन्द्रीको आतिथ्य पाएँ – मैले । कुन प्रहरी कहाँबाट आएको हो, कुन कहाँबाट सबैजसो म जस्ता धर्मशालाका यात्रीहरू । त्यहाँ बस्ने प्रहरीहरूका पनि आ-आफ्ना समस्या छन् । बिचराहरू रात/दिन माओवादीको त्रासमा अनिन्द्रा र थकानले पिरोलिएका छन् । कुनबेला माओवादीहरूले चौकी घेर्ने हुन् र हुर्मत लिने हुन् ! जनताहरू पनि त बोल्दैनन्, स्पष्ट कुरा गर्दैनन् । पछि थाहा पाइन्छ – माओवादीहरू यहीं घुमेका थिए, बसेका थिए र वस्तुस्थिति बुझेर बाटो लागेका थिए । माओवादीहरूले हो कि प्रहरी प्रशासनले विश्वास दिलाउन नसकेर हो जनता बोल्दैनन्, माओवादीहरूलाई यतै कतै घुमेर पनि पक्राउ गर्न सकिन्न । रातीमा आउँछन् र पम्प्लेट टाँसेर जान्छन् । चिनेका गाउँलेले सुराकी दिए पो पक्राउ गर्न सकिन्छ । सुराकी दिने पनि कसरी ! ज्यान खतरामा पार्न कसलाई मन लाग्छ र ? कि प्रहरीले सुरक्षाको पूर्ण प्रत्याभूति दिनुपऱ्यो । माओवादी पनि जनताका वैरी त होइनन् नि ! गाउँलेहरूले त्यो खतरा मोलेर के गर्ने ! अबोध जनता मर्ने यै त हो !

मैले आश्रय पाएको प्रहरी चौकीमा त्यसै गाविस अन्तर्गतको मतदान केन्द्रका मतदान अधिकृत पनि थिए । सम्बन्धित गाविस भएको र एकदिन अघि आएकोले उनी भाग्यमानी भएछन्, अर्थात् खाटमाथि सुत्ने अवसर पाएछन् । मैले एउटा गुन्द्री पाएको थिएँ र त्यसमाथि ब्न्याङ्केट ओछ्याएर ब्यागको सिरानी हाली स्लिपिङ्ग ब्याग भित्र घुसेको थिएँ । सुत्नुभन्दा अघि मैले जानकारी पाएको थिएँ – साप ! राती बाहिर निस्कनु पऱ्यो भने आवाज दिएर

निस्कनु होला, यदि त्यसै सुटुक्क निस्कनु भयो भने माओवादीको शङ्कामा गोली चल्नसक्छ । दायाँ-बायाँ मकै बारी छ, त्यहाँको शौचालय कि त मकैवारी कि त खोलाको बगर ।

सुत्न त सुतियो, निद के लाग्यो रातै भरि कराए पछि । घण्टा घण्टामा घण्टी बज्छ – टाइँ टाइँ र बेलाबेलामा आवाज दिइन्छ – सतर्कताको लागि । चार किल्लामा चार प्रहरी र सेन्टरमा प्रमुख प्रहरी (सेन्ट्री) शस्त्रास्त्रले सुसज्जित भएर मूर्तिवत् उभिएका छन् । तिनीहरूलाई निद्रा आउला भनेर सेन्ट्री गर्जिन्छ र सङ्केत अनुसार पूर्व पश्चिम उत्तर दक्षिण चारै दिशाका प्रहरीहरू आफू सावधानी अवस्थामा रहेको सूचनास्वरूप आवाज दिन्छन् । त्यस्तो अवस्थामा निद्रा कसरी पर्छ ? अर्को कुरा ओछ्यान पनि त त्यस्तै थियो – ओल्ट्याङ् पल्ट्याङ गरिरहनु पर्ने । यता बिजाउँछ उता बिजाउँछ ।

यसै सिलसिलामा मध्यरातमा एक्कासी चिच्याएको आवाज आयो – सेन्ट्री ! सेन्ट्री !! फेरि चिच्च्यायो सेन्ट्री ! कहाँ मऱ्यो सेन्ट्री !! यसरी तीन/चार पटक कराएपछि प्रतिउत्तर आयो – यस सर !

कहाँ मरेको थिइस् ?

पिसाब फेर्न ।

मलाई जानकारी दिनु पर्दैन ... ?

हवल्दारले एउटा अस्लिल शब्द प्रयोग गरेर गाली गऱ्यो, यही तरिकाले मैले त्यहाँ तीन रात बिताएँ ।

कसैले भनेका थिए – सकेसम्म प्रहरीको नजिक नबस्नू/नहिंड्नू । किन ? मैले प्रश्न गरेको थिएँ । उनले भनेका थिए – प्रहरीको तारोमा तपाई पनि पर्न सक्नुहुन्छ । अब कस्तो फसाद ! प्रहरीको नजिक भएर सुरक्षित भइने हो कि टाढा भएर ? टाढा भएर मतदान अधिकृतको परिचय नमिले त ठिकै छ तर मअकाको सिद्धान्त भित्र परियो भने त झन् फसाद ! त्यो अवस्थामा प्रहरीको कडा सुरक्षा भएकोले मैले प्रहरीको रेखदेखमा नै रहन आफूलाई सुरक्षित ठानें ।

नेत्रकालीमाथि नेत्रदृष्टि

आम निर्वाचन हुने दिन पर्सि । आज र भोलि हामीलाई फुर्सद छ । तर सुतेर बस्नु हुन्न, तास खेलेर बस्नु हुन्न हामीले । जाँड रक्सी त बर्जितै छ । यदि पाइहालियो र खाइहालियो भने माओवादीको फन्दामा परिएला र जीवनदेखि हात धोइएला । हामीले पलपलमा सतर्कता अपनाउनु पर्छ । हाम्रो पहिलो युद्ध सफल भएको छ अर्थात् हामीले स्वयंलाई र सामग्री सहितको मतदान बाकसलाई सकुशल ठाउँमा पुऱ्याएका छौं । यो पनि एउटा ठूलै युद्ध थियो र त्यो युद्धमा हामी विजयी भएका छौं । यसरी नै हामीले पर्सि हुने मतदानरूपी युद्धमा सतर्कता अपनाउनु पर्ने छ । त्यो युद्ध आगमनको युद्धभन्दा बढी खतरनाक हुनेछ । प्रहरीहरूलाई प्रहरी प्रशासनको आदेश छ – 'जुन तरिका अपनाएर भए पनि मतदान गराउनु पर्छ, यदि चुनाव स्थगित भयो भने तिमीहरू फर्केर नआए हुन्छ ।' यसको अर्थ आउनै पाइँदैन भन्ने होइन कि बुद्धि पुऱ्याएर वा बल प्रयोग गरेर भए पनि चुनाव सम्पन्न गराउनु पर्छ भन्ने हो । वास्तवमा एउटा बुथको पनि मतदान स्थगित भयो भने प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाखौंको लगानी खेर जान्छ ।

यस बाहेक प्रहरीलाई मौखिक आदेश के के थियो र प्रहरी वा प्रहरी इन्स्पेक्टरबाट मैंले के के सुनें त्यो सबै कुरा मजस्तो एउटा जिम्मेवार कर्मचारीले भन्नुहुन्न । कति प्रशासनिक गोप्य कुराहरू भङ्ग नगर्न मैंले सपथ खाएको छु । कसैको नून खाए पछि त्यसको कुभलो वा अहित हुने कुरा गर्न त के सोच्न पनि मैंले हुन्न । प्रहरीहरूका एक एकवटा अनुभव थिए–माओवादीसँग भिड्दाका ।

'मैंले त्यति बुद्धि नपुऱ्याएको भए मेरो ज्यान जान्थ्यो, मैंले यति...राउण्ड गोली हानेर उनीहरूलाई भगाएँ, गोली त लाग्यो तर ठाउँमा लागेन र पो बाँचे, मैंले ... जना माओवादीलाई मारे, हामीले ... जना माओवादीलाई घेरामा पारेर पाऱ्यौं, हामी फलानो फलानो जङ्गलमा माओवादी खोज्दै हिंड्यौं ... घण्टासम्म । हामी भोकभोकै ... घण्टा मोबाइल टोलीमा बितायौं । अघिल्लो महिना वैशाख १२ गते तीनजना माओवादीलाई एकै चिहान पारेको ऊ...

पर आहालेमा हो ... नेत्रकाली -५ नं वडा– कालीखोला र सिम्लेखोलाको दोभानमा । एउटा कटेरोमा खाना खाँदै गरेको बेला घेरा हालेर मारेको नि ! पहरा दिने केटी चाहिं भागी, अर्को एउटा केटाको पनि खुट्टामा गोली लागेको थियो, बडो जब्बर रहेछ – तीन-हात-खुट्टाले टेकेर पनि कुद्यो, दुई केटा र एउटी केटीको लाश एउटै खाल्टोमा पुरियो ।

प्रहरीका कुरा सुनेर मेरो मुटु ढुक्क फुल्यो । सबभन्दा पछिल्लो घटना घटेको ठाउँ आफैले मतदान गराउनु पर्ने गाविसको ५ नं. वडा पर्दो रहेछ-त्यो ठाउँ धेरै टाढा छैन । उनीहरूले त्यस ठाउँलाई विशेष ध्यान दिएको हुनुपर्छ र शक्ति केन्द्रित गरेको हुनुपर्छ । मलाई लाग्यो – सिन्धुलीको २ नं. क्षेत्र सदरमुकाम परिसर परेकोले बढी सुरक्षित ठानिन्छ, १ नं. (पूर्वी) क्षेत्र पनि पश्चिमी क्षेत्रको तुलनामा आउन सक्तैन र ३ नं. क्षेत्रमा हामी जहाँ बस्ने गरेका छौं त्यो ठाउँ (शान्तेश्वरी) मा इलाका प्रहरी चौकीसँग मतदान केन्द्र भएकोले त्यति डर छैन । अर्को तर्फको तामाजोर (घिमिरेजीको मतदान केन्द्र) पनि प्रहरीचौकीसँगै भएकोले आक्रमण हुने डर कमै रहन्छ । यद्यपि मोबाइल प्रहरी टोली घुमिरहन्छ, वाकीटकी टोलीनायक इन्स्पेक्टरको हातमा रहिरहन्छ, मेरो बुथका सुरक्षानायक इ. पूर्णचन्द्र जोशी अत्यन्त जोशीला आँटिला र साहसिला देखिन्छन्, तथापि त्यहाँको माओवादी गतिविधि सुन्दा मेरो मन आतङ्कित भइरहन्थ्यो । इ. जोशीले प्रहरी जवानलाई दिएको आदेश पनि मुटु काँप्ने खालको थियो । अत्यन्तै डर लाग्थ्यो – कतै आदेशको पालना गर्दा गर्हुंको पिसाइमा घुन भएर आफै पनि पिसिने त होइन ? वल्लो पल्लो डाँडोमा कतै कसैमा रक्सीको गन्धसम्म आएको थाहा पाइयो भने उनीले तुरुन्त ठिन्याई छाड्थे । यस्तो कडा सुरक्षाको अगाडि जानिजानि जीवनै अर्पेर को होमिएला ! तैपनि मलाई लाग्थ्यो– सिन्धुली जिल्ला कै संवेदनशील क्षेत्रको रूपमा त्यस ३ नं क्षेत्रलाई लिइन्थ्यो । मेरो इलाका जस्तो अति संवेदनशील क्षेत्र अरू कतै छैन होला ।

एउटा अर्को संस्मरणीय कुरा के थियो भने – काभ्रे जिल्ला नजिकै पर्छ, काभ्रे पनि त माओवादी प्रभावित क्षेत्र हो । नेत्रकालीको ९ नं. वडासम्म काभ्रे जोडिएको छ । त्यहाँबाट धेरै टाढा छैन–काभ्रेको सीमाना । करिव दुई घण्टा हिंड्यो भने सीमावर्ती क्षेत्र गोबे पुगिन्छ । भनिन्छ – त्यस क्षेत्रका जङ्गलहरू माओवादीको आश्रय स्थलको रूपमा आरक्षित छन् । काभ्रेको चुनाव प्रथम चरणमा नै सकिएको छ । यस अवस्थामा त्यहाँका माओवादीहरूका लागि सिन्धुली पस्ने त्यस्तो सुवर्ण अवसर अरू कुन बेला मिल्छ ? यस दृष्टिले पनि नेत्रकालीमाथि विशेष दृष्टि पुऱ्याउनुपर्ने आवश्यकता थियो । त्यसबेला मेरो ध्यान देश विकासका कुराहरूमा पनि आकृष्ट भएको थियो–यस मानेमा कि राजधानीबाट सिन्धुली आखिर कति टाढा रहेछ त ?

मैंले भनिहालें – म पुगेको क्षेत्रबाट काभ्रेको सीमाक्षेत्र पुग्न दुई घण्टा । त्यहाँबाट आधा घण्टा हिंडेपछि रोसी खोलाको किनार – मङ्गलटार । त्यहाँसम्म काभ्रेतिरबाट मोटरबाटो पुगेको छ, तर त्यहाँबाट करिव दुई घण्टाको पैदल बाटो कटुन्जेसम्ममात्र मोटर सर्भिस छ । जेहोस् हामी काभ्रेतिरबाट पैदल सिन्धुलीमाडी पुग्न चाह्यौं भने तीनदिन पनि लाग्दो रहेनछ । वी.पी. कोइरालाले २०१५ सालमा सोंचेको योजना कम दूरदर्शीपूर्ण रहेनछ । अहिले पनि त्यस बाटोको अवशेष बाँकी छ र त्यसैलाई पछ्याउँदै वी.पी. राजमार्ग बन्दैछ – रोसी, नेपालथोक, (काभ्रे-सिन्धुली सीमा) दुम्जा, खुर्कोट, झाँगाझोली (रातामाटा) गढी हुँदै सिन्धुली माडी ।

कुछ कुछ होता है

हामीले जनतालाई विश्वास दिलाउनु थियो – हामीहरू तपाईंकै पक्षमा छौं । तपाईंहरूकै हितका लागि तपाईंहरूले छानेको उम्मेदवारलाई विजयी गराउन आएका छौं । यो पक्ष ऊ पक्षसँग हामीलाई कुनै सरोकार छैन । सबै पक्षका प्रतिनिधिहरू जम्मा हुनुस्, छलफल गरौं, चुनावको दिनमा अपनाउने शान्ति सुरक्षा र सुव्यवस्थाका कुराहरू गरौं । तपाईंहरू मिल्नुस् – कस्तो कस्तो अवस्था आइपरेमा के गर्ने ! एक मत हुनुस् । हामी तपाईंहरूको ऐक्यबद्धतालाई स्वीकार गर्ने छौं । तर चुनाव असफल बनाउने वा विघ्न बाधा हाल्ने कतै कसैबाट भयो भने हामी चुप लागेर बस्ने

छैनौं ।

यसै हेतु हामीले सर्वदलीय बैठक गर्‍यौं, छलफल गर्‍यौं र सहमतिमा हस्ताक्षर गरायौं । तोकिएको दिन र समयमा निषेधित एरिया छुट्यायौं । नजिकको गाउँघरमा गएर उनीहरूसँग दाजु-भाइको सम्बन्ध विकसित गर्ने र विश्वास दिलाउने प्रयत्न गर्‍यौं ।

त्यहाँका मेरा अनुभवहरू बेग्लाबेग्लै थिए – धनबहादुर थिङ्ले मलाई भने – हजुर ! हामी त गरीब मान्छे– छोराछोरी पढाउन सक्दैन, हुर्काउन पायो भने पुग्यो – गरेर खान्छ । विहे गरिदिन पनि हामी सक्तैन, आ-आफै ल्याउँछ/जान्छ । अब यही एउटा छोरी छ ११/१२ वर्षको उमेर भैहाल्यो, अब कि केटो माग्न आउँछ कि हिंड्छ । हामीलाई छोराछोरी जे भए पनि फरक पर्दैन र नपढाए पनि फरक पर्दैन ।

जेठा तामाङसँग कुराकानी हुँदा उनले भने – घरमा त हाम्रो बूढाबूढी मात्र छ । एउटा छोरो सामान लिन सिन्धुली गा'को छ, छोरीले केटा खोजेर अस्ति हिंडिहालो, कान्छो छोरा काठमाडौं गा'को छ – वाल्लो छान । मैंले उनको कुरा बुझिनँ, 'छान'लाई मैले खान सुनेछु – के हो यो वाल्लो खाने कुरा ? उनीले फेरि भने– वाल्लो छान । तैपनि मैले बुझिनँ, अर्कै एकजनाले उनीको कुरा स्पष्ट पारे – बालुवा छान्न ।

तुलदासकाजी श्रेष्ठको नाम सुन्दा मलाई सोध्न मनलाग्यो – यो तामाङहरूको गाउँमा कहाँबाट आयौ तिमी ? उनले भने – मेरा बाजे खोपासीबाट आएका, उ को म एउटै छोरो । दिदीको बिहा भएर ऊ त्यो पल्लो गाउँमा बस्छिन्, तामाङहरूले हामीलाई हेप्छन्, हाम्रो संस्कृति र परम्पराप्रति खिस्सी गर्छन् । आफ्नो रहनसहन हामीलाई मन पर्छ – 'कोही बोतलमा कोही लोकलमा' आफ्नो इच्छा त हो, त्यसै भएर मेरो इच्छा सन्तान बढाउने छ, धेरै सन्तान भए हेप्न पाउँदैन अरू जातिले । छवटा भैसके अब कति हुन्छन् भगवान्को इच्छा । धेरै सन्तान भएर हामीलाई केही फरक पर्दैन । आफ्नो खेतबारीले कसैलाई खान पुग्दैन, मजदुरी गर्ने र भारी बोक्ने त हो ।

गाउँकै एकजना गाविस सदस्यले भने यहाँ त माओवादीले जे चाह्यो त्यही हुन्छ सर ! हामीले पनि आफूलाई गाउँको पदाधिकारी मान्ने कि नमान्ने ? माओवादीहरू आएर गाउँका हामी सबै सदस्यहरूलाई राजीनामा गर्न भनेर राजीनामा दिएका मान्छे । तर उनीहरूले अरू जेसुकै गरे पनि दिन नसक्नेसँग खान लाउन र पैसा मागेको छैन, नत्र हामी कसरी बस्न सक्थ्यौं ।

यस्तो पिछडिएको अशिक्षित र विपन्न समाजमा पनि एउटा कुराले मेरो हृदयस्पर्श गर्‍यो, मलाई दुविधा उत्पन्न भयो कि त्यसलाई मैंले सकारात्मक वा नकारात्मक कुन रूपमा लिऊँ । कुरा के थियो भने – हाम्रो कार्यस्थल र विश्रामस्थलको आधाघण्टाको मार्गमा हामीले कसरत गरिरहनु पर्थ्यो । यस बीचमा अरु के थियो र तीन/चारवटा घर, बाँकी खरबारी, बनपाखा जङ्गल । ओहर दोहरकै क्रममा हाम्रो कानमा पारी बनपाखातिरबाट हिन्दी फिल्मी गीतको आवाज आयो –'कुछ कुछ होता है ।'

मलाई रमाइलो पनि लाग्यो आश्चर्य पनि । कस्तो मीठो स्वर दुरुस्त, गानाको लयमा । मैले अडिएर सुनें अरूलाई पनि अड्याएँ । हामी सहरिया भनाउँदाहरूलाई चुनौती दिइएको हो कि के हो ? पूरै गीत कसरी कण्ठस्थ पार्न सकेका होलान् ? त्यसपछिका पृथक् पृथक् गानाहरू – 'आप आए बहार आए आप जाए तो दिल नलगे' यस्तै अरू पनि कति हो कति । मलाई आश्चर्य यस अर्थमा लाग्यो कि यस्तो ठाउँमा त माया, प्रेम र विरहका नेपाली गीतहरू नेपाली लोकलयमा पो घन्कनु पर्थ्यो । यो विकृति हो कि चरम आधुनिकता ?

यसरी हामी मतदाता माझ नजिकिंदै थियौं – अपनत्वको भावना जगाउँदै थियौं र बनपाखाहरूसँग पनि पिरती लगाउँदै थियौं । मैले भनिसके – हाम्रो वासस्थान र मतदान केन्द्रको दूरी करिब आधाघण्टाको फरक छ । बीचका खाली दुई दिन मध्ये पहिलो दिन यसैगरी बित्यो – गाउँले दाजुभाइहरूको बीचमा, घँसियारे दिदी बहिनीहरूले गाएका हिन्दी फिल्मी गीतका गानाहरूमा र प्रहरी भाइहरूले भोगेका माओवादी कथाका पानाहरूमा ।

दोस्रो युद्ध पनि जितियो

दोस्रो दिन त हामीले मतदान केन्द्र (गाविस भवन)

को सरसफाइ र मतदान केन्द्र निर्माण गर्नुपर्ने थियो र अर्को दिन बिहान ८ बजेदेखि नै मतदान गराउनु पर्ने भएकोले केन्द्रको सुरक्षार्थ एकरात त्यहीं बिताउनु पर्ने थियो – रातभरि प्रहरी पहरामा । यी सबै काम हामीले पूरा गर्‍यौं । अर्को दिन निश्चित समयमा मतदाताको लाम लाग्यो । मोबाइल प्रहरीहरूको नेतृत्व गर्दै इन्स्पेक्टर जोशीले आधाघण्टाको अन्तरमा पर्ने शान्तेश्वरी र नेत्रकाली मतदान केन्द्रको निरीक्षण गर्दैरहे । केन्द्रमा तोकिएका प्रहरीहरू र कर्मचारीहरूले पनि आफ्नो दायित्व कुशलतापूर्वक निर्वाह गरे । मौमसले पनि साथ दियो । कसैले अन्दाजै नगरेको मत खस्यो ६० प्रतिशत । सोंचे भन्दा धेरै बढी र धेरै शान्त वातावरणमा चुनाव सकियो– एक घण्टा अगाडि नै । तर पूरै समय हामीले मतदाताको प्रतीक्षा गर्नुपर्थ्यो/गर्‍यौं र सम्पूर्ण प्रक्रिया सकेर मतदान बाकसलाई शान्तेश्वरी (रामपुर) इलाका प्रहरी चौकीमा सुरक्षित पुर्‍यायौं । मैंले भनें सबैसित – हाम्रो दोस्रो युद्ध पनि सफल भयो । तर एउटा कुरा घिमिरेजीसँग भएको सम्झौताले त्यहाँ काम गरेन । हामीले भनेका थियौं – मतदान पश्चात् छुट्टिएको ठाउँमा हामी पुनः भेट हुने र रात साँझ गरेर बस्तीपुर पुग्ने । तर प्रहरी प्रशासनको जे निर्णय भयो त्यसलाई हामीले मान्नै पर्थ्यो र मान्यौं – फर्क्यौं उल्टो बाटो आधा घण्टा पर रामपुर इलाका प्रहरी चौकी ।

तीन घण्टाको हेलिकप्टर यात्रा

हाम्रो दोस्रो युद्ध पूर्णतः सफल भएकोमा हामी ज्यादै प्रसन्न थियौं तर तेस्रो युद्ध हुने वा नहुने कुरा टुङ्गो लागेको थिएन । मतदानको दिन हिंडिहाल्ने कुरा भएन । इ.जोशीले हामीलाई जानकारी गराए – सिन्धुलीमा कुराकानी भइरहेको छ – हेलिकप्टर आउने सम्भावना छ, प्रतीक्षा गरौं ।

बिहानै शितलमा हिंड्न पाएको भए मज्जा हुन्थ्यो । हेलिकप्टर आउने हल्लाले अबेर भयो – खाना नखाइ हिंड्ने कुरा भएन । फेरि आइहाल्यो भने पनि को कसलाई लैजाने ? कसलाई छाड्ने ? प्रहरी तथा मेरा सहयोगीहरू सबैको मत थियो – 'अब हामी आएको बाटो फर्कने छैनौं, त्यो बाटो भन्दा कपिलाकोटको बाटो छोटो छ । यहाँबाट खोलैखोला उ ...त्यो कालीडाँडाको फेंदीमा पुग्ने र कालीखोलो तरेर उकालो लाग्ने । महाभारत श्रृङ्खलाको त्यो कालीडाँडो नाघेर मधुवन, कात्तिके, मादले हुँदै ओरालो ओर्लेर करिब चारघण्टामा कपिलाकोट पुग्न सकिने छ । त्यहाँ हामीले मोटरबाटो भेटाउँछौं तर त्यस बाटोमा सवारी व्यवस्था नियमित नभएकोले बरु प्रमुख निर्वाचन अधिकृतको कार्यालय सिन्धुलबाट जीप वा ट्रक भए पनि पठाउने व्यवस्था गर्न सकिए हामीहरूको लागि सबैभन्दा उत्तम हुन्थ्यो ।'

तर कालीडाँडाको बाटो अप्ठ्यारो र बढी खतरनाक पनि छ । केही दिन अगाडि आहाले काण्डमा मारिएका माओवादीहरूको बदला लिने यो मौका उपयुक्त हुनसक्छ । त्यो घना जङ्गल र काण्डभूमिको अन्तर त्यति बढी छैन । अर्को कुरा – हामी आउँदा कुन दिन कुन बेला आउँछन् त्यो उनीहरूलाई सुराकी थिएन । आजको फर्कने दिन त उनीहरूलाई पूर्ण जानकारी छ , त्यसैमा पनि मतदान बाकसमाथि नै हमला गर्न सक्ने हो भने अगाडिका हाम्रा दुईवटा सफल युद्धहरू एउटै धावामा उल्टिन सक्छन्, त्यसैले पनि उनीहरूको ध्यान आजको दिनमा केन्द्रित भएको हुनसक्छ । यतिसम्म कि आफ्ना गुप्तचरहरूद्वारा फर्कने समय समेत पत्तो लगाइसकेका हुनसक्छन् । इ.जोशीले हामीलाई जानकारी गराए – हेलिकप्टर त आउने भयो तर समय थाहा हुन सकेन । पूर्ण तयारीका साथ बस्ने आदेश छ । र, अर्को कुरा के स्पष्ट भयो भने – मतदान बाकस, मतदान अधिकृत र इन्स्पेक्टर बाहेक अरूले हेलिकप्टर चढ्न पाउने छैन ।

अब बाटो खुल्यो अरूलाई । मतदान बाकस लैजान नपरे पछि प्रहरी तथा कर्मचारीहरूलाई आधा भार हल्का भयो तर एउटा कुराको 'प्रहरीको साथमा जाँदा सुरक्षित भइन्छ कि अलग्गै ?' यो दुविधा रहँदारहँदै पनि म बाहेक मसँग आउने सबै प्रहरी तथा कर्मचारीहरू एकैसाथ कपिलाकोटको बाटो लागे ।

म एक मनले खुसी भएँ, अर्को मनले दुःखी । खुसी

यसर्थमा भएँ कि अब मलाई बाटोको व्यवधान रहेन, कार्यसिद्धि हुने भयो । साधारण कर्मचारीले चढ्न दुर्लभै हुने हेलिकप्टर चढ्न पाइने भयो । दुःखी यसर्थमा भएँ कि त्यो कोपिलाकोटको बाटो म हिंड्न पाइनँ । मतदान बाकस लिएर जाँदा उत्पन्न हुने माओवादी त्रास र मानसिक शङ्का उपशङ्काबीच द्वन्द्वयुद्ध गर्दै त्यो उकाली ओरालीको ऐतिहासिक अनुभव सँगाल्न सकिनं, तेस्रो र अन्तिम युद्ध लड्न पाइनँ, मेरो तेस्रो महायुद्ध अधुरो रह्यो ।

प्रहरी चौकीको आँगनमा प्रहरी पहराबीच मतदान बाकसहरू तयारी अवस्थामा थिए । हामी दुई मतदान केन्द्रका दुई अधिकृत र इन्स्पेक्टर जोशीका झोलाहरू पनि बाकससँगै राखिएका थिए । हामी सबैका आँखा उ त्यो पारि... डाँडामाथिको आकाशमा लागिरहेका थिए । केही प्रहरीहरू गएर खोलाको बगरमा ढुङ्गा पन्छ्याइ चुनाको बाटुलो घेरा निर्माण गरिसकेका थिए ।

ऊ... आयो आयो ... डाँडा माथि आयो, लौ गयो त हेलिकप्टर ! होइन आउँछ आउँछ राउण्ड लिएर लाउँछ ! ल आएन त यतिवेरसम्म । देखेन होला – धुवार्नु पर्‍यो, जाओ केटा हो बगरमा गएर झारपात जम्मा गर र आगो लगाई धुँवाको मुस्लो छाड । १०/१५ मिनेट पछि फेरि आयो । लौ आयो, लौ आयो, अब आउँछ, हो अब चाहिं पक्कै आयो, घुम्दै तल तल पहाडको तल तल हुँदै आयो । जाउँ अब अलि पर ।

हेलिकप्टर बस्यो बगरमा – नजिका मानिसलाई उडाउला कि जस्तो गरी – तेज गतिमा तुफानी हावा फ ाँक्दै । बिस्तारै पखेटाको घुम्ने गति मन्द हुँदै गयो । धुलिम परिसर पूर्ववत् स्थितिमा परिणत भयो । हामी मतपेटिका र झोला लिएर हेलिकप्टर छेउ पुग्यौं । चालकले भने – मतदान अधिकृत स्वयंले बाकस लिएर भित्र पस्नु होला , अरूलाई भित्र पस्ने अनुमति छैन ।

मैले त्यसै गरें, अर्का अधिकृतले पनि मैले गरेबमोजिम गरे ।

कत्रो अजङ्गको हेलिकप्टर । रसियामा बनेको त्यो हेलिकप्टरका दुई छेउका लामै सिटहरूमा लस्करै बस्ने हो भने ३०/३५ जना अट्न सक्ने । हामी बीचको खाली ठाउँमा मतपेटिका र झोला राख्यौं र सिटमा बस्यौं । हेलिकप्टर स्टार्ट भयो – माथिको पङ्खा घुम्यो फनफनी, हेलिकप्टरले जमीन छाड्यो, हामी उचालिदै गयौं आकाशतिर ।

हेलिकप्टरमा सिन्धुली माडीबाट आएका ७ जना थिए । जसमध्ये तीनजना पार्टीका प्रतिनिधि, दुईजना पाइलट, एकजना परिचारक र एकजना डि.एस.पी. । त्यहाँबाट तीनजना अरू थपियौं र भयौं १० जना ।

हामीले सोंचेका थियौं – अब हामी १५/२० मिनेटमा सिन्धुली बजार पुगिसक्ने छौं । तर होइन रहेछ – कुनबेला सिन्धुली फाँट देखिएला सोच्दासोच्दै त झन् झन् अग्ला चुच्चा परेका डाँडाहरू र कतै कहिं भरखर बन्दै गरेको मोटरबाटो पो देखिन थाल्यो – त्यो पक्कै बनेपा सिन्धुली राजमार्ग होला ! अनि अग्लो डाँडोमा घनाबस्ती देखिन थाल्यो मात्र होइन हेलिकप्टर तल तल हुँदै गएर त्यो बस्तीबीच बस्ने सूर कस्यो । त्यहाँ कुरा चल्यो हामी धुलीखेल नगरपालिका अगाडिको चौरमा अवतरण गर्दैछौं । त्यहाँ एक मिनेट पनि नअडिएर हेलिकप्टर उडी हाल्यो । कारण – धुलीखेलका डि.एस.पी.लाई ओराल्न पो त्यहाँ पुगेको रहेछ । अब त सिन्धुलीतिर लाग्ला भन्ने सोचेको हेलिकप्टर उड्यो अर्कै दिशातिर । हरियाली खेतको फाँट माथिमाथि काठमाडौंतिर । एकैछिनमा हेलिकप्टर काठमाडौं एयरपोर्टमा अवतरण गऱ्यो । किन हामी काठमाडौं आयौं ? मेरो जिज्ञासा तुरुन्तै मेटियो – तेल हाल्न । केही छैन, बाचको लागि हामीहरू पनि मन्त्री । मन्त्रीहरू एउटा शौचालय उद्घाटन गर्न हेलिकप्टर चडेर जान्छन् भने हामी त एउटा राष्ट्रिय महत्त्वको सन्दर्भलाई लिएर उडिरहेका छौं–एक ठाउँबाट अर्कोठाउँ ।

एक छिन बाहिर निस्कन मिल्छ होला ?

मिल्दैन ।

घरमा एक कल फोन गरौं कि भनेर ! हेर्नुस् न घरमा फोन गर्न नपाएको पाँच दिन भैसकेछ, कति आतिएका होलान् ! अहिले चुनाव सम्पन्न गरी मतपेटिका लिएर सिन्धुली जाने क्रममा हेलिकप्टरमा तेल हाल्न काठमाडौं एयरपोर्टमा आएको छु भनी सुन्दा घरका मान्छे कति रमाउलान् !

इ. जोशीले हाँसै हाँसोमा भने – मन त मलाई पनि थियो नि ! मैंले त परिवार भेट्न नपाएको चार महिना भइसक्यो, के गर्ने हेर्नुस् हाम्रो त पुलिसको जागिर । उनको कुराले मेरो मन छोयो र चित्त बुझाएँ, अब कतिबेर छ र, सिन्धुली पुगेपछि गरौंला नि ।

वास्तवमा मैले सिन्धुलीबाट चुनावी क्षेत्रतिर हिंड्दा जिल्ला खानेपानी कार्यालय सिन्धुलीका डि.इ.लाई घरको फोन टिपाएर भनेको थिएँ – मेरो चुनावी क्षेत्रमा चुनावी सिलसिलामा प्रिय वा अप्रिय जे जस्तो घटना घटे पनि तुरुन्त जानकारी दिनुहोला । तर मलाई विश्वास थियो कि त्यस्तो कुनै घटना नघटेकोले उनीले पक्कै फोन गरेका छैनन् – म कुन अवस्थामा छु त्यो पनि त जानकारी हुन पऱ्यो उनलाई । वास्तवमा मैले जोशीको भनाइलाई स्वीकार गरेको थिएँ – यद्यपि उनको र हाम्रो कार्यपद्धति बेग्लै भए पनि ।

धेरै बेर मात्र होइन घण्टै बितेछ एयरपोर्टमा । किन यति ढिला भयो ? पाइलट कसलाई भेट्न गएछन् फर्केर आइपुगेनन् । एकजना पार्टी प्रतिनिधिले फ्याट्ट के भने भने – 'निवार्चन आयोगले घण्टाको हिसावले भाडामा लिएको छ – जुनसुकै कारण देखाएर पनि जति ढिला गऱ्यो त्यति फाइदा !' यो कुरा कति साँचो हो म भन्न सक्तिन तर ढिला हुनुपर्ने भन्दा बढी भयो, यो पक्कै हो । हेलिकप्टरको झ्यालबाट टुलुटुलु आफ्नो घरको छत हेरेर बस्नु भनेको झनै नमज्जा हुँदो रहेछ ।

को-पाइलटले हामीलाई भनेका थिए – अब हामी दुई ठाउँ स्टप गरेर मात्र सिन्धुली पुग्ने छौं । अर्थात् हामीले दुई ठाउँको मतपेटीका उठाउनु पर्नेछ – झाँगाझोली र महेन्द्र झाडी । उनीले हाम्रो अगाडि सिन्धुलीको नक्सामा स्केल लगाएर रेखा कोरेका थिए – अब हामी... डिग्री यतापट्टि जान्छौं र यहाँ यहाँ हुँदै यसरी घुमेर यो ठाउँमा पुग्नेछौं । अनि यो बाटो हुँदै हामी सिन्धुली पुग्नेछौं । हामीले एउटा गल्ती पहिले नै गऱ्यौं – हामी सिधै काभ्रे हुँदै काठमाडौं जानु पर्थ्यो र फर्कदा झाँगाझोली (रातामाटा) रामपुर हुँदै महेन्द्रझाडी आउनु पर्थ्यो । या त महेन्द्र झाडी, रामपुर, काभ्रे – काठमाडौं हुँदै झाँगाझोली भएर आउनु पर्थ्यो । मैले मनमनै भने – यी दुबै मध्ये जुनसुकै रुट अपनाएको भए पनि मैंले त यी सबै ठाउँको यात्रा वा दृश्यावलोकन गर्न पाउने थिइनँ नि !

घण्टा पछिका मिनेटहरू धेरै वित्न पाएनन्, पाइलट आए, को-पाइलटले दिएको नक्सा हेरे र हेलिकप्टर उडाए । हामी चोभारमाथि हुँदै दक्षीणकालीको बाटो लाग्यौं । उच्च पर्वत शिखरको माथिमाथि तर नजिक नजिक हुँदै जाँदा पर्वतचोटीहरूको बनोट अलि बढी अस्वाभाविक चुच्चो परेको देखिंदो रहेछ । पहाड, बेसी गर्ने बाटाहरू एकदमै ठाडा – कसरी मानिस हिंड्लान् जस्ता – आमादब्लम हिमालको सम्झना गराउने खालका । यसप्रकार उडिरहेको हेलिकप्टर पहाडको नजिक धेरै नजिक हुँदै गएर खोंचतिर लाग्यो र सुनकोसी किनारको रातो बन्जर भूमिको निकट हुँदै अलिपर झाँगाझोली (रातामाटा) मा ओर्लियो । पुरानो झाँगाझोलीको दुई मतदान केन्द्र र दुम्जाको दुई मतदान केन्द्रका मतपेटिकाहरूको सङ्कलन पनि त्यहीं गरिएको रहेछ । यसरी त्यहाँबाट ५ मतदान केन्द्रका ५ मतदान अधिकृत र १० वटा मतपेटिका उठाएर हेलिकप्टर उड्यो – महेन्द्रझाडीतर्फ । त्यहाँको एउटा मतदान केन्द्रबाट पनि मतपेटिका र अधिकृतलाई उठाउनु पर्ने थियो ।

मलाई आश्चर्य लागिरहेको थियो – यिनीहरूले कति सजिलोसँग भरिरहेका छन् हेलिकप्टर । त्यस हेलिकप्टर भित्र पाइलट सहित मानिस १५, ब्याग १२ र मतपेटिका १६ थिए । त्यस बाहेक २ वटा तेलका ड्रम पहिले देखिनै मौजुद थिए । एकजनाले भने – यसले ठूलो भार (२० टन ?) बोक्न सक्छ, यो त केही होइन ।

महेन्द्रझाडीबाट उडेपछि हेलिकप्टर सोझियो सिन्धुली माडीतर्फ । हेलिकप्टरले धेरै हाइट लिएको थिएन । किनकि हामी तलपट्टि चुरे पहाडका होंचा होंचा हेर्दै दिक्कलाग्दा जर्जर चोटीहरू र सुख्खा खहरे खोलाहरू थिए । त्यही चुरे रेन्जलाई नछोडिकन हेलिकप्टर सिन्धुली माडी बीचभाग भएर बगेको ग्वाङ्खोलाको बगरमा ओर्लियो ।

यसरी हेलिकप्टरको तीनघण्टे अभूतपूर्व यात्रा पूरा भएकोमा म खुसी त भएँ तर तेस्रो युद्ध अधुरो रहेकोमा भने पूर्ण सन्तुष्टि लिन सकिनँ ।

✧✧✧

समीक्षा

'अन्यथा' कथासङ्ग्रहमाथि सूक्ष्मदृष्टि

❑ डा.दामोदर ढकाल

वेद, पुराण, उपनिषद्, आरण्यक, रामायण, महाभारतका कथा, दन्त्य कथा, काल्पनिक कथा, तोतामैना, लैला मजनु, अकबर वीरबलका कथा, ऐतिहासिक, सामाजिक कथा हुँदै अघि बढेको कथा, लघुकथा, सूक्ष्मकथा र सूत्रकथासम्म आइपुगेको वर्तमान कथाधाराको छुट्टै विशेषता छ। नेपाली साहित्यका विविध विधामा कलम चलाउने कथाको फाँटमा आफ्नो स्थान बनाइसकेका साहित्यिक प्रतिभा युवा लेखक कथाकार कपिलदेव लामिछानेका दुई बालकथा सङ्ग्रहहरू (काले कुकुर र अक्षर), एउटा कथासङ्ग्रह (मरुभूमिका पोथ्राहरू) र 'पत्रकारिताको रूपरेखा' (सहलेखन) लगायत पाँचौ कृतिको रूपमा 'अन्यथा' जन्मिएको छ । लामो समयदेखि कथा क्षेत्रमा कलम चलाउने लेखकका कथाहरू मिमिरि, जनमत, जुही, यथार्थकुरा, दैनिक लुम्बिनी, मुक्ति सन्देश, आकार, अणु आदि विभिन्न साहित्यिक पत्रिकाहरूमा देखापर्दै आएका छन् र यस कथासङ्ग्रहमा सङ्कलित कथाहरू पनि उपर्युक्त पत्रिकाहरूमा प्रकाशित कथाहरू हुन् ।

कथा लेखन एउटा यात्रा हो र हो–साधना । कथामा सारै थोरै शब्द प्रयोग गरे पनि विषयवस्तुलाई पूर्णता दिनसक्नु कथाकारको विशेषता हो । त्यही विशेषता यस कथासङ्ग्रहमा झल्किएको छ । सूक्ष्मकथा, लघुकथासङ्ग्रहको रूपमा यो जनसमक्ष आएको छ । साथै यसमा नेपाली साहित्यकै उपज सूत्रकथाको सूत्रपात २०४१ सालमा 'सूत्रकथा सिद्धान्त र प्रयोग' शीर्षकमा मिमिरिमा प्रकाशित कथाबाट भएको हो भन्ने मान्यता रहेको छ । यस कथासङ्ग्रहका लेखकको पहिलो सूत्रकथा २०४१ सालमा नेयोजन पत्रिकामा टुक्रा टुक्री शीर्षकमा छापिएको थियो र अहिले यस कृतिमा पनि चुनाउ कुप्राहरूको देश, जिउँदो दुश्मन, नेता, हेडेक जस्ता कथाहरू सूत्रकथाका रूपमा आएका छन् ।

नेपाली पाठकवृन्दलाई कथारस पिलाउन ३९ वटा चोटिला कथाहरू समावेश गरेर अन्यथा कथासङ्ग्रह पाठक सामु आएको छ । नेपाली साहित्य भण्डारमा एउटा नयाँ उपहार लघु कथासङ्ग्रह थपिएको छ । समाज र राजनीतिका क्षेत्रमा देखा परेका आडम्बर र विकृति, भ्रष्टाचार र अत्याचार, शोषण र दमन, अन्याय र दम्भ, चाप्लुसी, फट्याइँ, धूर्त्याइँ आदि विसङ्गतिलाई साहित्यिक भाषामा उजागर गर्ने प्रयास यस कथासङ्ग्रहका माध्यमबाट गरिएको छ ।

विभिन्न पत्र-पत्रिकामा प्रकाशित एवं साहित्यिक गोष्ठीहरूमा वाचन गरिएका लघुकथाहरूको सँगालोको रूपमा यो कथासङ्ग्रह जनसमक्ष आएको छ । राजनीतिमा सामान्य कुराले पनि ठूलो असर पार्ने कुरा 'भेदनीति'मा देखाइएको छ । 'अभियान'मा सबै काम सबै व्यक्तिबाट सम्भव नहुने कुरा उल्लेख भएको छ । हाकिम रिझाउने समस्या र चाकडी प्रथालाई 'समास्या' कथामा व्यङ्ग्य गरिएको छ । जी.एम. जस्ता महत्त्वपूर्ण पदहरूमा राजनैतिक नियुक्ति दिंदा हुने समस्यालाई 'योग्यता' शीर्षकमा यथार्थ वर्णन भएको छ । 'झण्डा वाहक'मा नेताप्रति तीव्र व्यङ्ग्य गरिएको छ । 'स्यालको स्वर्गयात्रा'मा राजनीतिमा माथि पुगेका व्यक्तिलाई तलबाट खुट्टातान्ने प्रवृत्तिप्रति इङ्गित गरिएको छ । स्वार्थ र सङ्गठनहरू केवल झैझगडामा मात्रै सिमित हुन पुगेकोमा लेखकद्वारा चिन्ता व्यक्त गरिएको छ । आफैलाई परेपछि मात्र आफ्नो योग्यताको वास्तविकता थाहा पाउने शिक्षित समुदायप्रति व्यङ्ग्य कसिएको छ 'चिकित्सा' कथामा । 'भोटे कुकुर'मा मनोवैज्ञानिक पक्षलाई चित्रित गरिएको छ । समाज लहैलहैमा भुलेको छ भन्ने अभिव्यक्ति 'सभा सूर्ति र ताली'ले दिएको छ । अवसरवादीको यथार्थ चरित्रलाई 'ढाल'ले प्रष्ट पारेको छ । समाजमा अनेक प्रकारका ठग्ने प्रवृत्ति हुन्छन् भन्ने कुरा 'गोला प्रथा'मा व्यक्त भएको छ ।

आफू आदर्श बनेर मात्रै अरूलाई आदर्शका कुरा गर्नुपर्छ अन्यथा ढोंग मात्रै हुनेछ भन्ने यथार्थ 'फटाहा राजकुमार'मा देखाइएको छ। आधुनिक सभ्यताप्रति 'सभ्यता' कथाले धारिलो प्रहार गरेको छ। समझदारी भएमा मानसिक चिन्तनले असर नपार्ने कुरा 'समझदारी' कथामा अभिव्यञ्जित भएको छ। पुरानाको हुबहु अनुसरण गरेर नयाँ व्यक्तिको कार्य व्यापार नचल्ने तथ्य 'अनुसरणमा' आएको छ। 'चिन्ता' कथामा मनोवैज्ञानिक चिन्तनको चित्र खिंचिएको छ। 'भोक' कथामा ठूलावडाले गर्ने चोरीप्रति व्यङ्ग्य कसिएको छ। समयको महत्त्व बुझेका अमेरिकीहरू र विदेशीको महत्त्व बुझेका नेपालीहरूको चित्रण 'सांस्कृतिक आदान-प्रदान'मा गरिएको छ। 'ह्यालमेट'ले आजको जमाना भनेको आडम्बर र सानको हो भन्ने पुष्टि गरेको छ। एजेन्टले कसरी कुरा लिन्छन् भन्ने कुरा उक्त शीर्षकले नै प्रष्ट पारेको छ। समयावधिभरि कार्यालयमा नबस्ने हाकिमहरूलाई 'हाकिम सापको पङ्चुआलिटी'ले व्यङ्ग्य गरेको छ।

समाजका पापीले प्राकृतिक स्रोतलाई समेत पापी बनाइसकेको कुरा 'वाग्मती पाप र पापी'मा उल्लेख भएको छ। आवश्यकता भन्दा बढी दिइयो भने त्यो पाच्य नहुने यथार्थ 'माग्ने'मा प्रतिबिम्बित भएको छ। सर्प भन्दा मानिस विषाक्त भइसकेको तथ्य 'विषाक्त'ले दर्शाएको छ। कसैलाई उपकार गर्नु भनेको आफैले दुःख पाउनु हो भन्ने 'उपकृत अपकृत'मा देखाइएका छ। महाकाली सन्धि कसरी भयो भन्ने यथार्थलाई 'विकासको मुहान'मा व्यङ्ग्य गरिएको छ। 'माटो'मा भिन्न भिन्न व्यक्तिका आ-आफ्नै चाहना व्यक्त हुने कुराको उल्लेख पाइन्छ भने 'कम्युनिष्ट' शीर्षकमा जति योग्य भए पनि राजनैतिक प्राणीले अन्य पार्टीका व्यक्तिलाई योग्य ठान्दैनन् वा नियुक्ति दिंदैनन् भन्ने तथ्यलाई उजागर गरिएको छ।

'समाजवादी नेता'मा काँग्रेस पार्टी भित्र अनुशासनको कमी भएको यथार्थलाई वर्णन गरिएको छ। 'इस्यू' इस्यूको रूपमा रहेको छ। 'अनिर्णित' कथाले शिक्षक कर्मचारीहरूको वास्तविक पीडालाई व्यक्त गरेको छ। सांसद पदमा पुगेको व्यक्ति जनताको मित्र नहुने कुरा 'सांसद मित्र'मा देखाइएका छ। 'शब्द युद्ध'मा सबै मै ठूलो छु भन्ने घमण्डले भरिएका छन् भन्ने कुरा नाम, सर्वनाम विशेषण र क्रियालाई पात्र बनाएर व्यक्त गरिएको छ। 'चुनाउ'मा नेता बन्ने र नेताले गर्ने कामका बारेमा वर्णन गरिएको छ। 'कुप्राहरूको देश', 'जिउँदो दुस्मन', 'नेता', 'हेडेक' जस्ता कथाका शीर्षक भित्र स-साना उप शीर्षकहरूले भिन्न भिन्न अभिव्यक्तिलाई पुष्टि गरेको छ।

खारिएका माझिएका खाँटी र झर्रा शब्दले युक्त भाषा र भावनालाई सहज रूपमा यस कथासङ्ग्रहमा व्यक्त गरिएको छ। अधिकांश कथाहरू राजनीतिक रङ्गमा रङ्गिएका छन्। राजनीति नबुझ्नेका लागि कतिपय कथाहरूले मर्म बुझाउन नसक्लान्। राजनीति एवं समाजका जटिल पक्षलाई कथाकारले केलाउने प्रयास गरेका छन्। धेरैजसो कथाहरू युग सुहाउँदा छन्। समाजमा तथा राजनीतिमा देखा परेका विकृति र विसङ्गतिलाई मर्मस्पर्शी ढङ्गबाट हानु कथाकार लामिछानेको विशेषता बनेको छ 'अन्यथा'मा। राष्ट्र, प्रजातन्त्र र हाम्रा मान्यताहरूप्रति पनि लेखक चिन्तित छन्। समाजलाई सुन्दर, शोषण रहित, विकृति र पाखण्ड रहित बनाउने चाहना यस कथाको मुख्य आशय हो। समाजमा प्रतिदिन देखापर्ने विसङ्गतिप्रति तीखो प्रहार गरिएको छ। कतिपय कथाहरूमा विम्ब र प्रतीकको प्रयोग भएको छ।

मोदनाथ प्रश्रितको भूमिका र लेखकको मन्तव्य सहित ६२ पृष्ठमा कथा र १२ पृष्ठमा अन्य सामग्री रहेको यो कथासङ्ग्रह २०५४ सालमा प्रकाशित कृति हो। निश्चय नै सहृदय पाठकवृन्दलाई यसले प्रभावित पार्नेछ भन्ने कुरामा विश्वस्त छु।

कथा छोटा भएर पनि चोटिला छन्। रमेश पौड्यालको स्तरीय आवरण साजसज्जाले पनि घेरिन बाध्य बनाएको छ। समग्रमा लेखकको प्रयास अर्थपूर्ण भएको छ। कथासङ्ग्रह पठनीय र सङ्ग्रहणीय छ। नेपाली साहित्य भण्डारको श्रीवृद्धि गर्नमा यस कथासङ्ग्रहले निश्चयनै सहयोग पुऱ्याउने छ। समय नभएका तर साहित्यानुरागीहरूको लागि यो कृति अति नै उपयोगी हुने विश्वासका साथ लेखकबाट भविष्यमा अझ बढी चोटिला र उपयोगी कथाहरू निस्केलान् भन्ने आशा छ।

✧✧✧

कविताको सारी

⇨ शङ्कर्राज नहर्की "विवश"

ए साथी ।
मैले कविताको सारी लाएँ
तिमी पत्याउ या नपत्याउ
सारीको भुइँमा भएका बुट्टाहरू
रातो चाहिं लालीगुराँसको हो
पहेंलो चाहिं सयपत्रीको हो
कलेजी रङ्गका साना-साना बुट्टाहरू
मखमली र गुर्दौलीका हुन्
अलि मसीनो सेतो-सेतो रङ्गको चाहिं
पारीजातको फूल हो ।

हो साथी मैले
कविताको सारी लाएँ
कौयौ बुद्धिमान्हरूले
मेरै सारीको बारेमा सोंचे
ऋषिमुनिहरू पनि मेरै सारीमा तप गरे
लक्ष्मीप्रसाद र लेखनाथहरूले पनि
मेरै अपार सारीको कविता लेखे ।

माधवप्रसादहरूले पनि आज-भोलि
मेरै सारीको कविता लेख्दैछन्
मेरो सारीका मुजाहरू
हरियाली पहाडका तरेली
मुजा माथिका सारको
सर्वोच्च शिखर सगरमाथा
मुजा नपरेको भाग जति
तराईका समथर भू-भाग
छेउ-छेउका किरिङ मिरिङ डोराहरू
सीमाना मेरो देशको
न त कहिल्यै फुस्क्यो मेरो सारी
न त कहिल्यै लत्रियो ।

तिमी पत्याउ या नपत्याउ
सिङ्गो देश नै मेरो सारी हो
म युगौं-युगसम्म बाँच्ने छु
म कविताको सारी हुँ
म भन्नु नै सारी
सारी भन्नु नै कविता । – तनहुँ

श्री ५ महाराजाधिराज सरकारको ५६ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसुफको गाथमा सुस्वास्थ, समृद्धि तथा दीर्घायूको कामना गर्दछौं ।

ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति

प्रधान कार्यालय: पानी पोखरी, लाजिम्पाट, काठमाडौं
टेलिफोन : ४१०७६१, ४१४५५२९
फ्याक्स: ४१०७६१

यात्रा संस्मरण

आँखाभरिको धुलिखेल

❑ प्रा. शारदा अधिकारी (ढकाल)

'धुलिखेल' कस्तो अचम्मको नाम होला ! साँच्चै धुलै-धुलोको खेल्ने ठाउँ पो हो कि ? के होला हँ ? मेरो बालमनमा 'धुलिखेल' शब्दले यस्तै कौतुहल, जिज्ञासा जन्माउँथ्यो । भाषा साहित्यकै सम्बन्धमा दुई-चार शब्द बोल्ने पेशा रोजिने भविष्यको सङ्केत होला शायद १०-१२ वर्षको उमेरदेखि नै शब्दको रूप-रूप तथा वर्ण-वर्ण फोरेर घोत्लिरहने गर्थें । कहिलेकाहीं त एउटा शब्दको वर्ण-वर्ण छुट्याएर उच्चारण गर्दा र एकैचोटि उच्चारण गर्दा आउने अर्थ भिन्नताका विषयमा पनि मेरो बालमन निकै खेलिरहन्थ्यो । जाउलाखेल, धुलिखेल, चाल्नाखेल, चुनिखेल जस्ता शब्दले मेरो केट्यौली मन बेलाबेलामा तानिरहन्थ्यो ।

केटाकेटीदेखि नै परिचित शब्द भए तापनि धुलिखेल शब्दले सङ्केत गर्ने स्थल अर्थात् धुलिखेलको डाँडो चढ्ने रहर भने तीन दशकको जीवन काटिसक्दा पनि भेटिन सकेको थिएन । त्यो त कोदारी राजमार्गबाट ओहरदोहर गर्ने क्रममा भने धुलिखेलको डाँडो मेरो आँखामा विस्मय भर्दै उभिने गरेकै हो ।

जे गर्नलाई पनि आखीर समय आउनु नै पर्ने । समय आइसके पछि नबनेको मन पनि बनिहाल्ने र तारतम्य पनि ट्याक्कै मिल्ने । छपन्न सालको जेठ २१ गते बेलुकी रजनी काफ्ले बहिनी आइपुगिन् । कुराकानीकै सिलसिलामा उनले धुलिखेल घुम्नका लागि आमन्त्रण पनि पस्किन् । हुनत उनले मलाई पहिले पनि निम्त्याएकी नै हुन्, तर के नमिलेको के नमिलेको ? शायद समय नआइपुगेर नै होला ! यसपालि भने मिल्यो ।

यात्रा आखिर यात्रा हो, उपयुक्त साथी मिलेमा त्यो निकै सुखद हुन्छ । हुनत एक्लो यात्राको पनि स्वाद नमीठो हुने होइन, स्वाद लिन जान्ने हो भने त्यो पनि निकै स्वादिलो हुन्छ तर मन मिल्दा साथी भए भने यात्रा स्वादिलो मात्र हाइन सुगम पनि हुन्छ र त्यसको स्वाद लिन दिमागी कसरत गरिरहनु पर्दैन । दिमागमा यही कुरो खेलिरहेको थियो, सुस्मितासँगको सल्लाह स्मृतिमा ताजा भएर आयो । सुलोचना मानन्धरको घरमा भएको गुञ्जनको कार्यक्रममा सुस्मिता र मेरो बीच धुलिखेल(रजनीकहाँ) जाने सल्लाह भएको थियो । सुस्मितालाई फोन गरेर धुलिखेल जाने कुरो मात्र कोट्याएकी थिएँ उनी सहर्ष तयार भइन्, मञ्जुल दाइले पनि त्यसका लागि समय निकाल्ने हुनुभयो । सुयशा त जम्जमाइरहेकै थिई, सोही कार्यक्रममा शैलेन्दु र शान्ति पनि सरिक हुने भए ।

हाम्रो ६ सदस्यीय यात्रुदल जेठ २३ गते बिहान ग्रैने आठ बजे धुलिखेलको बश चढ्यो । भद्रकाली-सिंहदरबार-माइतीघर हुँदै, पूर्वपूर्व, दक्षिण-पूर्व हुँदै हाम्रो यात्रा धुलिखेलतिर फर्कियो । मञ्जुल दाइको अगुवाइमा हामी सामान्य यात्रु भएर बसमा गुडिरहेका थियौं । उहाँको गफमा फुक्दा-फुक्दा हामी बशभरि फैलिन पुग्यौं, अरू यात्रीहरू खुम्चिदै-खुम्चिदै हाम्रै टोलीमा समेटिन पुगे । विदेशीलाई नेपाली पढाउँदाका उहाँका भाषिक अनुभवहरूले चुट्किलाका रूप लिदै गए । हामी त्यसको रङ्गमा रङ्गिदा रङ्गिदा राताम्मे भएर धुलिखेलको बश-बिसौनीमै पुगेछौं ।

रजनीसँग त हामीले १२-१ बजेतिर आइपुग्छौं भनेका थियौं तर उनलाई जिल्याउँदै हामी सवा नौ बजे नै उनको कोठामा पुग्यौं । सम्बन्धको सक्कली रूप साँच्चै भावनात्मक सम्बन्ध नै त हो । यस सम्बन्धमा मनले सुगम बाटो पाउँछ कि क्या हो ! अनि त त्यहाँ औपचारिकताको गन्ध र आडम्बरको सज्जा हुँदैन । त्यसैले त्यहाँ आत्मीयताको रङ्ग अत्यन्त गाढा भइदिन्छ जहाँ रगतको त केही सीप नै लाग्दैन । गुरुहरूको साथमा आत्मीय सहेली र शोधनायक मञ्जुललाई भेटेपछि रजनी उषाकालमा नै फुरफुरिदै यता र उता गर्न थालिन् । हाम्रा आँखा र हात भान्छामा छामछाम र छुमछुम गर्दै पेटपूजाका साग्री खोज्न र तयार पार्नमा क्रियाशील हुनथाले ।

पेटको अल्पपूजा गरेपछि मञ्जुल दाइ, शैलेन्दु,

शान्ति र म गरी चारजनाको टोली पानी ट्याङ्की र देवस्थानको उकालोतिर लस्कियो । सुस्मिता र सुयशा रजनीसँगै लुट्पुटिए । मञ्जुलदाइसँगको पहाडी यात्रा-भएर नै होला । मलाई धुलिखेलको डाँडोतिर लाग्नासाथ 'सम्झनाका पाइला' का पहाडी दृश्यहरूले तानिरहे । 'सम्झनाका पाइला' का मञ्जुल र रामेशको यात्रालाई कल्पनामा चढाएर म उकालो उक्लिरहें । शान्ति खुइय-खुइय गर्दै पसिना पुछ्दै उक्लन थालिन्, मञ्जुल दाइ भने बुर्लुक-बुर्लुक बाख्राको पाठोको उफ्राइमा उकालो काट्दै माथि पुगेर 'ओ ढिलासुस्ती, ढिलासुस्ती' भन्दै हामीलाई होस्याउँदै हुनुहुन्थ्यो भने बाटामा भेटिएका अन्य बटुवाहरूसँग विविध विषयका जानकारी पनि आदानप्रदान गर्दै हुनुहुन्थ्यो ।

'दाइ नमस्कार' मञ्जुल दाइको नमस्कार सुनेर पानी ट्याङ्कीका चौकीदार दाइ कसलाई नमस्कार गरेको भनी एकछिन त अलमल्ल परे, आफ्नो वरपर अन्य नमस्कार पाउने मान्छे नदेखेपछि भने दङ्ग पर्दै प्रवेशद्वार खोली हामीलाई पानी ट्याङ्कीको पूरै अवलोकन गराए । आखिर बोली न हो वर्ग सापेक्ष रूपमा सम्मान गर्ने परम्परा भएको समाजमा वर्ग निरपेक्ष भई पाको उमेरको आधारमा गरिएको सम्मानयुक्त मञ्जुल दाइको बोलीले साँच्चै वातावरण पनि निकै रमाइलो पाऱ्यो ।

कविताका पंक्ति र यात्रानुभवका चुट्किला सुनाउँदै-सुनाउँदै दाइले हामीलाई पानी ट्याङ्की घुमाएर देवीस्थान पुऱ्याउनु भयो । डाँडाको टाकुरोमा अवस्थित देवीस्थान साँच्चै मनोरम स्थल नै रहेछ । डाँडाका फेदीमा एक आपसमा छेकिएर रहेका गाउँ टाकुराबाट हेर्दा त एउटा आँ ाले अर्को आँखा नदेखिए झैंको अवस्थामा पो रहेछन् । तेस्रो व्यक्तिले त देख्ने तर आ-आफूले भने एक-अर्कालाई नदेख्ने स्थितिमा धुलिखेली डाँडाको फेदीमा गाउँहरू त फैलिएर पो बसेका रहेछन्, म मात्र छु र म नै सर्वेसर्वा हुँ भन्ने भ्रममा सबै गाउँहरू गजक्क फुलेका, उनीहरूको फुलाइमा टाकुरो चाहिं खिस्याइलो हाँसो फालिरहेको ।

देवीको दर्शन गरी म र शान्ति एकछिन सुस्ताउन वस्यौं । फेदीका भिन्न-भिन्न गाउँलाई नियाल्दा मलाई भने हामीमाथिको सर्वोच्च सत्ताले पनि यसैगरी हामीलाई पनि नियालिरहेको होला भन्ने लाग्यो –त्यसैमा एकछिन रङ्गमङ्गित पुगें । मञ्जुल दाइ भने देवीस्थानमा ध्यानको मुद्रामा बसेको व्यक्तिलाई ध्यानको उपयुक्त तरिका सिकाउन थाल्नुभयो । थोरै समयमा पनि उहाँले आफ्नो यौगिक ज्ञानको प्रसार गरेरै छाड्नु भयो । धुलो, माटोको पर्वाह नगरी पद्मासन कसेर दाइले ध्यान त सिकाउनु नै भयो आफ्नो । सरलता र उदारताद्वारा हामीलाई पनि लफक्क भिजाउनु भयो । साहित्यकार साँच्चै कति सरल हुन्छ, कति निस्कपट हुन्छ तर ज्ञानी भएको नाउँमा, शिक्षित भएको नाउँमा र भलाद्मी बन्ने नाउँमा आजको मान्छे आफूले जानेको कुरो सिकाउन, आवश्यक परेको समयमा दुई चार शब्दको मलहम लगाएर सुम्सुम्याउन सक्तैन । म वास्तवमा भित्रभित्रै साँघुरिएँ, मनमनै कुँढिएँ अनि निकै चिडिएँ आम मान्छेको विश्लेषणमा ।

ध्यानको विषय त देवीस्थानदेखि नै कोट्टिएकै थियो । मेरो मन त्यसैलाई फुकाउनेतिर नै लहसियो अनि त त्यसको सुर्केनी फुकाउन एउटा प्रश्न पस्किदिएँ । त्यही प्रश्नको उत्तरका क्रममा त्यसलाई फुकाउँदा-फुकाउँदै विपश्यनाको महत्त्व गाउन थाल्नुभयो । मञ्जुल दाइ र आफ्नो वर्तमान चरित्र निर्माणमा विपश्यनाको महत्त्वपूर्ण योगदान रहेको कुरो उल्लेख गर्दै हामीलाई पनि त्यतितिर का लागि उत्प्रेरित गर्नथाल्नु भयो । मृत्यु – दाइको मृत्यु कविताको पृष्ठभूमि र विपश्यनाको महत्त्वमा डुल्दाडुल्दै त हामी रजनीको कोठामै आइ पुगेछौं ।

रजनीका सहयात्री समीर ढकाल भाइ पनि खाना खान आइपुगे । बिहानैदेखिको हाम्रो उपस्थितिले उनी पनि निकै दङ्ग परे । हाँसो र खुसीको सितनले भोकको मात्रालाई माथ गरेर खाना धकेलेछ अनि त हामी खाएपछि चल्न सक्ने स्थितिमै रहेनौं । देवीस्थानको उकाली र ओरालीपछि भेट्टिएको मीठो-मीठो परिकार त्यसमा पनि श्रद्धा र सद्भावको सजावट के नै चाहियो र ? भोक त थिलथिलो भएर नै पछ्यारियो । त्यसको सद्गतमा हामी निकै बेर नचलमलाई बसिरह्यौं ।

एक महिना अघिदेखिकै कार्यक्रम लालीगुराँस कवि गोष्ठीमा नपुगी नहुने भएकाले मञ्जुल दाइ काठमाडौंतिर लाग्नुभयो, सुस्मिताले पनि उहाँलाई नै पछ्याइन् । हामीचाहिं धुलिखेललाई एकछिन बढी नियाल्ने, सुम्सुम्याउने लोभमा त्यहीं बस्यौं ।

हरियो डाँडोको फेंदमा, शीतल जङ्गलको छेउमा अलिकति बस्ती साँच्चै कति राम्रो धुलिखेल । यता फर्क्यो

हरियाली, उता फर्क्यो हरियाली । हरियालीको काखमा मुसुक्क मुस्काएर सुतेको दूधे बालक झैं धुलिखेली बस्ती साँच्चै कति निर्मल, कति स्वच्छ ! अनि कति शान्त । धुलिखेली बस्ती मोटाएर चार खण्डै बढे पनि त्यसलाई पवित्रता र शीतलताले ओत्न सक्ने यहाँकी प्रकृतिको माया त छैंदैछ, फूलचोकी माताको कृपादृष्टि पनि प्रशस्त परेको धुलिखेललाई । फूलचोकी डाँडाको चीसो, मीठो जलराशी हाम्फाल्दै यहाँका मानिसलाई अमृत पिलाउन आइपुगेको छ । काठमाडौंमा झण्डै झण्डै काकाकूल बन्न बाध्य भएकालाई चीसो, स्वच्छ, कञ्चन मीठो जलराशी देख्दा त मरिसकेको आशक्ति पनि ब्युँझला र त्यसैमा अड्केला भन्ने डर पनि लाग्यो मलाई त ।

खाना खाएपछिको एक घण्टा जति आलस्यसँग युद्ध गरेपछि बल्ल विजय प्राप्त भयो । धुलिखेल नगरपालिकामा अवस्थित पार्क त घुम्न बाँकी नै थियो । त्यसैले त्यतातिर घुमेर काठमाडौं फर्कने योजना बनाई रजनीको अगुवाइमा निस्कियौं । हरियो डाँडाको काखमा हरियालीले नै ढाकेको पार्क साँच्चै रमाइलो नै रहेछ । पार्कका लागि आवश्यक स्थलहरूको निर्माण पनि चल्दैरहेछ । निर्माण पूरा भएपछि मनमोहक पार्क बन्ने सङ्केत निर्माणाधीन स्वरूपले पनि सङ्केत गरिरहे झैं थियो । त्यहाँबाट गौखुरेश्वर महादेवस्थान नजिकै पर्ने भएकाले हामी त्यतैतिर लाग्यौं । तामाको शिवमूर्ति तथा शिवलिङ्गले निजत्व कायम गरेको महादेव स्थान साँच्चै मनोरम रहेछ । तनहुँको छाब्दीबाराही क्षेत्रको झल्को दिने मन्दिर वरिपरिको वातावरणले हामीलाई काठमाडौंभन्दा निकै टाढा पो छु कि भन्ने आभास पनि दिलायो ।

मन्दिर तथा मन्दिरको वातावरणलाई मन तथा आँखामा लुकाएर धुलिखेलको कार्यालय तथा बजार क्षेत्रलाई ससर्ती नियाल्दै हामी बश बिसौनीतिर लाग्यौं । रजनी पनि छोरो डोऱ्याउँदै निकै वरसम्म आइन् । बशको सुविधा पनि प्रशस्तै रहेछ । बिसौनीमा आइपुग्नासाथ बश भेटियो । त्यसमा चढी पनि हाल्यौं तर शरीरले बश चढे पनि मन चाहिं धुलिखेलमै अड्किएछ कि क्या हो ? मेरो बालकल्पनामा अवस्थित धुलैधुलोको डल्लो धुलिखेल यथार्थ बनेर स्वच्छ, स्निग्ध रमणीय टाकुरोको रूपमा आँखाभरि बसिरह्यो ।

✧✧✧

कविता

भोक

⇨ रुद्र शर्मा 'दुःखी'

सिृष्टि भन्दा जेठो
सताइरहेछ भोक
ओछ्यानमा पनि
रछ्यानमा पनि
जन्मसँगै पासो बनेर
मृत्युशैय्या परुञ्जेल
अलिकति सासको आश रहुञ्जेल
पछि छाड्दैन भोक
कहिले सत्ताको भोक
कहिले लत्ताको भोक
भोकै–भोक चारैदिशा भोक
शोक बटुल्ने भोक
झोंक समेट्ने भोक
झरल्छ कतै बङ्गारा
जदौ हजुर !
समाउँछ कतै पाइताला
ठोकेर सलाम
करबद्ध नमस्कार !
कुर्सी सुरक्षा भोक
तीखा नङ्ग्राले चिथोर्छ
मात चढेपछि हिंस्रक पशु जस्तो
खाउँ–खाउँ गर्छ मलाई नै
कोपर्छ, दाह्रा कट्कट्याउँदै
बसाहा छाडेको साँढे जस्तो
खुँडा खुकुरी बोकेर
रेट्छ घाँटी, नालको गोलीले कतै छेंड्छ छाती
तैपनि मेटिन्न भोक
रगतको होली खेल्न पल्केको
बेरोक टोक कस्तो यो भोक !

- भैरहवा

कथा

आमा, जेलमा के हुन्छ !

❑ *खिमानन्द आचार्य*

मध्यरातलाई छिचल्दै, परगेल्दै आशाका रेखाहरू मुटुभरि साँचेर पाइला–पाइलामा परेका रापहरूलाई सहेर आशातीत विहानीको पर्खाइमा रातको शून्य प्रहरलाई चिर्दै, कान्ला-कान्लाका बीचमा लालटिनले छरेको धमिलो प्रकाशमा, बचेकुचेका अनुहार समेट्दै अघि बढेका स्वर्णिम प्रभातलाई दोषी साबित गर्न त्यो अमानवीय हातले दिएका यातनाले छेद-विच्छेद भएको छ त्यो यात्रीको आत्मकथा ।

धैर्यताको बाँध बाँधेर पहाड, वेसी र वगरहरूमा बचेकुचेका आस्थाका प्रतिबिम्बहरू उसको अनुहार हेरेर दुई थोपा आँशु थपक्क भुइँ खसाल्दा सानीले आशातीत बिहानीतर्फ नियाल्दै भनेकी थिइन् – भैगो त, के भयो ! तपाइं आफ्नो लक्ष्य पूरा गर्नुस् । म हाम्रो यो आस्थाको दीपशिखालाई जसरी भए पनि बाली रहनेछु । बरु यो कुरा नभुल्नु होला, चाँडै नै निराश हुनु भयो भने– त्यो रोग महामारी भएर फैलिनेछ । म त के यी भीरपाखा र पखेरा गर्ने पन्छीहरूले तपाईंलाई उपहास गरे भने र सुस्ताउनु भयो भने– यो छाती चिरिने छ । हाम्रा उज्याला दिनहरू भत्किएर हामीलाई सदासदाको लागि पुर्नेछ । हाम्रो गन्तव्य भेटिएन भने हाम्रो लक्ष्य हाम्रै दीपको हातमा सुम्पेर जाऊला । भैगो अहिले मायालाई बिर्सेर यात्रामा लाग्नुहोस्, म तपाईंको सुनौलो बिहानी कुरेर पर्खिरहेकी हुनेछु ।

यसरी विदा भएर गन्तव्यमा जुटिरहेको, वैचारिक आस्थाको लागि लडिरहेको, आफ्नै पसिनामा जिउने रहरमा अल्झीरहेछ, त्यो झिनो जिन्दगी । प्रत्येक पल आफूलाई खियाएर एक छाक अलिनो सिस्नोको खोलेसँगै तनमन र भावनाहरू उसको कलमकापीको सहाराले, त्यही पनि ऊ वाँचिरहेको छ– पीलपील गरेको मानव अस्तित्व बोकेर । खुला आकाश मुनि, मुटु खोसिएको मानव जस्तै भएर, तन भित्र बाल्दै आगोका ज्वालाहरू । मुटु भित्र साँचेर ऊ अझै लरखराई रहेको छ ।

हो चिन्ता लिनु हुँदैन । सबै फूलहरूमा फल लाग्दैन । जुन कुरा हामीले हाम्रो मुटुभित्र हुर्काएका छौं त्यो फक्रियो भने त्यो भन्दा ठूलो उपलब्धि के हुनसक्छ !

यस्तै आस्था र विश्वासको सगरमाथा बाकेर उसले आफ्नो लक्ष्य कोर्दै छ । आकाश नक्षत्र युद्धमा अभ्यस्त भइसकेको छ । सम्पन्नताको हुटहुटीले खनाएको विडम्बनाको सगरमा कथित मुन्टो नभएका अर्ध चेतनामा अल्झिएका यन्त्रमानवको कुनियतले उसलाई अझै बिथोल्न सकेको छैन ।

यदि म यात्रामा विचलित भए पनि उनी मलाई तिरस्कारको नेत्रले हेरेर भन्नेछिन् – मैले तपाईंसँग के मागेकी थिएँ र तपाईंले के दिनुभयो ! यही त एउटा अपच्य छ, भन्दा पत्याउन नसकिने । उनी मलाई यसरी भन्ने गर्थिन् – मानौं कुनै दार्शनिकले दर्शनको व्याख्या गरिरहेको छ । सायद उनले अलिअलि पढेकी भए एउटा सिङ्गो युगको व्याख्या गर्न सक्ने थिइन् ।

संसारमा सबै त्यागी हुँदैनन् । मलाई गर्ने माया तपाईं आफ्नो कर्तव्य र निष्ठालाई गर्नुहोस् । मलाई दिने अथक प्रयत्नको सेवा निरीह प्राणीको लागि दिनुस्, बाँकी आफ्नो कर्मभूमिमा लगाउनुस्, म तपाईंको कर्मलाई पूजा गरेर सिस्नोको खोलेमा अमृत पान गर्नेछु ।

अन्जुलीभरि सद्भावनाको आश्रय लिएर पराजित भएका अबोध अनाथहरूको भविष्य कोर्ने मनस्थिति बोकेर अमानवीयताको अभक्ष्यद्वारा बन्द गर्ने, जो अबोध अनाडी असक्तहरूको आतिथ्य स्वीकार गर्नसक्छ, त्यो नै मानवरूपी ईश्वर हो भनेर आमा भन्नुहुन्थ्यो । सानो भोकाए होला, सानीलाई ज्वरो आइरहन्थ्यो, आमा मुटु छामेर रोइरहनु भएको होला, आगोका ज्वालाहरू सडकमा लप्किएका छन्, कलममा मसी सुकेको छ । तर पनि ऊ आफूलाई स्थापित गर्न खोज्दैछ । कलमरूपी तरबार उठाएर जनताको आवाज लेख्ने कलमहरूको मन कुँडिएको छ, तैपनि कलिला मनहरू आफ्नो कर्तुत बोकेको मनको सोझोपन र विवशतालाई बुझ्न नसकी गोहीलाई सुम्सुमाई रहेछन् ।

अलि अघि चाहारो खोज्न गएका बा फर्केका छैनन् । आमा नुनिला आँशुका घुट्का पिउँदै फर्केको देखेर दीपु आमाको कम्खमा लुटपुटिन पुग्छ । आमा छोराले नदेख्ने गरी आँशु पुछ्दछिन् । आमा तपाईं किन रुनु भएको ? किन बा आउनु भएन भनेर ! तपाईंले बालाई भन्नु भएको होइन – म कहिल्यै कस्तै दुःख परे पनि रुने छैन भनेर ?

बा जेल पर्नुभयो रे !

आमा जेलमा के हुन्छ ?

अहिले बुझ्दैनस् पछि बुझ्छस् ।

किन आमा मैले बुझ्नु हुँदैन ?

त्यस्तैमा दीपु आकाशका तारा गन्न थाल्यो ।

दिउँसो तारा कहाँ जान्छन् आमा ! राती पनि उज्यालो भइदिएको भए ... । हामी टुकीको उज्यालोमा बस्नुपर्ने थिएन । शहरमा त कहिल्यै अँध्यारो हुन्न रे, होइन आमा ! हो, राजधानीमा सुस्ताउनेहरूले रातको अनुभव गर्नु पर्दैन । भै गो सुत अब ... बाहिर कोही आए जस्तो छ । को होलान् तिनीहरू ? किन रातरात हिंड्छन् ? अराष्ट्रिय रे । मुक्तिको लागि । कसको लागि ? अहँ ! केही पनि बुझिन । आफ्नो विचारभन्दा भिन्न विचार राख्ने सबै अराष्ट्रिय हुन्छन् र ? हैनहैन त्यो मेरो भनाइ हैन, यो त ... को भनाइ हो ।

हामी त उज्यालोको खोजिमा हिंडेका पुतली जस्तै । उज्यालोमा पुग्दा पखेटा डढेर खस्ने पुतली । हामी दुई प्राणीमा खासै भिन्नता... । के हाम्रा अस्तित्व–फगत शून्य । हो, शून्य सिवाए केही छैन ।

मलाई ज्यादै थकाइ लाग्यो । मत हिंड्नै नसक्ने भएँ । हेर, हिम्मत हार्नु हुँदैन । काँतर भएर रोएर मर्नु भन्दा हाँसीहाँसी मर्नु उत्तम हुन्छ । हामी उज्यालो पर्खाइमा युद्ध मैदानमा उत्रेका वीर योद्धा । त्यसैले चुप लाग, अहिले घर मालिकले थाहा पाए भने ... ! एकछिन सुस्ताएर उकालो लागौंला ।

आमा, आमा ! बाहिर को होला – खस्याङ्ग-खुसुङ्ग कुरा गरेको ?

होलान् कोही, बाका साथीहरू !

हैन– तिमीहरू सुत्दैनौ । के कुरा गरेर बसेको नि ? आमा, आमा ! यो रात नभएर उज्यालो दिन भएको भए कति जाति हुन्थ्यो होला ..... ।

✧✧✧

कविता

समयपथमा हिमनदी

⇨ नरेन्द्र घिमिरे

वर्षात्का निरन्तर आक्रमणहरूसँगै
जूनकिरीहरूको मलाम खेपिरहेछ हिमनदी !

हरेकपटकको घामको अपरिपक्वतासँगै
जूनकिरीहरूको चिहान मुस्काउने गर्छ–दोभानहरूमा

किनाराहरूमा साउनको क्रूरता कोक्याइरहेछ टापुहरूमा
जूनको सौम्यता निस्ताइरहेछ जङ्गबहादुरको काँध चढेर
आनन्दकुटीको उकालो उक्लिरहेछन् लङ्गडा छालहरू!

अँध्यारो सम्झौता विरुद्ध चट्टानहरूको निर्बन्धता तोड्नु
र, पाल्तु चोटहरूमा इच्छाका महाष्टमीहरू भुत्ल्याउनु
शिशिरको रात सुसेले जत्तिकै कष्टकर हुनेगर्छ
वेगवान् आत्माहरूलाई

मुर्छित इच्छाहरूमा थोरोड्यासको भरिया उदाउने गर्छ
तृषित कर्महरूमा साहाराको बटुवा सुस्ताउने गर्छ
काचा धूनहरूले बेरिएको जिजीविषा
सधैंसधैं- छालहरूबाट पराजित हुँदैजान्छ
बेगहरूबाट अपहरित हुँदैजान्छ

हिउँको सघनता
सन्त्रासको आकाश उजिल्याउँदै चिप्लिरहेछ
कोख छोडेर- कालरात्रीको विराट् यज्ञमा

शरद्का मुस्कानहरू होमेर
हिमनदीका छालहरू
समयले फुकेका निरो-धूनहरूसँगै ताल घन्काइरहेछन्
घिन्ताङ... घिन्ताङ... घिन्ताङ...घिन्ताङ...

✧✧✧

भाव-दिग्दर्शन

⇨ हरिहर प्रदीप घिमिरे

सुनाउँदै छ देशले पुकार सुस्त सुस्तरी,
अनीति भो भनी फँणा उठाउँदै छ वेसरी ।
दलीतवर्ग गर्व साथ पातपातमा पनि,
खडा छ एक साथ नाथ न्याय पाऊँ लौ भनी ॥१॥

गरी गरीब काम-माम-खानको समाधना,
निसाफ-साफ राखने कडा गरी सुशासन
सुधार आज देशको विलास-दास जीवनी,
उदार तार सौम्य-भद्र-मूर्ति मान नै बनी ॥२॥

समाजमा-झ-मा छ शोषकादिको वितण्डता
नचाई भूत नाशनेछ सूर यो अखण्डता ।
स्वयं लिएर बञ्चरो जरो उधीनने हुँदा,
कडा सुधारको छ आश नाथ राहुले छुँदा ॥३॥

विवाद वादका दवावको छ वादलीयता,
दलील दल्दली महाँ फँसेर के छ सारता ।
फिजाउनू छ वीर-बिन्दु स्वेत कीर्ति चाँदनी,
सिकाउनू छ विश्वलाइ मानवीय जीवनी ॥४॥

न सार वाफवाद यान दानवीय धारमा,
छ मार-मार काट-काट-काट कीट धारमा ।
अहो ! समस्त विश्व नै विलास दास भै गयो,
कराल कालका निमित्त एक गाँस नै रह्यो ॥५॥

बुझेर देश भेष काल कर्म मर्म वेसरी,
अखण्ड देशको न काट नाक आज यस्तरी ।
महान धीर देशभक्त वीरका सुपुत्र हो,
बनेर सावधान साथ देश थामनू छ यो ॥६॥

बुझाउ आज विश्वमा इमान मानका कुरा,
नृपेन्द्र चन्द्रचाँदनी चकोर तुल्य बाँकुरा ।
छ स्वर्ग क्यै भए यहीं न नर्क कल्पना गरौं
'प्रदीप' स्वाभिमानका निमित्त मर्न एक छौं ॥७॥

विकासको महान यज्ञमा दिएर आहुति,
शीरको र बुद्धि सम्पति समेत जे जति ।
मिली, नरेश-देश भक्ति शक्ति एक साथ ली
हिमाल मालको विकास झल्कियोस् झिलीमिली ॥८॥

श्री ५ महाराजाधिराज सरकारको ५६ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसुफको गाथमा सुस्वास्थ, समृद्धि तथा दीर्घायूको कामना गर्दछौं ।

मथुराप्रसाद मास्के

अध्यक्ष

श्री डिष्टिलरी प्रा.लि.

अरूणखोला, नवलपरासी

समीक्षा

तीन कृतिमाथि सूक्ष्म अवलोकन

❑ भागवत ढकाल

१."तिमी बहिरी छौ र आमा" भित्रको श्रवणपक्ष

नेपाली निबन्धको छोटो इतिहासभित्र विविधता खोज्नु गाह्रो कार्य हो, त्यसैमा पनि अनुसन्धानमूलक निबन्धात्मक रचनाहरूका सर्जक एउटै हातमा गन्न सकिन्छन् त्यसै परम्परामा आमाको बाहिरोपनलाई नजिकबाट बुझ्न चाहन्छन्- निबन्धकार श्रीकृष्ण गौतम । पूर्वीय एवम् पश्चिमी साहित्यका पारखी गौतमले आफ्नो लामो प्रशासनिक यात्रालाई शुष्क तुल्याएका छैनन्, हो उनी पेशाको बाध्यताले मेची महाकाली पुग्न विवश थिए तर उनी जहाँ गए, जहाँ बसे, त्यहाँको इतिहास, संस्कृति, परम्परा र वैशिष्ट्यलाई साहित्यमार्फत् सर्वसाधारणमा पस्किए, यही नै निबन्धकार गौतमको प्राप्ति हो । विभिन्न ऐतिहासिक ग्रन्थ र सामग्रीहरूलाई आधार बनाएर हामीलाई मात्र होइन हाम्रो जाति र परम्परालाई चिनाउने प्रयत्न 'खोजी कसले गर्ने' निबन्धमा उनले गरेका छन् भने 'देउता' शीर्षक निबन्धमा हाम्रो देशमा के कस्ता देवी देवताहरूले जन्म लिए, के कस्ता कर्म गरे एवम् स्थानको नामकरण के कस्ता आधारमा गरिएको हो त्यसको अनुसन्धान भएको छ । रिपुमल्ल राजाको पुर्ख्यौली केलाउँदै लुप्तप्राय: विभिन्न राजाहरूलाई चिनाउने कार्य उनको तेस्रो निबन्ध, 'होम गर्दा हात डढ्यो' कथा राजा रिपुरि मल्लकोमा गरिएको छ । यसैगरी 'जय असीग्राम जय घटाल' निबन्धमा सम्पूर्ण नेपाल उमा महेश्वरको वासस्थान भएको पुष्टि विविध ढङ्गले गरिएको छ । 'काठमाडौं उपत्यकाका आदिवासी को हुन् ?' शीर्षक भित्र काठमाडौं भित्रका जातजाति एवम् धर्म संस्कृतिका पुरातन अवशेषहरूलाई सहज ढङ्गले केलाइएको छ, पौराणिक ढङ्गले 'असुरहरू को हुन् ?' भन्दै तिनलाई चिनाउने निबन्धकार 'हामी र राजस्थान' भित्र समाज संस्कृति परम्परा जाति र सभ्यताका आधारमा त्यहाँ र यहाँलाई चिनाउन उद्यत छन् । 'अथातो यवन जिज्ञासा' यस कृतिको आठौं निबन्ध हो तर यहाँ मनुस्मृतिका माध्यमबाट मुसलमानलाई ऐतिहासिकतामा चिनाउने प्रयास गरिएको छ । 'प्रसङ्ग रङ्गको' भित्र नेपाली आँखाले दिन नसक्ने तथ्य वा माध्यमबाट राष्ट्रप्रेम अघिसारिएको छ । 'एक जटा, द्विजटा, त्रिजटा' छोटो रचना हो जसमा फिजाइएको, दुईतिर बाटिएको र राक्षसवत् तीनतिर बाटिएको केशलाई आजको युगीन परिवर्तित परिवेशमा व्याख्या गरिएको छ । 'नेपालमा हूण प्रभाव' शीर्षक निबन्धमा चिनियाँ राजनीति र हूण' को जीवनपद्धति र त्यसको नेपाली समाजमा परेको प्रभावलाई औंल्याइएको छ । 'कसलाई कसले हेप्यो ?' ऐतिहासिक र पौराणिक पृष्ठभूमिमा मानवतावादी बन्ने सन्देश बोकेर आएको छ भने 'नेपालमा राक्षस पूजा' भित्र राक्षसी प्रवृत्तिलाई चिनाइएको छ । 'आदि शङ्कराचार्यको शक्ति उपासना' भित्र शङ्कराचार्यको बनारस बसाइदेखि काठमाडौं आगमनसम्मका घटनाहरू संयोजित गरिएका छन् । 'तिमी बहिरी छौ र आमा' कृतिको शीर्ष निबन्ध हो । जसमा देवीभागवत पुराणका प्रसङ्गबाट आमा ताराको सर्वव्यापी स्वरूपलाई चिनाइएको छ । 'सीता-महाकाली'मा सरयू नदीलाई महाकाली स्वीकारेर जनकनन्दिनी सीताले अद्भूत रामायण अनुसार महाकालीको रूप लिएको प्रसङ्ग कोट्याइएको छ भने अन्तिम निबन्ध 'सिद्ध शक्तिपीठ श्री गुह्येश्वरी' अमोघ सिद्धि प्राप्तिको लागि यिनको पीठभन्दा अर्को ठूलो पीठ छैन भन्ने आध्यात्मिक आस्थामा जन्मिएको छ ।

जेहोस् निबन्ध नामकरण भए पनि यस भित्र इतिहास, पुराण र ज्ञानविज्ञानको संयोजन छ, आध्यात्मिक पृष्ठभूमियुक्त पूर्वीय ज्ञान विज्ञानको ज्ञाताले नै यो रचना बुझ्न सक्छ । ७७ पृष्ठभित्र १७ वटा निबन्धहरू रहेको प्रस्तुत कृतिले निबन्धकार गौतमको अध्ययन अनुसन्धान गर्ने गहिराइलाई सङ्केत गरेको छ ।

३. "त्रिकोण"प्रतिको एककोण

निकै आकर्षक बाह्य आवरणमा सजिएको त्रिकोण कवि फत्यबहादुर 'बटुवा' को जीवन जगत्को भोगाइजन्य अनुभूति, जागिरे जीवन, रोजीरोटीको पिरलो र साहित्यिक प्रतिभावीचको आन्तरिक त्रिकोण बनेर प्रस्तुत भएको छ। जीवनका विभिन्न अवसरमा विभिन्न प्रेरक प्रसङ्गहरूमार्फत् जन्मिएको प्रस्तुत काव्य बाह्य संरचनाका दृष्टिले पनि गीत, गद्य कविता र पद्य कविताको त्रिविध सम्बन्धबाट त्रिकोणात्मक बन्न पुगेको छ। संख्याको दृष्टिले गीत र पद्य कविता ९–९ वटाले स्थान पाएका छन् भने गद्य कविता तीनगुना बढी अर्थात् २७ वटाले स्थान पाएका छन्। त्यस कोणबाट पनि त्रिकोण टाढिएको छैन। त्यति मात्रै कहाँ हो र ! स्कूले जीवन, क्याम्पस जीवन, जागिरे जीवनबीचका रचनाहरूको संयोगले पनि यस कृतिको त्रिकोणात्मकता पुष्टि गर्दछन्। गीतिकाव्यकारका रूपमा बटुवा वैयक्तिक कमजोरीका कारण परिवार, समाज र देशलाई नकारात्मक प्रभाव परेको यथार्थ टिप्छन् भने गद्य कविताले उनी भित्रको चिन्तन, दर्शनलाई प्रस्तुत गरेको छ। राष्ट्रप्रेमले ओतप्रोत उनका भाव तरेलीहरू प्रकृतिसँगै मीतेरी गाँस्दै मानवतावादी बनेर गुनगुनाउँछन् समाजभित्रका विकृति र जटिलताबाट कवि वटुवा औधि प्रभावित छन् –

'यो रात बिहानीले छिपाउला' ..... भन्ने उनलाई डर छ। तेस्रो खण्डभित्रका पद्य रचनाहरूमा शार्दूल विक्रीडित र अनुष्टुप छन्द प्रयोग भएको छ भने त्यहाँ पनि उनी अतीत स्मरण, अग्रज साहित्यकारप्रति सम्मान, प्रकृति चित्रण र जीवनवादी दृष्टिबाट टाढिएका छैनन्। यसै पृथ्वीलाई स्वर्ग ठानेर उनी भन्छन् –

'स्वर्गै हो धरती हाम्रो अर्को स्वर्ग कहाँ छ र !

जेहोस् ९१ पृष्ठमा प्रह्लाद पोखरेलको गहकिलो भूमिका र आपनै कथाव्यथा सहित प्रस्तुत भएको यो काव्यले वटुवाभित्रको सर्जक व्यक्तित्वलाई प्रसस्त घचघच्याएको छ। आशा गरौं परिष्कार र परिमार्जनजन्य अन्य यस्तै त्रिकोणहरू अन्य जन्मिदै जाउन् यिनै शुभेच्छा साथ उनकै सन्देश – 'मान्छे गिर्दा कुमान्छे भै राक्षसै पनि बन्दछ' बाट उनको सिर्जनशक्ति टाढै रहोस्।

२. महाकाव्यात्मक प्रस्तुति "मेनुका"

प्राथमिक र माध्यमिककालीन आध्यात्मिक अनुवाद रूपान्तरणलाई महाकाव्य परम्परामा नलिने हो भने लक्ष्मीप्रसाद देवकोटा र उनको शाकुन्तल महाकाव्य नै नेपाली साहित्यको जेठो मौलिक महाकाव्य हो। यसै परम्पराको दशदिने प्रतिस्पर्धी सुलोचना पनि नारी विषयक काव्य नै हो। यसै नारीलाई केन्द्रीय चरित्र तुल्याएर महाकाव्य लेख्ने परम्परामा वर्तमान परिवेशमा देखापरेका छन् – भुवनहरि सिग्देल। सिग्देलको प्रशासनिक लामो अनुभव र पट्यारलाग्दा क्षणहरूलाई उनका 'आर्तनाद' 'खाते' 'कानी' जस्ता खण्डकाव्य र धरणीधर, मेनुका जस्ता महाकाव्यले गतिशील तुल्याएका छन्। १७ सर्गहरूमा विभिन्न शास्त्रीय छन्दलाई प्रयोग गरी आदर्शनारीको स्थापनाको प्रयासमा काव्यकार सफल बनेका छन्। शोषण र अन्यायको विरोध गर्दै आफूभित्र रहेको प्रगतिचेतलाई महाकाव्यमा प्रस्तुत गर्ने सिग्देल प्रकृति चित्रण, आध्यात्मिक आस्था, सांस्कृतिक जागरण एवम् ग्रामीण र शहरिया परिवेशको चित्रणमा सफल बनेका छन्। पश्चिम नेपाल हुँदै काठमाडौं प्रवेश गराइएको विषयवस्तुलाई नायक अजीतसिंह गति प्रदान गरेको छ भने मेनुकाको जीवनक्रमसँगै प्रकृति र उसको शारीरिक विकासको परिवर्तनलाई कलात्मकता दिइएको छ। तत्सम शब्दहरूको बाहुल्यले कतिपय पद्य कठिन प्रतीत भए पनि समग्रमा कृति निकै गहन गम्भीर बन्न पुगेको छ। सुनकोसी साहित्य प्रतिष्ठानको प्रकाशनमा प्रकाशित डिमाइ साइजको २०७ पृष्ठभित्र समेटिएको सामाजिक समन्वय र लैङ्गिक समानताको पक्षपाती प्रस्तुत काव्य एक विशिष्ट रचना बनेर पाठकमाझ स्थापित हुनेछ, तसर्थ यो पठनीय एवम् सङ्ग्रहणीय कृति नेपाली साहित्यको विशिष्ट प्राप्ति हो।

अस्तु।

उर्दू

गजल

⇨ कैलाशसिंह ठकुरी 'आँसु'

ये मत पूछ क्यों बेज़बाँ होगए हम
कुछ हालातके इम्तहाँ होगए हम ।

निज़ामे चमन डगमगाते जो देखा
तो ख़ुद नाज़िमे गुलसिताँ होगए हम ।

कभी मिस्ले ज़र्राथे खाके ज़मिपर
ज़ो चमकेतो फिर क़हक़शां होगए हम ।

जबाँ खोलने पर तमाशा बनेथे
हुए चूपतो एक दास्ताँ होगए हम ।

निशांतक हमारा नतुम पासकोगे
ज़ो गर्दे रहे कारबाँ होगए हम ।

टपक कर ए कहते हैं दामनमे 'आँसू'
शिकस्ता दिलों की ज़ुबाँ होगए हम ।

जन्मिन्छ जो जगतमा मृत्युको लागि आखिर
नाता कुटुम्ब वैभव पल क्षणको लागि आखिर
मानव शरीर लगायत नासिन्छ सृष्टि सारा
सार्थक छ आँसु केवल आत्मा अमर छ आखिर ।

-चुच्चेपाटी, चावहिल

कविता

जिन्दगी आखिर के !

⇨ सृजना शर्मा

कहिले एकान्तको सहारा लिनुपर्ने
कहिले मायाजालमा रमाउनुपर्ने
कहिले ओठमा मुस्कान ल्याउनुपर्ने
कहिले व्यथा र वेदनालाई स्वीकार्नुपर्ने
कहिले विरहको जन्जालमा छटपटिनुपर्ने
कहिले आफन्त विना तड्पिनुपर्ने
कहिले विछोडलाई सहजै सहनुपर्ने
अन्ततः आफै चितामा जल्नुपर्ने
शायद जिन्दगी मृत्युको पर्खाइ हो ।

- चावहिल, गौरीनगर

गजल

⇨ मित्रप्रसाद गौतम

शिशीरमा रूखबाट, झरे जस्तै पातहरू !
समाएर किन छाड्यौ, तिम्ले मेरा हातहरू !!

एक्लो हुँदा साथ दिई, आशावादी बनाइदियौं !
आज फेरि के भो किन, गर्न छाड्यौ वातहरू !!

तिमी बाहेक आफ्नो भन्नु, कोही छैन संसारमा !
बाँच्ने एउटा सहारा हौ, किन गर्छौ घातहरू !!

चौबाटोमा छाडि गयौ, वेवारीसे बनाएर !
अझै कति खानुपर्ने, जिन्दगीमा लातहरू !!

'उराठ' भयो जिन्दगी नै, कसो गरी जिउने होला ?
दिन यसै बितिदिन्छ, कठिन बित्न रातहरू !!

– अमरपुर, गुल्मी

हास्य–व्यङ्ग्य

लाटोकोसेरो पुराण

❑ नारायण 'गोदारे'

मेरा एक जना घनिष्ठ मित्र हुनुहुन्छ । वहाँ नभएर मलाई शून्य लाग्दछ । म नभए वहाँलाई शून्य लाग्दछ । हाम्रो सङ्गत भएको पनि झण्डै ३० वर्ष भयो । हाम्रो मित्रता कायमै छ । वहाँ पेशाले पत्रकार र प्राध्यापक हुनुहुन्छ । म भने साहित्यकार र राष्ट्र सेवक छु । ढिलै भए पनि सके दिनदिनै नसके हप्ता, नभए महिनामा एकपटक भेट्नै पर्छ । अनि मनका चूरो मर्नेगरी बितेका दिनका दिनचर्या र अन्य अनुभवका कुरा हामी दुईमा चल्नैपर्छ । यो चलिरहेकोमा अन्य साथीहरू हामी दुबैको ईर्ष्या पनि गर्ने गर्दछन् । अनि हामी दुबैलाई फुटाउन भाँजो हाल्ने काम पनि हुन्छ । तर एक नदी दुई किनार भएर आपसमा फोनवाट भए पनि ती कुराका आशय बुझी आत्मीयता जोरेकै हुन्छौं ।

यस्तो एक आसपमा हुँदाहुँदै पनि – कुनै सभा वा कार्यक्रममा सहभागी हुँदा भने हामी दुबैलाई ठूलै समस्या पर्ने गरेको छ । त्यो के हो भने मेरा साथीलाई आफूले भन्दा बढ्ता अन्य साथीले जनसम्पर्क गरेकोमा वा चीनजान भएकोमा भने वहाँ पटक्कै सहन सक्नुहुन्न । ए ! फलाना भनेर बाधा पुऱ्याउन कति पनि नहिच्किचाइकन अन्यत्र बकमफुसे काममा अल्झाउने वहाँको बानी छ ।

यस्तो मेरा जीवनमा धेरै पटक परिसकेको छ । म भने लाटोकोसेरो जस्तै एकथलोबाट टाउको घुमाएर नजर मार्छु । वहाँको आज आउने कुन साथी त्यस्ता मारमा पर्ने हुन् ।

मेरा आफन्तका ठूला विन्द्रालो भए पनि लाटोकोसेरो भएर यताउति निहालेकोमा सबै आश्चर्य प्रकट गर्दछन् तर मेरा साथी यो कुरो बुझ्नुहुन्न । प्रकाश, शिव, हरिवल्लभ, मञ्जूश्री, कैलाश, कृष्ण, प्रसाईं, गोपाल भए भरका साथीहरू यस कुरामा मसँग असन्तोष व्यक्त गर्दछन् । म चाहिं यस्ता धेरै साथीहरूको सङ्गत गरिसकेकोले मलाई केही फरक पर्दैन ।

एक दिन हामी सबै राष्ट्रिय सभागृहमा प्रजातन्त्र दिवसको उपलक्ष्यमा प्रवचन सुन्ने कार्यक्रममा निम्तो कार्ड आएकाले पुग्यौं । तर त्यो दिन म अरू नै माध्यमले गएको हुँदा सबैभन्दा पछाडि बसेर त्यो कार्यक्रम नजर गर्ने र सुन्ने मौका पाएको थिएँ ।

उनीसँग गएका मेरा अत्यन्तै मिलनसार मित्र परेछन् । उनी ज्यादै जनसम्पर्की भएकाले प्रमुख अतिथिदेखि त्यस सभामा उपस्थित धेरैसँग अभिवादन र भलाकुसारी भयो । यो देखेर मेरा मित्र पनि अत्यन्तै क्रोधित भए । उनलाई आफूभन्दा अग्रसर भएर कुरा गरेको, जान्ने सुन्ने भएको पटक्कै मन परेन ।

यो सबै लीला मलाई देख्न अत्यन्तै सजिलो थियो, कारण यस पटक म जयरामका साथ थिएँ । जयरामलाई पनि उनको पारा मन पर्दो रहेनछ । मलाई कोट्याएर साउती मारे । मैले पनि कान थापें–उनले इशारा गरेतिर लाटोकोसेरोले झैं पल्याक पुलुक हेरें । नबुझे नथापाए जस्तो गरें । उनले हाम्रो साथीको पारातातेको कुरा सुनाए । उनीसँग सङ्गत गर्ने सबै साथीहरूले प्रगति गरेर कहाँ पुगिसके । उनीचाहिं मलाई पछि पारेर सबै आपनै सहयोगबाट ठूला मान्छे हुन पुगेको कुरा हाँक्छन् । अनि आफूलाई वास्ता नगरेको दुःखेसो पोख्तछन् । मैले यी सबै कुरा सुने पछि ए । भनेर सही थापें । वरपरकाले पनि कुरा बुझेछन् । यस्तै बानीले आफू पछि परिन्छ भन्दै आपसमा खासखुश गर्दै रहे ।

म लाटोकोसेरो मोरो 'नजाने गाउँको बाटो नै नसोधे झैं' गरेर पचाएँ । दायाँ बायाँ र अगाडि सबैतिर आँखा लगाएँ । मेरा सेवासँग सम्बद्ध ठूला पदका साथीहरू हामी दुईलाई देखेर शिर निहुराए ! खोपिका मान्छेहरू यसका साथी रहेछन् भन्ने लागेर होला । त्यो मैले र मेरा साथीले प्रष्टै देख्यौं । लौ हेर्नुहोस् – ती भातेहरूले तपाईं मसँग

बसेको देखेर मुन्टो निहुँराए । भनेका बेला समयमै मान्छे चिन्दैनन् । जब पऱ्यो राती अनि बुढी ताती भा'छ यिनलाई । हुत्तिइन्छ भन्ने थाहा पाएका भए यिनले तपाईंका तलुवा चाट्थे । तपाईं उहिल्यै पदोन्नति भएर अगि बढ्न पाउनुहुन्थ्यो । यिनको पनि यो दशा हुँदैनथ्यो कसो ! भनेर मतिर फर्केर प्रश्न गरे । मैले नबुझेझैं गरी लाटोकोसेरो भएर पल्याक पुलुक हेर्दै तपाईं पनि... भन्न नभ्याउँदै साथीले म टुहुरो मेरो कोही छैन हजुर ! भन्नुस् न बरू, भन्नुहुन्थ्यो । त्यै भन्दा सबैले हेप्न थालेपछि पछि पर्नु भयो ।

नेताहरूले प्रजातन्त्र सम्बर्द्ध गर्ने बारे भाषण छाँटे हामी सबे श्रोताको ध्यान सुन्नतिर गयो । बल्ल म र जिनीतिक कुरा र इर्ष्याका कुराबाट छुटकारा पाएँ । लाटोकोसेरो भएर एकैथलोमा थुप्रिरहें... ।

तर हामी जस्ता उपस्थित धेरै लाटाकोसेराहरू त्यहाँ रहेछन् । सबैको समस्या उस्तै उस्तै नै हुँदो रहेछ । सुन्दर, गिरी, गुरुङ्ग पनि त्यस्तै कुरा गर्दै रहेछन् । मलाई देखेर सुन्दरजीले नमस्कार भन्नुभयो । अब मलाई पऱ्यो फसाद ! कतिलाई नमस्कार गर्ने । त्यहाँ बसेका मध्ये ५०% माननीयजन त्यसमा पनि जन सम्पर्क भएका सबै आफूप्रति स्नेह गर्छन् । त्यसै पनि मुख हँसिलो पारेर दुई हात जोडें । मुखबाट नमस्कारको आवाज नफुस्कोस् भनेर म मुख बाएर हाँसिरहें, देख्ने सबैले नमस्कार फर्काए । सबका सबलाई चिनाजान भएर देखिंदा उता मेरो हाकिमलाई समेत अप्ठचारो पर्ला भन्ने मलाई झन् ठूलो पीर । त्यसैले म कुनै पनि कार्यक्रममा जानु नपरे हुन्थ्यो झैं लाग्दछ ।

कहीं कहीं त नजिककै साथी र नातामा पर्दा भुतुक्कै हुने गरेको छु । यो कुरा थाहा पाएका साथीहरूले लेट्न दिएर हात समातेर लान्छन् । म मोरो लाटोकोसेरो न चाकडी गर्न आउँछ, न चाकडी गर्न मनै पर्छ ।

मलाई पनि प्रतिनिधि सभा, राष्ट्रिय सभा, कुटनैतिक नियोग वा कुनै प्रशासनिक अथवा संघ-संस्थाका उच्च पदमा पुऱ्याउँथे होलान् आफन्तहरूले । नेताकोमा जाने र नमस्कार गर्दै आफू चिनाउनेको धुइरो चलेको बेला त्यसमा पनि बहुदलीय व्यवस्था बहुलाएको बेला जो कोही पनि पजेरो चढेर श्रीमती जाहान छोरा छोरी लिएर दशैंमा गाउँघरतिर टीका थाप्न जान पाइने, यस्तो सजिलो समयको सदुपयोग गर्न नजान्नु म जस्तो बज्रस्वाँठको लागि अरू के हुन्छ ?

अस्तिभर्खर हाकिम साहेबको मोटरमा कोठा फर्कने बेला – ए भाइ ! यत्रो मान्छे भएका बेला मनोनयन नभए पनि भन्सार, माल वा उद्योग र परराष्ट्र सेवामा गए पनि पैसाले दुःख हुँदैनथ्यो' भने । मैले हजुर ! मेरो आफ्नो नजिकैको ठूलो मानिस र आफन्त भनेको नै हजुर त हो नि ! सकिन्छ भने कोशिस भए राम्रै हुन्थ्यो । मेरो उपकार पनि हुने हजुरको जय जय... कस्तो लाटोकोसेरो छ यो, जति भने पनि कानमा बतासै नलाग्ने भनेर मलाई गोपिकृष्ण हलका अगाडि पीचमा गाडी रोकेर ओराले । त्यस दिनबाट उनले आजसम्म गाडीमा राखेर मलाई कहिल्यै ल्याएनन् । साँच्चिकै मजस्तो मान्छे लाटोकोसेरो नभएर के हो त ? अन्धभक्त हुन नसक्दा कतिले दुःख पाएका होलान् । भन्नुस् मैले पजेरो चढ्न र मन्त्री हुन नसक्दा अहिलेसम्म ससुराल श्रीमतीसँग दशैंको टीको निधारमा टाँस्न जान पाएको छैन । यस्तो तपाईं पाठकलाई त परेको छैन होला हगि ? परेको भए तपाईं पनि यसै गरी लाटोकोसेरो पुराण लेखेर विचार आदान-प्रदान गर्नु होला । म लगायत अन्य पाठकले तपाईंका लेख पढेर नेपालीका जीवन चरित्रानुभव गरौंला, कि कसो !

श्री ५ महाराजाधिराज सरकारको ५६ औं
शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यमा
मौसुफको गाथमा सुस्वास्थ, समृद्धि तथा
दीर्घायूको कामना गर्दछौं ।

नगर विकास कोष
परिवार
नयाँ बानेश्वर, काठमाडौं

भेटघाट

साहित्यकार उज्ज्वल जी.सी.सँग एकछिन

☞ तपाइं कहिलेदेखि कसको प्रेरणाले साहित्यिक यात्रामा लाग्नुभयो ?

☜ मेरो साहित्यिक यात्रा कसैको प्रेरणाबाट थालनी भएको होइन । वि.सं. २०३२ सालमा एस.एल.सी. परीक्षा दिइसकेपछि साहित्यिक लेखन अभिप्सा अनायासै जन्मियो न भित्र । भनौं स्वस्फूर्त भावनाको प्रतीक हो मेरो साहित्य लेखन । त्यसपछि मैले फाटफुट रूपमा कविता, लघुकथा, मुक्तक आदि लेख्न थालें तर पत्रिकामा छपाउन पठाउने हिम्मत भने थिएन । यसै क्रममा समसामयिक समस्याहरू उजागर गर्ने हेतुले गो.प.मा सम्पादकलाई चिठी लेख्न थालें । आफूले लेखेको छापिन थालेपछि आत्मबल बढ्यो र लेख्ने क्रम पनि । औपचारिक रूपले भन्ने हो भने मेरो पहिलो साहित्य सिर्जना 'सत्य प्रेम' नामक लघुकथा हो, जुन २०३४ भाद्र ३ गते अर्पण साप्ताहिकमा प्रकाशित भएको थियो । त्यसबेलादेखि आजसम्म बिभिन्न परिस्थितिहरूसँग पैंठेजोरी खेल्दै साहित्यिक यात्रा जारी नै राखेको छु ।

☞ साहित्य कस्तो हुनु पर्छ र साहित्य लेखनलाई समाजले कुन दृष्टिले हेर्ने गर्छ / हेर्नु पर्छ ?

☜ मानवतालाई सही दीशाबोध गर्न सक्ने सामर्थ्य साहित्यमा हुनुपर्छ, अन्यथा साहित्य भनेको बालुवामा कछुवाले पारेको फूलजस्तो नबन्ला भन्न सकिदैन । सही साहित्यलाई समाजले सुदृष्टिले नै हेर्ने गरेको मैले महशुस गरेको छु र हेर्नु पनि पर्छ भन्ने मेरो मान्यता छ ।

☞ तपाइं केका निम्ति लेख्ने गर्नुहुन्छ ?

☜ लेखन मेरो सौख हो । म स्वान्त सुखायका लागि लेख्छु । त्यसो भन्दैमा राष्ट्र र जनताप्रति मेरो जिम्मेवारी छैन भनेको होइन । जब परिस्थितिहरू मेरो मनमा बिझ्छन्, त्यसबेला मलाई एक प्रकारको उकुसमुकुस हुन्छ । मानौ एक नारीलाई प्रसववेदना भएजस्तै । त्यस्तो बेदनाबाट उन्मुक्त हुन म लेख्छु । लेखिसकेपछि मानसिक शान्ति मिल्छ मलाई ।

☞ तपाई मूलतः गजलकारका रूपमा प्रसिद्ध हुनुहुन्छ । यस विधामा नै लाग्नुको कारण के हो ?

☜ नेपाली गजल साहित्यको प्रामाणिक इतिहास लेख्न बाँकी नै छ - वरिष्ठ समालोचकहरूबाट छन्दोबद्ध कविता पनि गजलको नामाकरणबाट विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका थिए । हिजोआज झन् तीब्र रूपले हुँदैछन् । गजलकारहरूको संख्यात्मक बृद्धिले गजलको गुणात्मकतामा ह्रास आइरहेको त छैन भन्ने प्रश्नले मलाई सधैं विझाउने गर्छ । त्यसैले गजल के हो ? सही गजल कुन हो ? गजलकारहरू को को हुन् ? भन्ने प्रश्नको सही उत्तर (प्रायोजित बाहेक) पनि अझै अन्धकारमै बन्धक बनेका छन् कि जस्तो लाग्छ । यस परिस्थितिले गर्दा गजल विधापट्टि म अलि बढी केन्द्रित भएको हुँ । यस बाहेक गीत, मुक्तक पनि मेरो मनपर्ने विधा हुन् ।

☞ दायित्व पत्रिकालाई स्तरीय बनाउन के सल्लाह दिनु हुन्छ ? र दायित्व पत्रिका मार्फत् नव-प्रतिभाहरूलाई के भन्न चाहनुहुन्छ ?

☜ मलाई लाग्छ दायित्व पत्रिकाको स्तरीयताको बारेमा शब्दोच्चारण गरिरहनु पर्लाजस्तो लाग्दैन । म त केवल नियमित प्रकाशित भइरहन सकोस् भन्ने कामना मात्र गर्न चाहन्छु । जहाँसम्म नवप्रतिभाको कुरा छ - नैतिक र इमान्दार भएर लेख्नुस् । अध्ययन र लेखनको सन्तुलन मिलाउने गर्नुस् । सानालाई माया र ठूलालाई आदर गर्न सिक्नुस् । धैर्यपूर्वक साहित्यिक यात्रा गर्दै जानुस् – सफलताको शिखर एकदिन अवश्य पुग्नु हुनेछ ।

प्रस्तुति- अरुणबाबु खत्री 'नदी'

समीक्षा

विभिन्न तीन कृतिमाथि विचरण गर्दा

❑ रामप्रसाद पन्त

"पुष्पाञ्जलि" – प्रतिक्रियामाथि प्रतिक्रिया

कुनैपनि लेख वा कृतिले कसैको मनमा नयाँछाप छोड्न सक्तैन अर्थात् मन स्पर्श गर्न सक्तैन भने त्यसको कुनै अर्थ रहँदैन । अर्कोकुरा लेख क्लिष्ट भइदियो र बुझ्न सकिएन भने पनि त्यस्तो साहित्यले लोकप्रियता कमाउन सक्तैन । कुनै कृति पढेर त्यसले मन छोएन भने त्यस कृतिको बारेमा लेख्न वा मूल्याङ्कन गर्न पनि सकिदैन, जुन रचनाप्रति आफ्नो ध्यानाकृष्ट भएको छैन त्यस कृतिको बारेमा जबरजस्ती लेख्छु वा बोल्छु भन्दा त्यो अस्वभाविक बन्न जान्छ ।

मैंले केही यस्ता कृतिहरूको बारेमा चर्चा गरेको छु तर ती कृतिहरूका लेखकले वा पत्रिकाका सम्पादकले अनुरोध गरेका छैनन् । म कुनै पारिश्रमिक खाने लेखक नभएकोले मन छुन नसक्ने कृतिमाथि कलम चलाउन्न, तर केही यस्ता मित्रहरू हुन्छन् – उनीहरूको मन मार्न नसकेर लेख्ने गरेको छु/लेखेको छु ।

केही समय अघि मेरो हातमा एउटा अत्यन्त महत्त्वपूर्ण कृति हात परेको थियो – उपहारको रूपमा । त्यस कृतिका बारेमा केही लेखुँ–लेखुँ लाग्दालाग्दै पनि लेख्न सकेको थिइनँ – समयाभावले । त्यो महत्त्वपूर्ण कृतिको नाम हो–'पुष्पाञ्जलि' र रचयिता–हेमराज ज्ञवाली ।

पत्रकारिता जगत्मा अत्यन्त ख्याति आर्जन गरिसकेका साहित्यिक व्यक्तित्वको कृति थियो – त्यो । मजस्तो एउटा झारेझुरे साहित्यिकारलाई उपहारको रूपमा कृति पठाउने ती विद्वान्को विनम्रता देखेर मेरो शिर झुक्यो र मनमनै गर्व पनि लाग्यो – यस कृतिलाई मैले समय निकालेर पढ्नुपर्छ । पढ्न त पढियो तर कति बुझियो कति बुझिएन ख्वै । त्यस कृतिमाथि दुई/चार शब्द कोर्ने धृष्टता गरें – म समालोचक होइन, यो मेरो निजी विचार हो । यसैले म प्रतिसमालोचना नहुने कुरामा ढुक्क छु ।

लेखकको यो कूल कृतिहरूमा पाँचौं र साहित्यिक कृति चौथो हो । यस अघि लेखकका – भन्सार प्रशासन एक विवेचना, योगवाशिष्ठसार, माण्डूक्योपनिषद्, पौरखी पुर्खा र मेरो जीवनीका पानाहरू प्रकाशित भएका छन् ।

प्रस्तुत कृतिको बारेमा लेखको भनाइ छ – 'पुष्पाञ्जली' कान्तिपुरमा प्रकाशित रचनाहरू मध्ये सङ्ग्रहणीय ठहऱ्याएका पचासवटा रचनाहरूको सङ्ग्रह हो । विषयगत रूपमा यी रचनाहरूलाई पाँचभागमा वर्गीकरण गर्न उपयुक्त ठानेको छु – (क) पुस्तक परिचय (ख) ग्रन्थ, ग्रन्थकार र विशिष्ट व्यक्तित्व परिचय (ग) संस्मरणात्मक लेखहरू (घ) संस्था परिचय (ङ) समसामयिक समस्या सम्बन्धी लेखहरू ।

पुस्तक परिचय अर्न्तगत विभिन्न विद्वान्हरूद्वारा अनुवाद गरिएका संस्कृत साहित्यका विख्यात ग्रन्थहरू कुमारसम्भव, मेघदूत, किरातार्जुनीय, अभिज्ञान शाकुन्तलम्, नचिकेतसम्, छान्दग्योपनिषद्, जनकदर्शन र भामिनी विलास आदिको टिप्पणी गरिएको छ भने नेपाली साहित्यका पत्रम् पुष्पम् (नेपाली अनुवाद), भौतिक सूत्र, पशुपति क्षेत्रको अभिलेख, संज्ञा-सर्वनाम र सम्झनाका गल्छेडाहरू, कालान्तर, नैनी, कानी जस्ता चर्चित ग्रन्थहरूको विषद् चर्चा गरिएको छ ।

संस्कृत साहित्यका विज्ञ एवं नेपाली साहित्यका मर्मज्ञ, धर्म र संस्कृतिप्रति आस्थावान्, संस्कृति साहित्यका गहन अध्येता समीक्षकले सरलशैली प्रयोग गरी गरिएको कृति समीक्षाले समीक्षकको विद्वत्ता स्पष्ट रूपमा उजागर भएको छ ।

यसैगरी ग्रन्थ, ग्रन्थकार र विशिष्ट व्यक्तित्व परिचयमा लेखकले परम् श्रद्धास्पद खप्तडबाबा, संस्कृति साहित्यमा कालीदास, नेपाली र संस्कृतका यशस्वी विद्वान्: मीनप्रसाद नेपाल, संवैधानिक राजतन्त्रका गरिमा: श्री ५

वीरेन्द्र, नेपालका वेदव्यास: कविरत्न कृष्णप्रसाद घिमिरे, नेपालका एक अवस्मरणीय प्रतिभा: डा. टीकाराम पन्थी, मातृका बाबुको सम्झना, पं. ठाकुरप्रसाद र वहाँकी गङ्गा, पुण्यप्रभादेवीको सम्झना, योगी नरहरिनाथको अभिनन्दन, नेपाली कविता र ध्वनि सिद्धान्त एवम् यसका प्रणेता, आत्मपुराणबाट भरतराज पन्तलाई हेर्दा, विद्वत् शिरोमणि हेमराज बारे एक विहङ्गम दृष्टि, मीमांसा पदार्थ विज्ञानम् र डा.काशीनाथ, 'व्यक्ति र विचार' एक चिन्तन, नयराज पन्त – नेपालका शुकरात: एक विहङ्गम दृष्टि, ब्रह्मसूत्र विविध भाष्य र यसका रचनाकार: पं. सोमनाथ घिमिरे 'व्यास', माइला गुरुज्यू, वहाँको चन्द्रिका व्याकरण तथा काश्यपसंहिता, मनुजबाबु मिश्र र वहाँको नयाँ कृति: अनुहारका पानाहरू आदि विषयहरू अगाडि सारेर तत्तत् ग्रन्थकार र विशिष्ट व्यक्तिहरूका गुण र विशिष्टताको सरल भाषा र शैलीमा व्याख्या गरी सर्वसाधारणमा ल्याएर लेखकले ती विशिष्ट व्यक्तिहरू र कृतिहरूको बारेमा जिज्ञासा राख्नेहरूलाई असल खुराक दिनुभएको छ ।

संस्मरणात्मक लेखहरू अन्तर्गत लेखकले आफू सरकारी सेवामा कार्यरत रहँदा र सेवा निवृत्त भएपछि गरिएका विभिन्न जिल्लाका पर्यटकीय एवं धार्मिक स्थलहरूको भ्रमण र धार्मिक सम्मलेनहरूको संस्मरणात्मक प्रसङ्ग औंल्याउनु भएको छ । यस अन्तर्गत सर्लाहीको सम्झना, सेती अञ्चलमा सवावर्ष, संस्कृति सम्मलेन: एक शब्द चित्र, देवघाटमा सत्ययुगको अवतरण, गाउँघरका घाम छायाँ: २०५५, अभूतपूर्व ज्ञान महायज्ञ र सुर्खेतको सम्झनाहरू रहेका छन् । उक्त स्थानहरूको चर्चाबाट पनि पाठकलाई नेपालका ती ती स्थानविशेषको बारेमा जान्न र अवलोकन गर्न प्रेरणा प्रदान गर्दछ ।

लेखकको वर्गीकरण वमोजिम संस्था परिचय अन्तर्गत देवघाटमा सन्यासाश्रम, महेश संस्कृत गुरुकुल, अद्वैत संस्था र यसका गतिविधिहरू, गीता-समुदय प्रकाशन, रिडको नेपाल लाइब्रेरी प्रोजेक्ट, भूपालमान सिंह प्रज्ञा परिषद्का प्रसंशनीय गतिविधिहरू र अनुव्रत परिचय आदि विषयहरूमा विशद् चर्चा गरिएको छ । नाम सुनेका र ती संस्थाहरूको नाम र महत्ताबारे स्पष्ट नबुझेका पाठकहरू यी संस्थाहरूको विस्तृत परिचय र संस्थाको औचित्य बारे सजिलोसँग बुझ्न सक्नेछन् ।

समसामयिक समस्या सम्बन्धि लेखहरूको खण्ड अन्तर्गत लेखकले पशुपति दर्शन र पूजाव्यवस्थामा तत्काल सुधारको खाचो, अनिवार्य संस्कृत किन ? र सुशासनका पूर्व शर्तहरू तीन विषयहरूलाई अगाडि सार्नुभएको छ । यी विषयहरूमा लेखकले प्रस्तुत गरेका तर्क र सुझावहरू अत्यन्त समसामयिक छन् । 'सुशासनका पूर्व शर्तहरू'मा त लेखकले यति मीठो ढङ्गबाट सुझाव प्रस्तुत गर्नुभएको छ कि त्यसलाई एक व्यक्ति एक सुझाव आयोग भने पनि फरक पर्दैन । यदि ती सुझावहरूको पूर्ण पालना गर्ने हो भने प्रशासकीय क्षेत्रमा कुनै प्रश्नचिन्ह लाग्न सक्तैन । यो एउटा विडम्बना नै भन्नुपर्दछ कि सरकारले यस्ता सक्षम, अनुभवी र तर्कशील प्रशासकलाई प्रशासनीक क्षेत्रबाट अलग्याएर नेपालको असल प्रशासनलाई दुर्बल बनाउने काम गरेकोछ ।

यद्यपि यस कृतिमा सङ्गृहित पचासवटै लेख वा टिप्पणीहरू कान्तिपुरमा प्रकाशित लेखहरू हुन् तथापि ती लेखहरू तत्कालीन घटनामा आधारीत लेखहरू नभएर साहित्यिक विषयवस्तुमा आधारीत सर्वकालिक समयसापेक्ष परिचयात्मक लेखहरू भएको हुँदा जिज्ञासु पाठकले पढेर जुनसुकै बेला पनि ज्ञानार्जन गर्न सक्नेछन् । यसरी कान्तिपुरमा छरिएका लेखहरूलाई सङ्कलित गरी संगालोको रूपमा प्रकाशित गरिदिएर सबै पक्षका पाठकहरूलाई अनुगृहित तुल्याइदिने लेखकलाई साधुवाद !

'तिमी हुनुको'-पीडा र अनुभूतिको उत्कर्ष

आनुनिक नेपाली साहित्य जगत्की सशक्त नारी हस्ताक्षर इन्दिरा प्रसाईको नवीनतम् कृति–'तिमी हुनुको' । एउटा यान्त्रिक वाहनमा बसिरहेको बेला परिवहन कुदिरहेकै बेला हातको औंठामा च्यापिएको थर्मराउँदो कलमले किताबमा लेखियो मेरो नाम र समर्पित गरियो मलाई त्यो किताव– स्वयम् कवियित्रीबाटै ।

कसैले कृति समर्पित गरिदिन्छ कसैलाई भने प्राप्त

गर्नेको कर्तव्य पनि हुन्छ – त्यसभित्रको गुण ग्रहण गर्ने र सकिन्छ भने अरूलाई पनि गराउने संक्षेपमा र भन्ने – यो कृति पढ्दा के फाइदा हुन्छ ? लेखकले पनि अन्तर्मना यो भावना राखेको हुन्छ कि मेरो कृति सुपात्रको हातमा पुगोस् र गुणग्राही बनोस्, अर्थात्– दातव्यमिति यद्दानम् ..... ।

मलाई हिजोआज पढ्ने समय कम भएको महसुस हुँदैछ, लेख्नुपर्ने केही आफ्नै बाध्यता छन् र लेख्छु तर लेखाइमा गहनतम विषय प्रवेश हुन पाउँदैन । त्यसैले लेखेकोमा सन्तुष्टि प्राप्तगर्न सक्तिन । यहाँनेर मैले पनि लेख्न खोजेर लेखाइमा सन्तुष्टि प्रविष्ट गराउन सकेको छैन । इन्दिरा प्रसाईं र उनका कृतिहरूका बारेमा यति भनेर मात्रै पुग्दैन ।

पहिलो कुरा इन्दिरा प्रसाईं जस्ती स्थापित लेखिकाको कृति र दोस्रो कुरा जहाँ ईश्वर वल्लभजस्ता सिद्धहस्त कविको हस्ताक्षर छ त्यस्तो कृतिमाथि मैले टिप्पणी गरें भने सूर्यलाई बत्ति देखाउने जस्तो हुँदैन र ? तैपनि मेरो निजी धारणा सम्झेर छोटकरीमा प्रस्तुत गर्न उपयुक्त ठानेको छु । मेरो यो टिप्पणी पढ्नुहुनेले पनि त्यसै अनुसार सम्झिदिनु पर्नेछ ।

विषेश गरी कथा र उपन्यास विधामा बहुचर्चित लेखिकाका कविताहरू पनि अत्यन्त मर्मस्पर्शी छन् । यस बाहेक उनी बेलाबखत निबन्धकार र गीतकारको रूपमा पनि प्रस्तुत भएकी छन् । तर अहिलेको विषय हो – कवितै कविताको सँगालो – 'तिमी हुनुको' ।

केही समय यता एउटै विषयमा धेरै कविता लेखेर कृति प्रकाशित गर्ने परिपाटी आएको छ । मञ्जुलको 'मृत्यु' कविता, पूर्ण शाक्यको 'पानी' कविता र सुष्मिता नेपालको 'ताल' कविता यस्तैयस्तै शैलीमा सिर्जित कविता हुन् ।

यस सङ्ग्रहमा पीडा र वेदनाका कविता छन् । मानिसको मुटुसम्म पुगेर छुन सक्ने सामर्थ्य प्रस्तुत कविताहरूमा छ । कविताहरू पहाडी छड्छड्मा होइन समतल फाँटमा सललल बगेका छन् । शब्दको छनोट, विम्बको प्रयोग यथोचित ढङ्गबाट भएको छ । पढ्दैजाँदा यस्तो लाग्छ – कवयित्रीले आफ्नो पारिवारिक एवम् साहित्यिक यात्राको क्रममा भोगेका वा अनुभव गरेका भावना र विचारहरूलाई बडो मार्मिकढङ्गबाट सतह छोएर प्रस्तुत गरेकी छन् । नारीले भोग्नु परेको पीडा र एउटी नारीले बचाउनु पर्ने अस्मिताको चुडान्त अनुभूति यी कविताहरूको माध्यमबाट भएको छ ।

कविताहरूको बगाइ एउटै छ, बगाइको क्रममा पानी कतै धार बन्न सक्छ, कतै छाल बन्न सक्छ, कतै किनार बन्न सक्छ, कतै अवरोधहरूमा टकराएर छिटाछिटा उछिट्टिन सक्छ । यहाँ देखिएको कविताहरूको बगाइ यस्तै यस्तै छ कतैकतै, तर पानी त आखिर पानी हो । समयानुसार रङ्ग र स्वरूप मात्र परिवर्तन भएको हो अर्थात् सूत्रात्मक स्वरूप एउटै हो 'तिमी हुनुको' ।

'उत्तरी ध्रुव प्रदेशको यात्रा'–प्राप्तिको प्रश्न

उत्तरी ध्रुवमा पाइला टेक्ने पहिलो नेपाली यात्री व। हो भन्दा हामीलाई एकछिन सोच्न बाध्य हुनपर्छ । र, त्यसको सही उत्तर निस्कन्छ निस्कँदैन थाहा छैन । या इतिहासमा अमुक विश्वकर्मा वा अन्य कुनै पहुँचवालाको नाम छापिएको पो छ कि के थाहा ? यसरी नै नेपाली साहित्यको फाँटमा नजर दौडाउँदा वासुदेव उपाध्याय ढकाल भन्ने नेपाली साहित्यकार छ कि छैन । सायद नेपाली साहित्यकार कोश वा लेखक कोश पल्टाउनु पर्ला र खोज्नु पर्ला ढकालको नाम र परिचय ।

तीनवटा साहित्यिक कृति तीनवटा धार्मिक एवम् आध्यात्मिक कृति र एउटा सामान्य ज्ञान लेखिसक्नु भएका ७३ वर्षीय ढकालले सरकारी सेवामा रहँदा २०२६ साल वैशाखमा फिलिपिन्सको यात्रा गर्ने क्रममा पृथ्वीको सुदुर उत्तर स्थित कर्कटरेखा पारगरी उत्तरी ध्रुवमा पहिलो पटक पाइला टेक्नु भएको थियो । त्यसैगरी २०३४ सालमा पृथ्वीको सुदूर उत्तर स्थित मकररेखा पार गरी अप्ट्रेलिया महादेशको भ्रमण गरी अघोषित विश्वयात्रीको रूपमा आफूलाई प्रस्तुत गर्नुभएको थियो । तर वहाँले प्रचारवाजी गर्नुभएन । प्रचारवाजी नगर्नेको अवस्था यस्तै हुन्छ, अरू कसैले कसैको चासो राख्दैन । ढकाल हुनुको यही नै प्रमाण हो ।

ढकालले आफ्नो जीवनयात्राको बारेमा भन्नुहुन्छ-

यो लेखन्ते यो दुनियाँमा एक्लै आयो

गीत

⇨ महादेव पन्थ

लट्टाइमा वेरी दिउँ कि चङ्गा तान्ने धागो
जति सम्झ्यो उती बढ्ने सम्झनाको हाँगो ।
मन चरी बनी उडी तिमीसँगै जान्छ
माया भर्ने डालीभरि कुन्नि के के लान्छ ।

तिम्रो पत्र पाएँ भने लाली गुराँस बन्थें
वास बस्थें परेलीमा मुहारमा फुल्थें ।
जता खिचें नजरले पिरतीको घेरा
त्यता कैले सार्ने होला जिन्दगीको डेरा ।

निम्ता पाए पूर्णिमाको चन्द्र बनी आउथें
शिरदेखि पाउसम्म एकैपल्ट चुम्थें ।
लालुपाते जीवनमा उषा झनै राम्रो
यति गाढा किन बस्यो माया प्रीति हाम्रो ।

– गुल्मी, वलेटक्सार–८

गजल

⇨ ऋषिराम डँगी

रहर थियो कहर पनि खानु मैले जागिर
रहर जति मेट्नै पर्छ जीवन यै'हो आखिर

छाक काटी गाँस काटी स्कुल पढिएथ्यो
भन्थे– लेखेपढे छोरो बुद्धिजीवी माहिर

खुल्या जति विज्ञापनमा अन्तर्वार्ता दिएँ
कसैले नि सुन्दिएन मेरो मनको जाहिर

वीर थिए हजुरबुबा, बहादुर थिए बाबु
तिन्को 'ऋषि' काम नपाई बस्याछ है कायर

– नेपालगञ्ज (बाँके)

गीत

⇨ रासा

मीठा-मीठा सबै कुरा तिमीलाई छोड्छु
एक्लै हिंड्न टाढा अब नाता जम्मै तोड्छु ।

कति बस्नु जञ्जालमा यताउता गरी
बरु जान्छु पारीपट्टि खोला यौटा तरी
दुःख जति च्यापिकन बाटो अन्तै मोड्छु
एक्लै हिंड्न टाढा अब नाता जम्मै तोड्छु ।

चाहिएन तिम्रो साथ एकलासै राम्रो
किन छोड्नु आँधीबीच यात्रा पनि हाम्रो
चर्किएको मन आज सान्त्वनाले जोड्छु
एक्लै हिंड्न टाढा अब नाता जम्मै तोड्छु ।

गजल

⇨ माया 'मितु' न्यौपाने

किन आफैबाट आफै खस्दैछौ तिमी
शत्रुको घरमा बास बस्दैछौ तिमी ।

भित्र भित्रै पीरहरूलाई लुकाएर
आफूले आफैलाई किन डस्दैछौ तिमी ।

बुझ्दै नबुझी अर्काको मनलाई
अन्जानमा अँध्यारोमा पस्दैछौ तिमी ।

खाडलको गहिराइ नाप्ने निहुँमा
निस्कनै नसक्ने गरी फँस्दैछौ तिमी ।

हाल : काठमाडौं

कथा

उ रित्तै फर्क्यो तीन खुट्टा टेकेर

❑ कृष्णबहादुर कुँवर

लुखुरे कान्छालाई केही दिन यता हर्षको लहर चलिरहेको छ। ऊ यसलाई जीवन्त दिन आफ्नो मानसपटलमा हतार-हतार ओहर दोहर गरिरहेको छ। बाटोमा पर्ने विभिन्न व्यवधानहरूले प्रत्येक पटक उसलाई गिज्याई रहेको हुन्छ। तीन पुस्ता अगाडि बनेको उसको काँचो इँटको थोत्रो घरको गाह्रोतिर आँखा लगाउँछ, जो माथिदेखि तलसम्म यसपालिको अविरल वर्षाद् पछि ओभाएको जमिन र आकाशको अगाडि डिच्च परेर हाँसिरहे झैं देखिन्छ। मानौं चर्किएको घरले भनिराखेको छ – आज लुखुरे कान्छाको लाहुरे छोरा यस घरको उत्तराधिकारि लाहुरबाट घर फर्किंदैछ। प्रशस्त धन कमाएर ल्याउँदै छ। उसले आफ्नो अस्तित्वको कायापलट गरिदिनेछ, किनभने वीरे पनि त त्यही घरमा जन्मिएको हो, त्यही आगनमा हुर्किएको हो। त्यो आशा राख्नु उसको बाबुलाई जति अधिकार छ त्यति नै अधिकार उसको घर–आँगन, उसको समाज, सेरोफेरो र वन-पाखालाई समेत छ।

'आज त निकै फच्याक-फुरुक छ नि, के हो वीरेकी आमा ! छोरो परदेशबाट आजै आउने भनेकी होइनौ अस्ति ?' डाँडाघरे रिफेल्नी बूढी सोध्छे। 'पराइको छोरा–नाती परदेशबाट घर फर्कंदा कत्रो रमझम, कति आसेपासे, कति भोज–भतेर गर्छन्। आफ्ना त छोरा आइपुगेको सुन्नासाथ साहु ऋण उठाउन आउलान्, ऋण तिर्न नसके उठिवासको धम्की देलान्, भत्किएको घर टालटुलतिर लाग्ने हो कि साहुको ऋण पो तिर्ने हो खोइ !' भन्दै वीरेकी आमा जिल्ल पर्छे। 'छोरालाई लागेको ऋण, पीर, दशा भनेको यस्तै हो, परीपरी आउँछ टरीटरी जान्छ। ऋण लागोस् बरु दिन नलागोस्' भन्दै रिफेल्नी तलतिर ओरालो लाग्छे।

'होइन एकाबिहानै पुर्पुरोमा हात राखेर पिंडीमा वस्नुभएको छ, के भयो तपाईंलाई ?' उसकी स्वास्नी मट्यांग्रीले भन्दा लुखुरे झल्यास्स हुन्छ। आफ्नो टाउकोबाट हात हटाउँदा त उसको एउटा औंला फाटेको टोपीमा पसिराखेको रहेछ, टोपी नै फ्यात्त भुइँमा खस्छ। टोपी टिपेर लगाउँछ र यसो स्वास्नीतिर हेर्छ। दुब्ली पातली मरन्च्याँसे, निदाउरी, चार–पाँच ठाउँमा टालेर पनि अझै टालटुल बाँकी रहेको चोलो र झुत्रो मैलो घरबुनाको स्वदेशी धोती लगाएकी आफ्नो धर्मपत्नीलाई क्वार्क्वार्ती एकतमासले हेर्न पुग्छ। आफ्नी स्वास्नीलाई हेरिसके पछि उ स्वयं आफूलाई हेर्न थाल्छ–दुब्लोपातलो शरीर, ठाउँ ठाउँमा फाटेको दौरा सुरुवाल, इस्टकोट–ऊ केही नबोली मुख धुन पनेरातिर ओर्लन्छ।

लामो तेर्सो गाउँ जाने बाटोबाट आइरहेको जिम्वाल धनपति बाजेसँग लुखुरेको जम्काभेट हुन्छ। डम्म परेको देख्दै खाइलाग्दो जुँगेमुठे जिम्वाल घोडा चढेर सयस समेत पछि लगाएर आइरहेको हुन्छ। लुखुरेलाई देखिहाल्छ, लुखुरे झस्कन्छ, 'पाउ लागें बाजे' लुखुरेले बाजेलाई ढोगी दिन्छ। 'ए ! लुखुरे अँ तेरो छोरा वीरे आउने भनेको आजै होइन ? खोइ आइपुगेन ? कति बेलातिर तँकहाँ मान्छे पठाउने ?' ठूलो स्वरमा बाजे कुर्लन्छ। 'पैला हजुरको ऋण नतिरी कहाँ हुन्छ र ? आउँदासाथ म आफै दौडिहाल्छु नि बाजे, हजुरलाई के दुःख !' लुखुरे भन्छ। सानैदेखि दुधकटुवा, बाबु आमाविहीन टुहुरो लुखुरे पातलो जिउको गान्टे थियो। घोडा चढेको लमतन्ने जिम्वाल बाजेलाई ढोग गर्दा उसलाई ठाडै आकाशतिर हेर्नुपर्थ्यो। 'यो अन्तिम पटकको चेतावनी हो तँलाई, मेरो साँवा-व्याज सहित ऋण तिर्न सकिनस् भने तेरो उठीबास पक्कै लाग्नेछ नि है !' जिम्वालको यो कडा शब्दले लुखुरेलाई उसको लाहुरे छोराको आगमनको मीठो सम्झनारूपी मिश्रीको मधुर स्वाद लिइरहेको बेला जमिन्दारले एक्कासी एक माना अमिलो चूक उसको मुखमा खनाई दिए झैं लाग्छ। स्वाभिमानी लुखुरे मनमनै मुर्मुरिन्छ तर यसपालि भने केही बोल्दैन।

उता वीरेले आफू लडाइँबाट फर्केदेखि घरमा कुनै खोज-खबर पठाएको थिएन। लडाई सकिएपछि आफू अपाङ्ग भई घर फर्कने तिथि तोकिएपछि मात्र फलानो दिन घर फर्कने भन्ने चिठी लेखेको थियो।

सुनौली बोर्डरमा गाडीबाट वैशाखीको सहाराले झरेपछि उसले एकपटक दक्षिणतर्फ फर्किएर हेऱ्यो । निन्याउरो मुखबाट लामो सुस्केरा छोड्यो । त्यसपछि आफ्नो जन्मभूमि नेपालतर्फ फर्कियो । आँखाभरि टलपलाउँदा आँसुका दाना तँछाड-मछाड गर्दै भुइँमा झर्न लागे । केही छिनपछि उसले आफ्नो तीनओटा खुट्टामा पालैपालो हेऱ्यो । ऊ एक खुट्टाको बदलामा अर्को थप दुई खुट्टा थपेर तीनखुट्टे भएको थियो ।

'आउनुस्-आउनुस् लाहुरे दाइ हामीकहाँ आउनुस्, हाम्रो होटेलमा चायनास्ता, खानापीना, सुत्नाबस्ना सबै राम्रो व्यवस्था छ' भन्दै लाहुरेको गुन्टा तानातान गर्दै मोटी थकाल्नीले गुन्टा च्यापी हाली । अर्कीले लाहुरेलाई डोऱ्याएर लगी । एकैछिनमा दुई-चार कुरापछि लाहुरे कत्तिको गठिलो रहेछ भन्ने मोटी थकाल्नीलाई जानकारी मिलिहाल्यो 'लाहुरे दाइ ! तपाईंलाई यहाँ कुनै कुराको फिकर हुने छैन । एकरात काट्ने त हो, खानपीन गर्न, सुत्न राम्रो व्यवस्था हुनुपर्छ त्यति न हो' भन्दै पल्लो कोठातिर लागी र एउटी २०/२२ वर्षकी केटीलाई भनी–'ए कान्छी जा जा लाहुरेलाई सुत्ने बस्ने कोठा देखाइदे, साढेआठ पनि बजी सकेछ, नास्ता नि लगिदे ।' मोटी थकाल्नीको आदेश पालना गर्दै कान्छीले लाहुरेलाई कोठा देखाइदिई । कान्छी निकै राम्री हँसिली-रसिली पोटिली देखिन्थी, तापनि मुख्य गहना भने बिग्रिसकेकी देखिन्थी । 'लाहुरेलाई के भन्छन् कुन्नि, घर पनि कहाँ होला ?' कान्छीले सोधी । 'अँ बहिनी (सुस्केरा हाल्दै) कास्की साराङ्कोटे थापा मगर हुँ, वीर बहादुर भन्छन् मलाई' वीरेले एकैस्वरमा भन्यो । कान्छी बाहिर निस्की ।

करिब नौ बजेतिर–'होइन यहाँ साराङ्कोटे वीरबहादुर थापा लाहुरबाट फर्किएर यहाँ कतै बास बसेका छन् कि ? कुन होटेलमा होला ?' केही मानिसहरूको आवाज बाहिर सुनियो । मोटी थकाल्नी भित्रबाट बोली, 'को रे हेर हेर कान्छी, कसलाई सोध्छन् ?' कान्छी सोधी टोपल्छे । 'कसलाई खोज्नु भा' को होला ?' 'ए साराङ्कोटे वीरबहादुर खोजिहिंडेको आगन्तुकहरूले भने । 'अँ यही हो' कान्छी कोठामा लगिदिन्छे । अधबैंसे उमेरका चारजना देखिन्छन् ।

वीरबहादुरसँगको भेटघाट पछि 'खोइ म त चिन्दिनँ नि तपाईंहरूलाई' वीरे भन्छ । आउने मध्ये एकले भन्छ– 'के चिनोस् त, तिमी हामी सानैमा परदेश लाग्यौं, यो बिचरो दुधे बालकै थियो, यसका बाबु आमाले हामीहरू परदेश लागेका काका भतिजाहरूको बारेमा भनेनन् होला ?' सबैले एकैस्वरमा भने– 'होला होला, त्यसै होला, हामी पनि गाँवै लाग्ने हो, भोलिसँगै जाउँला । हाम्रो पनि सुत्ने बस्ने ठाउँ तिं पर छ ।' गफगाफ गर्दागर्दै कान्छी आएर भन्छे –'खाना तयार छ, ल्याउने हो' ? आगन्तुक मध्ये एउटाले भन्छ -'हैन भैरहवाको यो गर्मीमा यति बेलै पनि कसैले खाना खान्छन् ! अहिले त नास्ता गर्ने बेला भा'छ ।' 'हो त नि' अर्कोले थप्छ । गफगाफ चल्दाचल्दै राती नौ बजिसकेछ । भित्रबाट थकाल्नी कराउँछे – 'के भा को ए कान्छी तँ ?' अलिअलि नास्ता लगी दे न अहिले कान्छी आज्ञा शिरोपर गरे झैं गर्दै चारजना आगन्तुक र लाहुरे समेतलाई गिलास, रक्सीको बोतल र खसीको भुटुवा लगिदिन्छे । वीरेले घरको सम्पूर्ण पीर दुःख, साहुको ऋण त्यहीं भरी गिलासभित्र निसास्सिदै घरी डुब्ने घरी देखिने गरी ज्यान बचाउनको लागि पौडी खेल्न खोजेजस्तो देख्छ । उसले ती भरिएका गिलासहरू भित्र रित्ता अस्तित्व बाहेक अरू केही देख्दैन । ऊ भन्छ –'बहिनी यो त मैले लिने गरेको छैन ।' 'यो दाइ पनि ! तपाईंलाई लिनोस् कसले भनेको छ र ! यो त यहाँको लोकल हो लोकल, चाखेर हेर्नोस् भनेको पो त, हरेक लाहुरेले चाखेर जान्छन्, अनुभव गर्नुपर्छ, लागिपर्नु हुँदैन भन्छन् कसो ?' कान्छीको भनाइमा हाँमा हाँ मिलाउँदै चारैजना भन्न थाल्छन् –'कस्तो सैनिक जवान भएर पनि नशा नलिने रे !' 'हो त नि' कान्छी पनि थप्छे । कान्छीको मोहनी मुस्कानको अगाडि वीरेको केही जोर चल्दैन । कान्छी गिलासमा रक्सी हाल्दै जान्छे, वीरे रित्याउँदै जान्छ, थप्दै जान्छे, रित्याउँदै जान्छ ... । उता साथीहरू भनाउँदा पनि थप्दै गरेको खाँदै गरेकोजस्तो देखिन्छन् । वीरेले पिउँदापिउँदै यति पिइसक्छ कि उसलाई अब केही थाहा हुँदैन, रक्सीको नशामै निदाउँछ ।

भोलि बिहान करिब सात बजेतिर ऊ जुरुक्क उठ्छ 'ओ हो अबेर पो भैसकेछ, क्या सुतिएछ ।' साहुनीलाई बोलाउँछ - 'लौ साहुनी दिदी हिसाब कति पो भयो, अब

बाटो पनि लाग्नुपर्‍यो ।' 'पहिले चाख्नु भएको त होटेलको खानासँग मिलाए भै हाल्छ, बाहिरबाट ल्याएको छुट्टै हिसाब गर्नुपर्ला ।' थकाल्नीले कान्छीलाई बोलाउँछे– 'कान्छी आइजा आइजा लाहुरेको हिसाब गर्दै ।' कान्छी आउँछे, टेबुलमाथि र टेबुलमुनि रहेका सबै भाँडा र रित्ता सिसीहरू गन्छे । त्यसपछि हिसाब देखाउँदै भन्छे रु. ५००/- भएछ । लाहुरे छक्क पर्छ – 'यत्रो मैले कसरी खान सक्छु र ? के कुरा गरेको बहिनीले ?' लाहुरे र साहुनीको भनाभन हुन्छ । एकजना दुईजना गर्दै मानिस जम्मा हुन थाल्छन् । लाहुरे पैसा तिर्न बाध्य हुन्छ । पैसा तिर्न खल्ती छामछुम गर्छ । पैसाको पर्स खोज्छ, फेला पार्न सक्तैन । लाहुरे एक्कासी चिच्याउँछ–गुहार ! गुहार !! एकछिन बर्बराउँछ । उसले विदेशमा जति आर्जन गरेको हुन्छ सबै लुटिएको थाहा पाउँछ । साहुको ऋणरूपी गोमन साँपले एकडङ्गा मार्छ, उ छटपटाउन थाल्छ । आफू घर छोडेर परदेश लाग्दा छोडेको थोत्रो घर, आमा-बाबुको निन्याउरो अनुहार, दश ठाउँमा टालेका तन ढाक्ने कपडाले त उ बेहोशै हुन्छ । त्यहाँ उपस्थित जनसमुहले उसलाई पानी छर्किएर होशमा ल्याउँछन् ।

मोटी थकाल्नी अगाडि सर्दै भन्छे –'होइन क्या हो लाहुरे नक्कल पार्छ कि ? लौ लाहुरे तिमीले मलाई डुबाउन त पाउँदैनौ, मेरो लागत त गुण्टा बासकबाट भए पनि उठाउनै पर्‍यो, खोइ कहाँ छ ?' खोजि टोपल्छे । गुण्टा बाकस समेत नभएपछि वीरे फेरि बेहोश हुन्छ । समुहले पुन: उसलाई बिउँझाउँछन् । 'लौ लाहुरे गुण्टा बाकस पनि तिम्रै साथीहरूले लगेछन्, मेरो असुली त केही न केहीबाट गर्नै पर्‍यो, फुकाल अब घडी' लाहुरेको घडी थुत्छे । हेर्नोस् साहुनी दिदी यो घडी पनि तपाईंले लिइदिनु भयो भने यो लङ्गडो घर के गरी पुग्ने । जनी गर्नोस्' भन्दै वीरे विनय गर्न थाल्छ । 'ल भैगो, मर्कै परेछ, यो घडीको दाम कति हो ?' साहुनी सोध्छे। 'कम्पनी रु.४००/- हो' वीरे भन्छ ।

'ए त्यसो भए यसको दाम अब रु. २००/- हाफमोल पाउँछौ' थकाल्नी भन्छे । 'लौ हुन्छ तिम्रै शरणमा परें' भन्दै पैसा थापी दुई सहायक खुट्टाको सहाराले कालोपत्रमा ट्वाक्क ट्वाक्क गर्दै वीरे पोखरा लाग्ने बस चढ्छ र साँझपख घर पुगेर आगनमा ठिङ्ग उभिन्छ । आगनमा तीनखुट्टे पुरुष उभिएको झ्यालबाट लुखुरेले देख्छ र तल ओर्लिन्छ, 'कसलाई खोजेको ?' उसले सोध्छ । 'म वीरे, तपाईंको वीरबहादुर !' लुखुरे झसङ्ग हुन्छ । दुबै बाबु-छोरा जिल्ल पर्छन् । एक आपसमा अँगालो मार्छन्, रुवाबासी गर्छन् । आमा मट्याङ्ग्री आउँछे । आफ्नो छोराको त्यो दशा देखेर एकमुठी चुक निलेको जस्तो भए पनि आखिर छोरासँगको मिलनले अर्कै रूप लिन्छ । तिनै जना हर्षका आँसु बगाउन थाल्छन् । एकछिन पछि तीन निरीह प्राणी साँकसुँक गर्दै घर भित्र पस्छन् । वीरे आफ्नो लाहुरदेखि घरको आगनमा आइपुग्दासम्मको सम्पूर्ण राम-कहानी, घरको आँगन आइपुग्दासम्मको सम्पूर्ण वृत्तान्त, घरबाट लाहुर जाँदाखेरि खल्ती भरेर गएको, आउँदाखेरी आफ्नो जवानी, स्फूर्ति, बल, तागतका अतिरिक्त एकगोडा समेत गुमाई रित्तो हात फर्किएको बेली विस्तार आमा-बाबुसँग लगाउँछ । त्यो रात ती प्राणी रुखा-सुखा खाएर सुत्छन् ।

भोलि बिहान सधैं झैं सूर्य उदाउँछ । वीरेले आफ्नो खस्किंदो जवानी, थोत्रो घर, साहुको ऋण, आमा बाबुको निदाउरो अनुहार हिजोभन्दा आज झरमराउँदो पाउँछ । 'स्वदेशमै बसेर आफ्नो मेहनत बढाएको भए यी समस्याहरू टर्ने नै थिए होलान्, कमाइ गर्ने मनसाय लिएर विदेश जाँदा आफ्नो यस्तो गति भयो' सम्झदै आफैलाई धिक्कार्दै बर्बराइ रहन्छ बर्बराइ रहन्छ वीरे ।

श्री ५ महाराजाधिराज सरकारको
दीर्घायू होस्
नेपाल बैंक लिमिटेड

स्व. विजय मल्लाम समर्पित -

मेरो मृत्यु

⇨ कार्तिकेय घिमिरे

गुराँसको धुकधुकीमा
मेरो मान्छे छ
ऊ फुल्छ फुलाउँछ
ऊ उठ्छ उठाउँछ
केसा केसा भित्र
मेरो मन बाँधिएको छ

जति सक्छौ काट, मार, उखेल
मान्छे उखेल्ने प्रयासमा
गुराँसको घरभित्र
मेरो घर छ

मेरो मृत्यु छ
असम्भव छ ।

– सर्लाही

- - -

मुक्तक

⇨ श्रीवाबु 'उदास'

चौतारीमा पिपलसँग बर अलि ढल्किएछ,
थाहै छैन तिम्रो दिलमा मेरो मन पो पल्किएछ ।

कति राम्रो अधर तिम्रो लाली अझै टल्किएको ,
लुकि-चोरी हेर्ने नयन तिमीतिरै सल्किएको ।

- दोलखा

गजळ

⇨ काशीराम 'विरस'

दुःख, सुख, पीर, व्यथा, पोख्ने मेरो ठाउँ छैन !
पसिनामै बगुँ भने आफ्नो भन्ने गाउँ छैन !

अचेलभरि मुटुभित्र किन दुख्छन् चोटहरू,
आफै छिया परेपछि निको हुने घाउ छैन !

छताछुल्ल पोखिए छन् सारा मेरा पीडाहरू,
मान्छेको यो बस्ती भित्र सान्त्वनाको बीउ छैन !

दुःख, सुख, पीर, व्यथा पोख्ने मेरो ठाँउ छैन !
पसिनामै बगुँ भने आफ्नो भन्ने गाउँ छैन ।

-भक्तपुर

- - -

गजळ

⇨ चहल सयपत्री

छुरा लिएर आउनु मलाई भेट्न आउँदा
हँसिया लिएर आउनु मलाई रेट्न आउँदा ।

पहिरोतिर फर्केर बसौंला त्यहीं डिलमा
सुटुक्क एक्लै आउनु मलाई धकेल्न आउँदा ।

मातेर बसेको हुन्छु नटेरौंला तिमीलाई
गावैं लिएर आउनु मलाई लखेट्न आउँदा ।

फोहोर सम्झी साबुनले मलाई धुन नखोज्नु
विषै लिएर आउनु मलाई मेट्न आउँदा ।

– काठमाडौं

- - -

कथा

कालेकी आमा

❑ छितिज पाण्डे

जाडोको याम सकेर गर्मीलाग्नु भन्दा अगाडि चैत्रको मुटु कमाउने चिसोमा 'बूढो गोरु बेचेर पाखी किन्नू' भन्थे– बूढापाकाहरूले तर कालेकी आमालाई त्यसको जरुरत नै परेन किनकि ऊ मरी । नमरेकी भए पनि कहाँबाट बूढो गोरु पाओस् र बेचोस् । राम्रो लाउन दिने त कुरै छोडौं एक छाक मीठो ख्वाउन पनि कहिल्यै सकेकी थिइन – उसले एक्लो छोरालाई । अरूलाई बढी भएर फालेका खानेकुरा टिपेर मीठो मानीमानी खान्थे –आमा छोरा । कहिले त ! कुकुरहरूसंग कुस्ति खेलेर नत्र हात पार्न मुस्किल थियो, नैपनि । कुकुरहरूसंग पैंठाजोरी खेल्न बूढी आमाका हातहरू सबल थिएनन् न त भर्खरै डण्डिबियो समाउन जानेका कलिला हातहरू नै । कलम उसले समाउनै जानेन, डण्डिबियो भए सबै औंला अनि पन्जाले समेत समाउन पाइने, कलमलाई जाबो तीन औंला मात्र च्यापेर चलाउनु पर्ने । गाह्रो चिजमा नमाउने प्रयत्नै गरेन – उसले । कलम चलाउन सिकाउने आफूसरहका साथी पनि त थिएनन् – उसका । भए पनि ठूला घरका अनि उसलाई टाइमपास भनी बोलाउँथे– उनीहरूका 'ठूला' बाबु आमाले जस्तो । आफ्नो नामको अर्थ नबुझे पनि अनि बुझ्नै नचाहे पनि बोलाए पछि हजुर भन्दै लुरु कुकुरले पुच्छर हल्लाए झैं लुरुक्क परेर फाल्न दिएको भात ल्याएर ख्वाउंथ्यो –केही दिन अगाडिसम्म आमालाई । अब त्यसको जरुरत परेन कालेलाई किनकि कालेकी आमा मरी ।

मान्छेपनि हिंड्डुल गर्न छोडे, झम्केसाँझ भैसकेको छ । पाटीको एकातिर भत्केको पर्खाल जसको कुनामा मरेकी आमासंगै काले बसिराखेको थियो । चैत्रको मुटु काम्ने जाडो भएपनि जुरुक्क उठेर बाहिर निस्कियो कसैले भात फालेका छन् कि भनेर । कतै भेटेन । आमा मरेपछि छाक छोड्नुपर्छ भनेर हो कि ! विधाताले उसलाई यो छाक लेख्न बिर्सेछ । नत्र फालेकै भएपनि फेलापार्थ्यो उसले सधैं, आज त्यो पनि पाएन । फेरि आएर उही पाटीमा रुन थाल्यो । कहिल्यै नरुने काले रोएको आवाजले वरिपरि बस्ने अरू खातेहरू, जो च्याप्तिएको बोरा तानातान गरेर निदाउन खोज्दै थिए, निदाउनै पाएनन् । काले भए ठाउँ आएपछि उनीहरूलाई कुरा बुझ्न गाह्रो भएन, किनकि सधै कालेलाई च्यापेर सुत्ने उसकी आमालाई आज कालेले च्यापेर रोइरहेको थियो । सबैले कालेलाई सम्झाए बुझाए अनि लाशलाई बाँधछाद गरेर अलिठूलाले तीन/चार जना भएर अनि सानाले भएजति सबै मिली आलोपालो बोकेर घाट पुऱ्याए । लाश पोल्नलाई दाउरा लिन गएका साथीहरू खाली हात फर्किए । बिचराहरूलाई के थाह ? त्यहाँ पनि कति पो हो गैंडा, भेडा चिन्ह भएका धेरैबटा नोट दिनुपर्छ भनेर । किन त्यस्तो भएको होला कालेले केही बुझेन । कालेले धनेलाई संगै बल्दै गरेको अर्को लाश देखाउँदै सोध्यो, तिनीहरूले कहाँबाट ल्याए त ? 'त्यो त ठूलो मान्छेको पो त' धनेको जवाफले काले अन्योलमा पऱ्यो । के उसकी आमा सानी थिई त ? कालेले फेरि बुझेन । त्यसपछि हर्के खोलामा झ्वाम्म हामफाल्यो अनि एक एक गर्दै बाँकी सबै । पहिल्यै आधा डढिसकेका काला ठूटा एक एक गरी जम्मा गर्दै चाङ्ग बनाए अनि राखिदिए – साढे उन्नाइस बिर्सोलीको कालेकी आमाको लाशलाई । परास पनि अर्कोलाई बढी भएको ल्याए । आमोपनि अर्को लाशलाई सल्काएको ठाउँबाट एउटा चिर्पट ल्याए । त्यो पनि आफैले कहाँ झिक्न पायो र ? लुतो फ्याँकेको जस्तो पर फालिदिए, त्यही टिपेर ल्यायो कालेले । अनि के चाहियो र ? ठोसिदियो कालेले– सधैं छोरा भन्दै म्वाँइ खाने उसकी आमाको मुखमा ।

चिसो दाउरा फुक्दा फुक्दा बल्न दन्कन थाल्यो ।

कहिल्यै लाश जलाएको भए पो थाहा हुन्थ्यो । कालेलाई बाहेक अरूलाई आमा को होली ? भन्ने सम्म थाहा थिएन अरू आफन्तका त कुरै छाडौं । अनि को मरोस् र जलाएर अनुभव बटुल्न पाउन्– विचराहरूले । मकै पोलेको सम्झेर पोल्न थाले– कालेकी आमालाई । आगोको रापले मांशपेशी खुम्चिएर कहिले लाशको हात त कहिले खुट्टा ठाडो पर्थ्यो अनि सबै भाग्थे भूत भूत भन्दै, फेरि आउँथे– भूत उठेर खेद्न नआएपछि ।

आधा जिउ ढाक्ने सिलाइ भएका लुगा भन्ने कहिल्यै नदेखेका कालेको जीउलाई त्यही लुगा पनि भाग्यमा कहाँ लेखिएको थियो र ? लाउन पाउनु । उसका साथीहरूले अघि नै च्यातेर फालिदिइसकेका थिए – त्यो पनि । जाडोले थरथर कामेको कालेले दन्केको आगो देखेर मनै थाम्न सकेन उसले आफ्नो हात, खुट्टा लगाएर चिसा अङ्ग सेकायो अनि आङ्ग मर्काउदै पल्लो 'ठूलो' मान्छेको लाश बलेको तिर हेर्दै थियो । सोही बाटो जाँदै गरेको 'ठूलो' मान्छेको आफन्त होलान् तिनी किनकि त्यसै हुलमा गएर मिसिएका थिए – सुनाउँदै गए आगो ताप्दै गरेको कालेलाई । 'घर जलाएपछि खरानीको के दुःख' कालेले के बुझोस्– त्यस्तो उपल्लोस्तरको कुरा । तैपनि कालेले अझै टोलाएर हेरिरह्यो– मसानघाटमै, दुबैका लाश (कालेकी आमाको अनि ठूलो मान्छेको) खरानी पखाल्न त्यही खोलाबाट पानी हाली हाली पखाली रहेका थिए– कालेकी आमातर्फ उसका साथीले अनि ठूलाका तर्फबाट भाडाका पण्डितले ।

यतिका कुरा (बढी भएर फालेको भात खाने कालेकी आमा, खाजेको दाउरा अनि भागेको आगोले पोलिएकी कालेकी आमा, ठूली भएर पनि सानी बनाइएकी कालेकी आमा) नबुझेको कालेले एउटै मात्र कुरा बुझ्यो जुन उसकी आमाले खान नपाएर मर्ने बेलामा भनेकी थिई -पैसाले सबथोक किन्न सकिए पनि सबैथोक किन्न सकिन्न' किनकि खोलाको पानी कालेकी आमाको खरानी पखालेतिरबाट 'ठूलो मान्छे'को खरानीतर्फ बग्दै थियो त्यही पानी उवाउँदै पखाल्दै थिए – ठूला मान्छेको खरानीलाई ती भाडाका पण्डितले ।

सामाखुसी,

कविता

जादूगर

⇨ यदु पन्थ

जादूगर !
एउटा मान्छे
अद्भूत मान्छे
सामान्य तर भयङ्कर
राम्रो तर डरलाग्दो
हो, यो मान्छे
सामान्यलाई असामान्य
र असम्भवलाई सम्भव
बनाउन सक्ने,
छिमेकी प्रशिक्षण केन्द्रबाट
तालिम प्राप्त
ऊ एउटा जादूगर ।

दूधलाई कालो बनाएर
चूकलाई सेतो बनाएर
उज्यालोलाई अँध्यारो बनाएर
अरूलाई हो भनाउन सक्छ
एक पटकको आँखा झिम्क्याइले
अरूलाई उठाउन सक्छ
अरूलाई बसाउन सक्छ
वा उठबस गराउन सक्छ
अनि, हामीले स्याबासी दिन्छौं
र समर्पणमा ताली बजाउँछौं
पैसा बर्षाउँछौं ।

शरीरमा छुरी रोपेर
मुटु कलेजाहरू झिक्नु
वा सिधै उभ्याएर छुरी हान्नु
प्रकृति फरक भए पनि
उसको उद्देश्य यौटै हुन्छ ।
उसकै कृपाले
खोला तर्न नसक्नेले पनि
वैतरणी पार गर्छ ।

वगरमा फर्याँकिएको ढुङ्गा पनि
पूजनीय देउता बन्छ ।
जादू न हो !
पित्तलको टुक्रा पनि
क्षणभर मै सुन बन्छ ।
नदी किनारको वालुवा पनि
आयोडिनयुक्त नून बन्छ ।
शहरको कर्कश स्वर पनि
उत्कृष्ट सङ्गीतको धून बन्छ ।
अथवा उसको कल्पना मात्र पनि
क्षणभरमै साकार हुन्छ

यो, यो जादूगर
उस्तै छ
हिजो जस्तै छ,
अलिकति पोशाकमा भिन्नता छ ।
अलिकति बोलाइमा भिन्नता छ ।
तर व्यवहारमा उस्तै छ
हिजो जस्तै छ,
अस्ति जस्तै छ
जसले धेरैलाई माथि पुऱ्याएको छ ।
धेरैलाई तल खसाएको छ ।
धेरैलाई कुर्चीमा बसाएको छ ।
धेरैको मुटुमा छुरी धसाएको छ ।
र सधै दया मायाँको र सहानुभूतिको
गोहीका आँसु पनि खसाएको छ ।
हो यो उही जादूगर
सामान्य तर भयङ्कर
राम्रो तर डरलाग्दो
अस्ति आएको,
हिजो खाएको
उही जादूगर । -रामापुर, रुपन्देही